# कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ मा संशोधन सम्बन्धी विवरण

१. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (मूल विनियमावली स्वीकृत तथा लागु मिति २०६३/३/८)
२. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (प्रथम संशोधन,२०६३) स्वीकृत तथा लागु मिति २०६३/८/२९
३. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (दोश्रो संशोधन, २०६३) स्वीकृत मिति २०६३/९/११ लागु मिति २०६३/१०/१०
४. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (तेश्रो संशोधन, २०६३) स्वीकृत तथा लागु मिति २०६३/१०/७
५. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (चौथो संशोधन, २०६४) स्वीकृत तथा लागु मिति २०६४/५/३१
६. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (पांचौ संशोधन, २०६४) स्वीकृत तथा लागु मिति २०६४/९/४
७. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (छैठौं संशोधन, २०६४) स्वीकृत तथा लागु मिति २०६५/१/२६
८. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (सातौं संशोधन, २०६५) स्वीकृत तथा लागु मिति २०६५/४/१५
९. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (आठौं संशोधन, २०६६) स्वीकृत तथा लागु मिति २०६६/११/१७
१०. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (नवौं संशोधन, २०६७) स्वीकृत मिति २०६७/८/१९ लागु मिति २०६७/९/१
११. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (दशौं संशोधन, २०६८) स्वीकृत मिति २०६८/६/२३
१२. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (एघारौं संशोधन, २०६९) स्वीकृत तथा लागु मिति २०६९/०५/२७
१३. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (बाह्रौं संशोधन, २०६९) स्वीकृत तथा लागु मिति २०७०/१/३०
१४. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (तेह्रौं संशोधन, २०७१) स्वीकृत तथा लागु मिति २०७१/४/२२
१५. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (चौधौं संशोधन, २०७१) स्वीकृत तथा लागु मिति २०७१/५/४
१६. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (पन्ध्रौं संशोधन, २०७२) स्वीकृत तथा लागु मिति २०७२/४/२८
१७. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ (सोह्रौं संशोधन, २०७३) स्वीकृत तथा लागु मिति २०७३/७/१०
१८. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली,२०६२ (सत्रौं संशोधन, २०७५) स्वीकृत तथा लागु मिति २०७६/३/१
१९. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली,२०६२ (अठारौं संशोधन, २०७७) स्वीकृत तथा लागु मिति २०७७/४/१२
२०. कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली,२०६२ (विसौं संशोधन, २०७८) स्वीकृत तथा लागु मिति २०७९/९/२१

# कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२

कृषि विकास बैङ्क लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा १३३ को उप-दफा (१) को खण्ड (क)र कृषि विकास बैङ्क लि. को नियमावलीको नियम १२ को उप-नियम (८) को खण्ड (क) को उप-खण्ड (ऐ) ले दिएको अधिकार प्रयोग गरी कृषि विकास बैंक लि. को संचालक समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई देहायको विनियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनियमावलीको नाम "कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२" रहेकोछ ।

२. यो विनियमावली नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएको[२] मिति देखि लागू हुनेछ ।[1]

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोगलाई सम्झनुपर्छ ।

(ग) "उपमहाप्रबन्धक" भन्नाले बैङ्कका उपमहाप्रबन्धक वा सो सरहका पदलाई सम्झनु पर्छ र सो शब्दले परिच्छेद-७ को प्रयोजनको लागि विभागीय कारवाही हेर्ने उपमहाप्रवन्धक समेतलाई जनाउँछ ।

(घ) "ऐन"भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले बैङ्कका कर्मचारी सम्झनु पर्छ ।

(च) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले बैङ्कको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख कार्यकारी अधिकृतको स्थानमा महाप्रबन्धक भई काम गर्ने व्यक्तिलाई समेत सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले बैङ्कको मुख्य कार्यालय, प्रदेश कार्यालय, क्षेत्रीय कार्यालय, मुख्य शाखा कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, तालीम केन्द्रको कार्यालय सम्झनु पर्छ र सो शब्दले समय समयमा समितिले तोकिदिएका कार्यालय समेतलाई जनाउँछ ।

---

[1] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषिविकास/२०८/०७५-७६ मिति २०७६।०३।०१ को पत्रबाट स्विकृत)बाट संशोधित ।

(ज) “कार्यालय प्रमुख” भन्नाले बैङ्कको मुख्य कार्यालयको हकमा प्रमुख कार्यकारी अधिकृत र प्रदेश कार्यालय, क्षेत्रीय कार्यालय, मुख्य शाखा कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, तालीम केन्द्रको कार्यालयको कार्यालय प्रमुख सम्झनु पर्छ र सो शब्दले समय समयमा समितिले तोकिदिएको कार्यालयको प्रमुखलाई समेत जनाउँछ ।

(झ) “तलब” भन्नाले कर्मचारीको तत्कालको तलब रकम (स्केल बृद्धि समेत)लाई जनाउँछ ।

(ञ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस विनियमावली अन्तर्गत समितिबाट बनाईने दिग्दर्शन, कार्यविधि तथा यस विनियमावलीको प्रयोजनको लागि भएका निर्णय सम्झनु पर्छ ।

(ट) “नाता” भन्नाले बाबु-आमा,पति पत्नी तथा छोरा-छोरी, दाजु-भाइ, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजु, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठुलोबुबा-ठुलीआमा, सानोबुबा-सानीआमा, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-जुवाइ, मामा-माइज्यू, फुपू-फुपाज्यू, साला-साली र तिनका छोराछोरी समेतलाई सम्झनु पर्दछ ।

(ठ) “पदपूर्ति समिति” भन्नाले यस विनियमावलीमा उल्लेखित पदपूर्ति समिति सम्झनु पर्दछ ।

(ड) “पदोन्नति (बढुवा)” भन्नाले बैङ्कको सेवामा यस विनियमावली बमोजिम हुने पदोन्नति  (बढुवा) सम्झनु पर्दछ ।

(ढ) “परिवार” भन्नाले बैङ्कको कर्मचारीसंग सगोलमा बस्ने पति, पत्नी तथा आफैंले पालन-पोषण गर्नु पर्ने छोरा, अविवाहिता छोरी वा धर्मपुत्र तथा अविवाहिता धर्मपुत्री सम्झनु पर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा आफैले पालनपोषण गर्नुपर्ने आफ्नै बाबु आमा वा सौतेनी आमा र विवाहित महिला कर्मचारीको हकमा निज आफैले पालन-पोषण गर्नुपर्ने सासु, ससुरा तथा अविवाहित महिला कर्मचारीको हकमा निजको बाबु, आमा वा सौतेनी आमा समेतलाई जनाउँछ ।

(ण) “बैङ्क” भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ अनुसार काम गर्ने गरी कम्पनी कानून अन्तर्गत स्थापित कृषि विकास बैङ्क लि. लाई सम्झनुपर्छ ।

(त) “विभागीय कारवाही” भन्नाले बैङ्कका कर्मचारीलाई यस विनियमावली बमोजिम अधिकार प्राप्त अधिकारीले गर्ने विभागीय कारवाही सम्झनु पर्दछ ।

(थ) “विभागीय प्रमुख” भन्नाले बैङ्कमा रहेका विभागीय प्रमुख सम्झनु पर्छ । साथै सो शब्दले यो विनियमावलीको प्रयोजनको लागि बैङ्कको मुख्य कार्यालयको जनशक्ति व्यवस्थापन विभागको विभागीय प्रमुखलाई जनाउंदछ र सो शब्दले परिच्छेद-७ को प्रयोजनको लागि विभागीय कारवाही हेर्ने विभागीय प्रमुख समेतलाई जनाउँछ ।

(द) "स्थानीय कर्मचारी" भन्नाले देहायको क्षेत्रमा कार्यालय रहेको स्थानबाट देहाय अनुसारको दुरीमा कुनै कर्मचारीको आफ्नो वा आफ्नो परिवारको घर भएको कर्मचारीलाई सम्झनु पर्छ :

(१) पहाडी क्षेत्रमा : सार्वजनिक यातायात नचल्ने ठाउँमा ५ माईल र सार्वजनिक यातायात चल्ने ठाउँमा २० किलोमिटर भित्र भए ।

(२) तराई क्षेत्रमाः सार्वजनिक यातायात नचल्ने ठाउँमा ८ माईल र सार्वजनिक यातायात चल्ने ठाउँमा २५ किलोमिटर भित्र भए ।

(३) उपत्यका क्षेत्रमा : काठमाडौं उपत्यका क्षेत्र भित्र जुनसुकै ठाउँमा भएपनि ।

**स्पष्टीकरण** : पहाडी र तराई क्षेत्र बैङ्कले तोके बमोजिम हुनेछ ।

(ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भी.),परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउंछ ।

(न) "समिति" भन्नाले बैङ्कको सञ्चालक समिति सम्झनु पर्छ ।

(प) "सञ्चय कोष" भन्नाले बैङ्कको कर्मचारीले महिना महिनै आफ्नो तलबबाट एउटा निश्चित रकम कटाई जम्मा गर्ने रकम र त्यस रकमको आधारमा बैङ्कबाट दिइने अनुदान तथा सो बाट आर्जन हुने ब्याज समेतबाट खडा हुने कोष सम्झनु पर्छ ।

(फ) "सञ्चालक" भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ ।

(ब) "सङ्घ वा सङ्गठन" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कर्मचारीहरुको पेशागत सङ्घ वा सङ्गठन सम्झनु पर्छ ।

[२]३. **विनियमावलीको व्याख्या र कार्यान्वयनः** (१) यस विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(२) यस विनियमावलीको प्रयोग गर्दा कुनै कर्मचारीलाई मर्का पर्न गएमा सो को कारण खुलाई प्रमुख कार्यकारी अधिकृत मार्फत समिति समक्ष निवेदन दिनसक्ने छ ।

(३) उपविनियम (२) बमोजिम निवेदन प्राप्त भएमा सो निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ ।

---

[2] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(४) यस विनियमावलीको व्याख्या गर्दा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० र कानून ब्याख्याका आधारभूत सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(५) बैङ्कका कर्मचारीहरुको नियुक्ति, बढुवा र विभागीय कारवाही जस्ता सेवाका शर्त सम्बन्धी विषयमा यस विनियम बमोजिम यस विनियमावलीको ब्याख्या गर्दा आयोगसँग समन्वय गरी गर्नु पर्नेछ ।

(६) समितिले उपनियम (१) र (३) बमोजिम गरेको व्याख्या तथा निर्णय अन्तिम हुनेछ ।

(७) यस विनियमावलीको कार्यान्वयन गर्दा देहायका कुराहरुलाई निर्देशक सिद्धान्तको रुपमा लिइनेछ :-

(क) कुनै पनि कर्मचारीलाई धर्म, जातजाति, लिङ्ग, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(ख) सामान्यतया कुनै पनि व्यक्तिलाई निजको नाताको व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष सुपरिवेक्षणमा काम गर्ने गरी नियुक्ति गरिने छैन ।

(ग) कर्मचारी प्रशासन सम्बन्धी सबै काम कारवाहीहरु उच्च उत्पादकत्व र कर्मचारीको हितबाट निर्देशित हुनेछन् ।

(घ) बैङ्कका योजना, कार्यक्रम, नीति तथा कर्मचारीका आवश्यकता, समस्या र सुझावका सम्बन्धमा व्यवस्थापन र कर्मचारी बीच प्रभावकारी सञ्चार व्यवस्था गर्न प्रोत्साहित गरिनेछ र यसका लागि देहायका कुनै वा सबै तरिका अपनाउन सकिनेछ :-

(अ) नियमित रुपमा कर्मचारीको बैठक गर्ने ।

(आ) सूचना पाटीमा सूचना तथा जानकारी टाँस्ने ।

(इ) प्रशासन सम्बन्धी बुलेटीन प्रकाशित गर्ने ।

(ई) मनोरञ्जनात्मक क्रियाकलाप वा अनौपचारिक भेला गर्ने ।

(८) यस विनियमावली सम्बन्धमा जानकारी प्राप्त गर्नु बैङ्कका कर्मचारीको कर्तब्य हुनेछ र यस विनियमावलीलाई बैङ्कको वेवसाईट र सूचना मार्फत सार्वजनिक गर्नु पर्नेछ । कर्मचारीले अज्ञानताको कारणबाट यस विनियमावलीको कुनैकुरा उल्लङ्घन गरेमा सो अज्ञानताको जिकीरको आधारमा छुट पाउने छैन ।

४. <u>प्रशासनिक अधिकार</u>: (१) यस विनियमावली बमोजिम समितिले आफूले पाएको अधिकार कार्यकारी प्रमुख[३] लाई वा कार्यकारी प्रमुखको[४] सिफारिसमा बैंकको अन्य अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ । कार्यकारी प्रमुखले[५] यस विनियमावली बमोजिम पाएको आफ्नो अधिकार आफ्नो मातहतको अधिकृतलाई सुम्पिन सक्नेछन् । ...[६]

---

[3] चौथो संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि विकास बैंक/२/०६४-६५/ मिति २०६४।०५।३१ को पत्रबाट स्विकृत) बाट संशोधन ।

[4] चौथो संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि विकास बैंक/२/०६४-६५/ मिति २०६४।०५।३१ को पत्रबाट स्विकृत) बाट संशोधन ।

[5] चौथो संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि विकास बैंक/२/०६४-६५/ मिति २०६४।०५।३१ को पत्रबाट स्विकृत) बाट संशोधन ।

[6] चौथो संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि विकास बैंक/२/०६४-६५/ मिति २०६४।०५।३१ को पत्रबाट स्विकृत) बाट संशोधन ।

(२) यो विनियमावली अन्तर्गत जो चाहिने प्रशासकीय आदेशहरु बैंकको तर्फबाट कार्यकारी प्रमुखले प्रमाणित गर्नेछन् र निजलाई प्राप्त यी अधिकार निजले आफ्नो मातहतका कर्मचारीमा आंशिक वा पूर्ण रुपमा प्रत्यायोजन गर्न सक्नेछन् । यसरी प्रत्यायोजन गरेको अधिकार कार्यकारी प्रमुखले जुनसुकै बखत पनि फिर्ता लिन सक्नेछन् ।

## परिच्छेद- २

## पदपूर्ति

[7]१. **पदपूर्ति समितिः** (१) बैङ्कको सेवामा रिक्त रहन आएको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षा, आन्तरिक प्रतियोगितात्मक परीक्षा वा वढुवा प्रक्रियाद्वारा उपयुक्त उम्मेद्वारको छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको पाँच सदस्यीय पदपूर्ति समिति रहनेछ :-

(क) वरिष्ठतम् उपमहाप्रबन्धक -अध्यक्ष

(ख) आयोगको प्रतिनिधि (कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी) -सदस्य

(ग) अर्थ मन्त्रालयको प्रतिनिधि (कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी) -सदस्य

(घ) समितिले तोकेको पदपूर्तिसँग सम्बन्धित मानव संशाधन विज्ञ -सदस्य

(ङ) जनशक्ति व्यवस्थापन विभागको विभागीय प्रमुख -सदस्य सचिव

(२) उप-विनियम (१) बमोजिमको पदपूर्ति समितिमा पूर्ति गरिने पद भन्दा तल्लो तहको अधिकृतले प्रतिनिधित्व गर्न पाउने छैन । त्यस्तो अवस्थामा प्रमुख कार्यकारी अधिकृतले निजको सट्टा बैकल्पिक व्यवस्था गर्नेछ ।

(३) प्रस्तुतीकरण परीक्षा तथा अन्तर्वार्ता लिइने पद र तहको प्रकृति अनुसार विशेषज्ञको आवश्यकता देखिएमा पदपूर्ति समितिले पदपूर्ति समिति बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदसँग सम्बन्धित बैंङ्क बाहिरको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) पदपूर्ति समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) पदपूर्ति समितिको सदस्य स्वयं वा निजको वा विज्ञको नाता भित्रको सम्भाव्य उम्मेदवार भएमा पदपूर्ति समितिमा संलग्न हुनु हुँदैन । पदपूर्ति समितिको अध्यक्ष वा सदस्यले सम्भाव्य उम्मेदवारसँग आफ्नो स्वार्थ बाझिएको कुनै कुरा भए पदपूर्ति समितिलाई अग्रिम रुपमा जानकारी गराउनु पर्नेछ । प्रत्यक्ष स्वार्थ बाझिएको व्यक्ति पदपूर्ति समितिमा रहन सक्ने छैन । यस्तो अवस्थाका लागि प्रमुख कार्यकारी अधिकृतले वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(६) जनशक्ति व्यवस्थापन विभागले पदपूर्ति समितिको सचिवालयको कार्य गर्नेछ ।

[8](७) उपविनियम (१) को खण्ड (क), (ख) र (ग) वा (घ) मा उल्लिखित सदस्य मध्ये कुनै एक सदस्य समेत गरी चार जना सदस्यको उपस्थितिमा पदपूर्ति समितिको बैठक बस्न सक्नेछ ।

---

[7] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./वि.आर.२/कृषि विकास/२०८/०७५-७६ मिति २०७६।०३।१ र ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./वि.आर.२/कृषि विकास/२१२/०७५-७६ मिति २०७६।०३।५ को पत्र)बाट संशोधन ।

[8] कृषि विकास बैंक लि. कर्मचारी सेवा अठारौं संशोधन)विनियमावली, २०७७(ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./वि.आर.२/कृषि/०७६-७७ मिति २०७७।०४।१२ को पत्र)बाट संशोधन ।

(८) पदपूर्ति समितिको सदस्य सचिवले पदपूर्ति समितिको सचिवालयको प्रमुख भई कार्य गर्नेछ ।

(९) पदपूर्ति समितिको बैठक सम्बन्धी अन्य कार्यविधि पदपूर्ति समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

[9]२. <u>पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार</u>: (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगसँग समन्वय गरी बैंङ्कको सेवामा रिक्त रहेको पदपूर्ति गर्न लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने,

(ख) बैंङ्कको सेवामा रिक्त रहेका पदको विवरण जनशक्ति व्यवस्थापन विभागबाट प्राप्त गरी त्यस्ता पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षा, आन्तरिक प्रतियोगितात्मक परीक्षा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रतिशत निर्धारण गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रतिशत निर्धारण भएको पदको लागि विज्ञापन प्रकाशन गर्न सहमतिका लागि आयोगले तोकेको बार्षिक कार्यतालिकाको म्याद भित्र आयोगमा अनुरोध गरी पठाउने, सहमति प्राप्त भएपछि सो अनुसार विज्ञापन प्रकाशन गर्ने,

(घ) प्रकाशित विज्ञापनमा पर्न आएका दरखास्त सङ्कलन गरी योग्यता पुगेका उम्मेदवारहरुको नामावली तथा अन्य विवरण सहित आन्तरिक तथा खुला लिखित परीक्षा सञ्चालनको लागि आयोगमा अनुरोध गरी पठाउने,

(ङ) आयोगबाट लिखित परीक्षाको नतिजा प्राप्त भएपछि तत्काल अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा हुने पदको लागि सोको मिति समावेश गरी प्रकाशन गर्ने,

(च) खुला र आन्तरिक प्रतियोगिताको प्रयोगात्मक परीक्षा हुनेमा प्रयोगात्मक परीक्षा लिने, अन्तर्वार्ता लिने,

(छ) लिखित परीक्षाको अङ्क, प्रयोगात्मक परीक्षा हुनेमा लिखित परीक्षा र प्रयोगात्मक परीक्षाको अङ्क र अन्तर्वार्ता समेतको अंक जोडी कूल अङ्कका आधारमा योग्यताक्रम तयार गर्ने, योग्यताक्रमको आधारमा नियुक्तिको लागि सिफारिस गर्ने,

(ज) बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदका लागि बैंङ्कको सम्भाव्य उम्मेदवारको मूल्याङ्कन गरी योग्यताक्रम अनुसार पदपूर्ति गर्न सिफारिस गर्ने,

(झ) प्रकाशित कुनै कारणवश विज्ञापन रद्द गर्नु पर्ने अवस्था भएमा लिखित परीक्षा सञ्चालन हुनु अगावै आयोगलाई अनुरोध गरी पठाउने ।

---

[9] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(२) पदपूर्ति समितिले आफूलाई तोकिएको कुनै काममा कर्मचारीको सहयोग लिन सक्नेछ ।

(३) पदपूर्ति समितिको अध्यक्ष, सदस्य एवं आमन्त्रित विज्ञले समितिले तोकिदिए बमोजिम वैठक भत्ता एवं अन्य सुविधा पाउनेछन् ।

[10] ३. <u>पदपूर्ति र प्रतिशत निर्धारण :</u> (१) बैङ्कको सेवामा रिक्तपदहरु देहाय बमोजिम पूर्ति गरिने छ :-

| क्र. सं. | पद ,तह र सेवा | खुला प्रतियोगिता द्वारा | बढुवाद्वारा | |
|---|---|---|---|---|
| | | | आन्तरिक प्रतियोगिता द्वारा | कार्यक्षमताको मूल्याङ्कन द्वारा |
| (क) | लेखपाल वा सो सरह, सहायकस्तर तह-४ (प्रशासन) | १००% | - | - |
| (ख) | कार्यालय सहायक वा सो सरह, सहायकस्तर तह-५ (प्रशासन) | ४०% | २०% | ४०% |
| (ग) | कार्यालय सहायक वा सो सरह, सहायकस्तर तह-५ (प्राविधिक) | १००% | - | - |
| (घ) | शाखा अधिकृत वा सो सरह, अधिकृतस्तर तह-६ (प्रशासन) | ६०% | १०% | ३०% |
| (ङ) | शाखा अधिकृत वा सो सरह, अधिकृतस्तर तह-६ (प्राविधिक) | ७०% | १०% | २०% |
| (च) | बरिष्ठ शाखा अधिकृत वा सो सरह, अधिकृतस्तर, तह-७ (प्रशासन/प्राविधिक) | १०% | २०% | ७०% |
| (छ) | सि. ए. अधिकृतस्तर, तह-७ | १००% | - | - |
| (ज) | शाखा प्रमुख वा सो सरह अधिकृतस्तर, तह-८ (प्रशासन) | १०% | २०% | ७०% |
| (झ) | शाखा प्रमुख वा सो सरह अधिकृतस्तर, तह-८ (प्राविधिक) | - | २०% | ८०% |
| (ञ) | बरिष्ठ शाखा प्रमुख वा सो सरह अधिकृतस्तर, तह- ९ (प्रशासन) | १०% | २०% | ७०% |
| (ट) | बरिष्ठ शाखा प्रमुख वा सो सरह अधिकृतस्तर, तह- ९ (प्राविधिक) | - | २०% | ८०% |
| (ठ) | विभागीय प्रमुख वा सो सरह, अधिकृतस्तर, तह-१० (प्रशासन) | - | २०% | ८०% |
| (ड) | उपमहाप्रवन्धक, तह-११ (प्रशासन) | - | - | १००% |

[10] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(२) यो विनियमावली प्रारम्भ भए पछि बैङ्कको स्थायी सेवामा कार्यरत कार्यालय सहयोगी कर्मचारी, चपोट, माली, इलेक्ट्रिसियन, बाईन्डर, प्लम्बर, सवारी चालक जस्ता पदहरुमा स्थायी पदपूर्ति गरिने छैन । यस्ता रिक्तपदहरुमा व्यक्ति वा संस्थासँग करार गरी सेवा करारद्वारा मात्र पूर्ति गरिनेछ ।

(३) खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रतिशत निर्धारण गर्दा भिन्नाङ्क अथवा शेष रहन आएमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि प्रतिशत निर्धारण गरिनेछ ।

(४) खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गरिने पदको संख्या सम्बन्धित सेवा र समूहको विज्ञापन हुँदाको आर्थिक वर्षमा रिक्त तथा अवकाशबाट कायम हुने तथा सोही विज्ञापनबाट माथिल्लो तह र पदमा वढुवा हुने जम्मा रिक्त पद संख्याको आधारमा प्रतिशत निर्धारण गरिनेछ ।

(५) उप-विनियम (४) बमोजिम असार मसान्त सम्म रिक्त हुने पदमा सो पद रिक्त हुनु अगावै पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गरेमा त्यस्तो सिफारिस भएको उम्मेदवारलाई नियुक्ति दिनका लागि स्वतः नयाँ पद श्रृजना हुनेछ । त्यस्तो पद रिक्त भएको मितिबाट नयाँ श्रृजना भएको पद स्वतः खारेज हुनेछ र त्यस्तो कर्मचारी सोही रिक्त भएको पदमा नियुक्ति भएको मानिनेछ ।

(६) बैङ्कको सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) महिला | तेत्तीस प्रतिशत |
| (ख) आदिवासी/जनजाती | सत्ताईस प्रतिशत |
| (ग) मधेशी | बाईस प्रतिशत |
| (घ) दलित | नौ प्रतिशत |
| (ङ) अपाङ्ग | पाँच प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | चार प्रतिशत |

**स्पष्टिकरण :**

(अ) यस उपविनियमको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ ।

(आ) खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि महिला, आदिवासी जनजाती, मधेशी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित सम्झनु पर्दछ । यसको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर, नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोके सम्मको लागि सम्पूर्ण महिला, आदिवासी जनजाती, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको समुदाय मानिनेछ ।

(इ) उपविनियम (६) को खण्ड (ङ) मा उल्लेख भए बमोजिम निर्धारित प्रतिशतको पद कुनै खास प्रकृतिको कामको लागि तोकिए बामेजिमका अपाङ्ग बीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(७) उपविनियम (६) बमोजिम छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ :-

(क) आदिवासी जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा,

तर, नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम,

(घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर, नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा उपविनियम (६) को स्पष्टिकरणको (अ) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

(८) उपविनियम (६) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क ( फ्रयाक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगतै पछिको समूहमा सर्दै जानेछ ।

(९) उपविनियम (६) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(१०) उपविनियम (६) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(११) उपविनियम (६) बमोजिमको प्रतिशत बमोजिम पद संख्या निर्धारण गर्दा कुनै द्विविधा उत्पन्न भई विवाद आएमा समिति समक्ष पेश गर्नु पर्नेछ र समितिको निर्णय अन्तिम हुनेछ ।

(१२) प्रत्येक वर्ष आषाढ मसान्तभित्रसम्ममा रिक्तहुने कूल पदहरुको विवरण जनशक्ति विभागले विज्ञापन हुने आयोगको कार्यतालिकाको म्याद भन्दा एक महिना अघि पदपूर्ति समितिमा पठाउनु पर्नेछ ।

(१३) उपविनियम (१२) वमोजिम प्राप्त हुन आएको रिक्त दरवन्दी पदपूर्ति समितिले आयोगको बार्षिक कार्यतालिका बमोजिम पदपूर्तिको कार्य अघि बढाउनु पर्नेछ ।

(१४) कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा हुने पदमा सम्भाव्य उम्मेदवारहरु मध्येबाट कार्य सम्पादन मूल्याङ्कन वापतको अङ्क, सम्बन्धित पदको जेष्ठता वापतको अङ्क, शैक्षिक योग्यता वापतको अङ्क र भौगोलिक क्षेत्रमा काम गरे वापत प्राप्त गरेको अङ्कको कूल योगको अङ्कको आधारमा पदपूर्ति समितिले योग्यताक्रम तयार गरी बढुवा सिफारिस गर्नेछ । कार्य सम्पादन मूल्याङ्कन वापतको अङ्क वाहेक अन्य आधारहरुमा उम्मेदवारले प्राप्त गरेको अङ्क सम्बन्धित उम्मेदवारले हेर्न चाहेमा हेर्न दिनु पर्नेछ ।

[10.1](१५) बैंकको सेवाका पदमा खुला प्रतियोगितामा उम्मेदवार हुन उमेरको हद देहाय बमोजिम हुनेछ :-

(क) सहायकस्तर तह-५ सम्मका पदमा अठार बर्ष उमेर पूरा भई पैतिस बर्ष ननाघेका ।

(ख) अधिकृतस्तर तह ६ र ७ का पदमा एक्काईस बर्ष उमेर पूरा भई पैतिस बर्ष ननाघेका ।

तर खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा चालिस बर्ष ननाघेका ।

(ग) अधिकृतस्तर तह ८ र ९ का पदमा पैतालिस बर्ष ननाघेका ।

[10.2](१५क) उपविनियम (१५) मा जुनसुकै कुरा लेखिएको भएतापनि खुला तथा बढुवाको लागि उम्मेदवार हुन बैंकमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।"

(१६) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिबाट विशेष प्रयोजनको लागि सेवा, अनुभव र शैक्षिक योग्यता तोकी कुनै विशेष पद सिर्जना भएको अवस्थामा सो पदको लागि आवश्यक उमेरको हद ४० वर्ष ननाघेको हुनु पर्ने छ ।

**स्पष्टिकरण**: खण्ड (ङ) र यस खण्डको प्रयोजनको लागि "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर सम्झनु पर्दछ ।

(१७) सहायक स्तरदेखि अधिकृतस्तर तह ८ सम्मका रिक्त पदहरुमा सेवा, समूह र उपसमूहको आधारमा तथा अधिकृतस्तर तह ९ का रिक्तपदमा सेवा र समूहको आधारमा पदपूर्ति गरिनेछ । अधिकृतस्तर तह १० र अधिकृत तह ११ का पदहरुमा प्रशासन सेवा मात्र रहनेछ । अधिकृतस्तर तह १० का पदमा एक तह मुनिका सबै सेवा समूहका सम्भाव्य भएका उम्मेदवारहरुबाट यस विनियमावलीमा व्यवस्था भए बमोजिम पदपूर्ति गरिनेछ । बैंकको सेवामा रहने सेवा, समूह र उपसमूह अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(१८) तह विहिन सवारी चालक, माली तथा सहयोगी कर्मचारी जस्ता पदहरुमा स्थायी नियुक्ति पाएका कर्मचारीहरुको अनुसूचि-१क. बमोजिम स्तरबृद्धि गरिने छ । स्तरबृद्धि हुने पदहरुमा अनुसूची-१ख. बमोजिमको शैक्षिक योग्यता आवश्यक पर्ने छैन ।

(१९) समितिबाट स्वीकृत भएको दरवन्दी जुन आर्थिक बर्षको लागि स्वीकृत भएको हो साधारणतया सोही आर्थिक बर्ष भित्र पूर्ति गरी सक्नु पर्नेछ ।

(२०) विज्ञापन गरिने आर्थिक बर्षको अन्तसम्म रिक्त हुन आउने पदहरुको संख्या प्रक्षेपण समेत गरी कूल रिक्तपद संख्या कायम गरी विज्ञापन गर्न सकिनेछ ।

---

[10.1] कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट संशोधित ।नेपाल राष्ट्र बै.कको मिति २०७९/०९/२१ को पत्रानुसार

[10.2] कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट थप ।नेपाल राष्ट्र बै.कको मिति २०७९/०९/२१ को पत्रानुसार

[11]४. **पाठ्यक्रमः** (१) रिक्त पदपूर्तिको लागि आयोगले लिने लिखित परीक्षाको पाठ्यक्रम, परीक्षण विधि र तत् सम्बन्धी अन्य व्यवस्था पदपूर्ति समितिले निर्धारण गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम लिखित परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क र तत् सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगसँग समन्वय गरी गर्नु पर्नेछ।

(३) उपविनियम (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम (भाषा), प्रश्नको अङ्कभार र परीक्षाको समय समेतका विषयहरु समावेश गर्नु पर्नेछ।

(४) लिखित परीक्षाको पूर्णाङ्क एकसय भएमा त्यसको अन्तर्वार्ता वा प्रयोगात्मक परीक्षाको अङ्कभार बीस कायम गर्नु पर्ने र यसपछि लिखित परीक्षाको पूर्णाङ्कमा थप हुने प्रत्येक एकसय पूर्णाङ्क भित्रको अङ्कभारमा दश अङ्कका दरले थप गर्नु पर्नेछ।

[12]४क. **उम्मेदवार हुनको लागि अयोग्यता** :देहायका व्यक्तिहरू बैंङ्कको सेवाको कुनै पनि पदमा खुला प्रतियोगिताद्वारा हुने पदपूर्तिका लागि उम्मेदवार हुन अयोग्य हुनेछन् :-

(क) सहायकस्तरको पदको लागि अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृतस्तरको पदको लागि एक्काईस वर्ष उमेर पूरा नभएको,

(ग) दरखास्त दिने अन्तिम मितिसम्ममा पुरुष उमेदवारको हकमा पैंतीस र महिला तथा अपाङ्ग उमेदवारको हकमा चालीस वर्ष उमेर पूरा भइसकेको,

(घ) तह ८ वा सोभन्दा माथिको पदको लागि चालीस वर्ष उमेर पूराभइसकेको।

(ङ) नेपाल सरकार वा कुनै संगठित संस्था वा बैङ्कको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको,

(छ) विदेशी नागरिक,

(ज) मानसिक सन्तुलन ठीक नभएको,

(झ) आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा नगरेको व्यक्ति,

---

[11] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित।

[12] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप।

(ञ) निलम्वनमा रहेको वा फौजदारी कसूरमा पूर्पक्षका निमित्त थुनामा रहेको व्यक्ति,

(ट) विदेशी मुलुकमा स्थायी आवासीय अनुमती लिएको वा त्यस्तो अनुमतीको लागि आवेदन दिएको, र

(ठ) बैङ्कको कुनै सेवाको समान तहमा स्थायी कर्मचारी रहेको ।

[13]**५. प्रतियोगिताको किसिम र छनौट** :(१) प्रतियोगितात्मक परीक्षाद्वारा बैङ्कको रिक्त पदपूर्तिका लागि लिखित परीक्षा सहित देहायको तरिका अपनाउन सकिनेछ :-

(क) प्रयोगात्मक परीक्षा (प्रयोगात्मक परीक्षा हुने भनी उल्लेख भएका पदहरूको लागि मात्र)

(ख) अन्तर्वार्ता, र

(ग) पदपूर्ति समितिले तोकेका अन्य तरिका ।

(२) खुला तथा आन्तरिक प्रतियोगिताको लिखित परीक्षा आयोगबाट सञ्चालन हुनेछ।

(३) प्रयोगात्मक परीक्षा लिनुपर्ने पदमा अन्तर्वार्ता लिनुअघि प्रयोगात्मक परीक्षा लिइनेछ।

(४) लिखित वा प्रयोगात्मक परीक्षा उत्तिर्ण गरी प्राप्त गरेको प्राप्ताङ्क तथा प्रस्तुतीकरण हुनेमा सो र अन्तर्वार्तामा प्राप्त गरेको प्राप्ताङ्क समेतको आधारमा योग्यताक्रम प्रकाशित गनुपर्नेछ ।

(५) कुन पदको लागि कति किसिमको प्रतियोगिता गराउने भन्ने विषयमा पदको कार्य प्रकृतिको आधारमा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ । पदको कार्य प्रकृतिका आधारमा प्रयोगात्मक परीक्षा लिनु पर्नेछ ।

(६) तह विहिन पदहरु करारमा लिँदा प्रतिस्पर्धा गराएर मात्र करारमा लिनु पर्नेछ ।

(७) विशेष योग्यता आवश्यक हुने विशेष प्रकृतिको पद भनी समितिले तोकेका खास पदहरुमा करारद्वारा पूर्ति गर्न सकिनेछ ।

[14]**५क. दुई चरणमा परीक्षा लिन सकिने** :यस विनियमावली बमोजिम खुला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरुमा प्रथम चरणको परीक्षा र मूल परीक्षा गरी दुई चरणमा लिखित परीक्षा लिनसकिनेछ ।

(२) उपविनियम (१) बमोजिम दुई चरणमा परीक्षा लिईएको भए प्रथम चरणको परीक्षाबाट उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र द्वितिय चरणको प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी गराइनेछ ।

(३) कति चरणमा परीक्षा लिने भन्ने विषय सम्बन्धित पदको पाठ्यक्रममा नै उल्लेख भएको हुनु पर्नेछ ।

---

[13] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[14] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

[15]**५ख. शैक्षिक योग्यता :**बैङ्कको सेवामा रहने विभिन्न पदहरुको पदनाम, तह, सेवा, समूह र आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची-१ख मा उल्लेख भए बमोजिम हुनेछ ।

[16]**६. विज्ञापन प्रकाशन :**(१) खुला तथा आन्तरिक प्रतियोगिताद्वारा पद पूर्तिका लागि दरखास्त पेश गर्न एक्काईस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्नु पर्नेछ । यस्तो विज्ञापन तथा सम्बन्धित पाठ्यक्रम बैङ्कको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा देहायका विवरणहरु खुलाउनु पर्नेछ :

(क) रिक्तपदको नाम, पद संख्या र तह,

(ख) काम गर्नु पर्ने क्षेत्र र कामको किसिम,

(ग) तोकिएको क्षेत्रमा निश्चित अवधि काम गर्नु पर्ने भए सो अवधि,

(घ) न्यूनतम शैक्षिक योग्यता, तालीम र अनुभव,

(ङ) परीक्षा दस्तुर,

(च) फाराम बुझाउने म्याद, स्थान, परीक्षाको तरिका र परीक्षाको माध्यम,

(छ) दरखास्त फाराम बुझाउने अन्तिम म्यादमा आवश्यक पर्ने उमेरको हद,

(ज) प्रचलित कानून बमोजिम स्थापना भएको सम्वन्धित व्यावसायिक परिषद्मा दर्ता वा अद्यावधिक वा नवीकरण आवश्यक हुनेमा सो व्यहोरा,

(झ) पाठ्यक्रम सम्वन्धी जानकारी

(ञ) समावेशी समूहको प्रमाणपत्र,

(ट) बढुवाको हकमा बढुवाको किसिम, तरिका, बढुवा हुने पदहरुको विवरण, बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधी र योग्यता ।

(३) उम्मेदवारले भर्नु पर्ने दरखास्त फारमको ढाँचा अनुसूची-१ग बमोजिम हुनेछ ।

(४) उपविनियम (१) बमोजिम खुला प्रतियोगिताका लागि विज्ञापन गर्दा म्याद समाप्त भएको सात दिन भित्र दोब्बर दस्तुर बुझाई दरखास्त दिन सक्ने व्यवस्था गर्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिम दिइएको एक्काईस दिनको म्याद पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालीम, अनुभव र सेवा अवधि मान्य हुनेछैन ।

(६) विज्ञापन गर्दा खुला, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाको एकै पटक गर्नु पर्नेछ ।

---

[15] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

[16] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(७) सहायकस्तरको पदपूर्तिका लागि विज्ञापन गर्दा क्षेत्रीयस्तरमा विज्ञापन गर्न सकिनेछ।

(८) सहायकस्तरमा खुल्ला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्दा जुन कार्यक्षेत्रका लागि विज्ञापन गरिने हो सोही कार्यक्षेत्रमा काम गर्नु पर्ने ब्यहोरा तोकी विज्ञापन गर्नुपर्नेछ ।

(९) उपविनियम (८) बमोजिम नियुक्ति हुने कर्मचारीले अनिवार्य रुपमा कम्तीमा पाँच बर्ष सम्म सोही क्षेत्रमा रही काम गर्नु पर्नेछ ।

[17]६क. <u>दरखास्त उपर छानबिन गर्ने</u> :(१) खुला प्रतियोगितात्मक परीक्षाको लागि प्रकाशित विज्ञापन बमोजिम पर्न आएका दरखास्तहरू उपर पदपूर्ति समितिले तोकेको बैङ्कको अधिकृतले देहाय बमोजिम छानबिन गर्नु पर्नेछ :-

(क) उम्मेदवारले दरखास्त फारममा विज्ञापन नम्बर, पद, सेवा, समूह, उपसमूह, तह, नाम, थर, ठेगाना र जन्म मिति खुलाएको छ, छैन,

(ख) विज्ञापनमा तोकिए बमोजिम उम्मेदवारको उमेर पुगेको वा नाघेको छ, छैन,

(ग) दरखास्त पेश गरेको पदको लागि आवश्यक पर्ने तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको छ, छैन,

तर, विज्ञापनमा उल्लिखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्सकृप्ट) वा लब्धाङ्कपत्रको प्रतिलिपि दरखास्त साथ संलग्न छ, छैन,

(ङ) दरखास्त साथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने शिक्षण संस्था मान्यता प्राप्त शिक्षण संस्थाभित्र पर्छ, पर्दैन,

(च) समकक्षता र सम्वद्धता निर्धारण गर्नुपर्ने शैक्षिक प्रमाणपत्रको समकक्षता र सम्वद्धता निर्धारण भएको छ, छैन,

(छ) तालीम वा अनुभव चाहिनेमा सोको प्रमाणपत्रको प्रतिलिपि संलग्न छ, छैन,

(ज) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न छ, छैन,

(झ) दरखास्त फारममा हालसालै खिचिएको फोटो टाँसिएको छ, छैन र उम्मेदवारले फोटो समेतमा पर्ने गरी दस्तखत गरेको छ, छैन,

---

[17] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(ञ) दरखास्तसाथ विज्ञापनमा उल्लिखित परीक्षा दस्तुर दाखिल गरेको रसिद वा भौचर संलग्न गरेको छ, छैन,

(ट) दरखास्तसाथ सम्बन्धित कागजातहरूको एक एक प्रति प्रतिलिपि संलग्न छ, छैन,

(ठ) दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको छ, छैन,

(ड) व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने पदको उम्मेदवारको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको वा दर्ता नवीकरण गरिएको छ, छैन,

(ण) समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले तोकिए बमोजिमको प्रमाण पेश गरेको छ, छैन ।

(२) आन्तरिक प्रतियोगितात्मक परीक्षा र कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवाको लागि प्रकाशित विज्ञापन अनुसार पर्न आएका दरखास्त फारमहरू उपर देहाय बमोजिम समेत छानबिन गर्नु पर्नेछ :-

(क) विज्ञापन भएको पदसंग सम्बन्धित सेवा, समूह तथा उपसमूहको एक श्रेणी/तह मुनिको पदमा तोकिए बमोजिम सेवा अवधि पूरा गरेको छ, छैन र सो को प्रमाण पेश गरेको छ, छैन,

(ख) दरखास्त फारममा निर्दिष्ट गरिएको स्थानमा सम्बन्धित कार्यालय प्रमुख/विभागीय प्रमुखबाट रीतपूर्वक प्रमाणित भएको छ, छैन ।

(३) दरखास्त छानबिन गर्दा पेश गरेको प्रमाणपत्र वा विवरण सम्बन्धमा द्विविधा भएमा त्यस्तो दरखास्त सम्बन्धमा द्विविधा परेको विवरण खुलाई द्विविधा परेको विषयसँग सम्बन्धित पदपूर्ति समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिम पेश भएको विषयका सम्बन्धमा आवश्यकता अनुसार विशेषज्ञ वा दक्षको राय लिई पदपूर्ति समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

[18] ६ख. <u>दरखास्त स्वीकृत गर्ने :</u>(१) दरखास्त छानबिन गर्दा रीत पुगेको र सूचनामा उल्लिखित अन्य शर्तहरू पूरा भएको देखिएमा पदपूर्ति समितिले तोकेको बैङ्कको अधिकृतले त्यस्तो दरखास्तलाई स्वीकृत गर्नु पर्नेछ ।

(२) खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको हकमा दरखास्त स्वीकृत भए पछि उम्मेदवारलाई रोल नम्बर कायम गरी परीक्षाको प्रवेश पत्र दिनु पर्नेछ ।

(३) उम्मेदवारलाई दिइने परीक्षा प्रवेशपत्रमा स्वीकृत गर्ने कर्मचारीको नाम, थर, पद खुलाई कार्यालयको छाप समेत लगाउनु पर्नेछ । उम्मेदवारको फोटोमा उम्मेदवार र स्वीकृत गर्ने कर्मचारीले समेत दस्तखत गर्नु पर्नेछ ।

[18] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(४) उम्मेदवारले पेश गरेका दरखास्तहरू उपर छानबिन गर्दा विज्ञापन/सूचनामा उल्लिखित प्रावधानहरू पूरा भएको नदेखिएमा त्यस्तो दरखास्त अस्वीकृत गर्नु पर्नेछ । यसरी अस्वीकृत भएको जानकारी उम्मेदवारलाई दिनु पर्नेछ ।

(५) एकपटक स्वीकृत गरी प्रवेशपत्र जारी भएको दरखास्तमा पछि कुनै कैफियत देखिएमा त्यस्तो दरखास्त अस्वीकृत गरी प्रवेशपत्र रद्द गर्न सकिनेछ ।

[19]६ग. **स्वीकृत नामावली तयार गर्नुपर्ने :**(१) विनियम ६ख. बमोजिम स्वीकृत भएका दरखास्त फारमहरू व्यवस्थित गरी राख्नुका साथै क्रमसंख्या, उम्मेदवारको नाम थर, आमा/बाबुको नाम, बाजेको नाम, दर्ता मिति, दस्तुर बुझाउको रसिद नम्बर, दरखास्त भरेको समूह आदि खुलाई लोक सेवा आयोगले निर्धारण गरेको ढाँचामा स्वीकृत नामावली तयार गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम तयार भएको स्वीकृत नामावली प्रत्येक विज्ञापनको लागि दरखास्त फाराम दिने म्याद समाप्त भएपछि सूचना पाटी तथा वेवसाइटमा समेत प्रकाशन गरी खुला तथा आन्तरिक प्रतियोगिता तर्फको विज्ञापनको प्रमाणित स्वीकृत नामावली विद्युतीय प्रति सहित लिखित परीक्षा सञ्चालन गर्ने आयोगको सम्बन्धित कार्यालय वा आयोगमा समेत पठाउनु पर्नेछ ।

(३) बढुवा तर्फको दरखास्त फाराम स्वीकृत नामावली तयार गरी पदपूर्ति समितिको सचिवालयमा राख्नु पर्नेछ ।

(४) यस विनियमको प्रयोजनको लागि उमेरको गणना गर्दा जुन पदको निमित्त दरखास्त दिने हो सो दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेरको आधारमा गणना गरिनेछ ।

[20]६घ. **नतिजा प्रकाशन :**(१) लिखित परीक्षाको नतिजा आयोगबाट प्रकाशित हुनेछ । आयोगबाट प्रकाशित नतिजा प्राप्त भएपछि प्रयोगात्मक वा प्रस्तुतीकरण हुनेमा सो समेत समावेश गरी नतिजा प्रकाशन भएको पन्ध्र दिन पछि र एक महिनाभित्र पर्ने गरी पदपूर्ति समितिले सात दिन भित्र नतिजा सहितको अन्तर्वार्ता कार्यक्रम प्रकाशन गर्नेछ ।

(२) लिखित परीक्षाबाट अन्तर्वार्ताको लागि उम्मेदवारको छनौट गर्दा उपलब्ध भएसम्म रिक्तपद संख्या १ भए ३, २ देखि ४ सम्म भए दोब्बर र ५ वा सो भन्दा माथि जतिसुकै पदसंख्या भए पनि डेढी संख्यामा उम्मेदवारको नाम योग्यता क्रमानुसार समावेश गर्नुपर्नेछ । संख्या निर्धारण गर्दा अपूर्णाङ्कलाई पुरा एक मान्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको संख्या निर्धारण गर्दा खुला प्रतियोगिताका लागि खुला तथा समावेशी समूहमा एउटै उम्मेदवारको नाम दोहरिन गएको अवस्थामा दोहोरो परेजतिको संख्या थप गरी समावेशी तर्फको अन्तर्वार्ताका लागि नामावली प्रकाशित गर्नुपर्नेछ । यसरी छनौट गर्दा

---

[19] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

[20] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

अन्तिम उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क बराबर अङ्क प्राप्त गर्ने एकभन्दा बढी उम्मेदवार भएमा त्यस्तो बराबर अङ्क प्राप्त गर्ने सबै उम्मेदवारलाई समावेश गर्नु पर्नेछ ।

(४) उपविनियम (२) बमोजिम अन्तर्वार्ताका लागि उम्मेदवार छनौट गर्दा उम्मेदवारले लिखित परीक्षाको प्रत्येक पत्रमा कम्तीमा चालीस प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

(५) उपविनियम (२) बमोजिम अन्तर्वार्ताका लागि उम्मेदवार छनौट गर्दा अन्तिम उम्मेदवारको लिखित परीक्षाको कूल प्राप्ताङ्क बराबर भएमा त्यस्ता बराबर प्राप्ताङ्क हुने अन्य सबै उम्मेदवारलाई पनि अन्तर्वार्ताको लागि छनौट गर्नुपर्नेछ ।

(६) लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा कुनै समावेशी समूहका लागि निर्धारण गरिएका पद पूर्ति नहुने भएमा त्यस्तो पद अर्को बर्ष हुने विज्ञापनमा समावेश गुर्न पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा उक्त पद अर्को वर्ष खुला प्रतियोगिताद्धारा हुने पदमा समावेश गर्नु पर्नेछ ।

(७) खुला र आन्तरिक प्रतियोगिताको लिखित परीक्षाको नतिजा प्रकाशित भए पछि सो नतिजामा चित्त नबुझी पुनर्योग गराउन चाहने परीक्षार्थीले बैङ्कले नतिजा प्रकाशित गरेको मितिले सात दिन भित्र आयोगले तोकेको दस्तुर सहित बैङ्क मार्फत आयोगमा निवेदन दिनु पर्नेछ ।

[21]६ङ. **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सम्बन्धी व्यवस्था** :(१) लिखित परीक्षा हुनेमा लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा समावेश गराईने छ । लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा वा प्रस्तुतीकरण समेत हुनेमा लिखित परीक्षाबाट छनौट हुने उम्मेदवारलाई मात्र प्रयोगात्मक परीक्षामा वा प्रस्तुतीकरण परीक्षामा समावेश गराइनेछ ।

(२) प्रयोगात्मक परीक्षामा अनुपस्थित हुने वा उत्तिर्ण नभएका उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराईने छैन ।

(३) पूर्ति हुने पदसँग प्रत्यक्ष सम्बन्धित एकजना विज्ञ र पदपूर्ति समितिका बाँकी सदस्य रहने गरी अन्तर्वार्ता समिति गठन हुनेछ । पूर्ति हुने पदभन्दा तल्लो तहको व्यक्तिअन्तर्वार्ता समितिमा रहने छैन ।

(४) अन्तर्वार्ता प्रयोजनको लागि आयोगले आवश्यकता अनुसार छुट्टै प्रतिनिधि खटाउन सक्नेछ ।

(५) उपविनियम (३) बमोजिम विज्ञ मनोनयन गर्दा पदपूर्ति समितिको अध्यक्षले अन्तर्वार्ताको बढीमा एक दिन अघि मात्र गोप्य रुपमा मनोनयन गर्नु पर्नेछ ।

(६) अन्तर्वार्तामा भाग लिने कुनै उम्मेदवारसँग अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्यको नाता पर्ने भएमा अन्तर्वार्ता समितिमा संलग्न हुने त्यस्ता अध्यक्ष वा सदस्यले उक्त

---

[21] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

विज्ञापनको अन्तर्वार्तामा बस्न हुँदैन । सो नाताभित्र परेको कुरा नतिजा प्रकाशन हुनु भन्दा अघि प्रमाणित भएमा सो अन्तर्वार्ताकर्ताले प्रदान गरेको अंक गणना गरिने छैन ।

(७) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा चालीस प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ ।

(८) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपविनियम (७) बमोजिम सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा कम अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वार्ता समितिका पचास प्रतिशत भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ ।

(९) अन्तर्वार्ताका लागि प्रयोग हुने फाराम अनुसूची-१घ बमोजिम हुनेछ ।

[22]६च. <u>अन्तर्वार्ता लिँदा ध्यान दिनुपर्ने कुराहरू</u> :अन्तर्वार्ता समितिका अध्यक्ष, विज्ञ र सदस्यले अन्तर्वार्ताका सम्बन्धमा देहायको कुरामा ध्यान दिनु पर्नेछ :-

(क) प्रश्न कसबाट सुरु गरी कसबाट अन्त्य गर्ने, उम्मेदवारको समय के कति लिने र मूल्यांकन कसरी गर्ने बारे अन्तर्वार्ता समितिको अध्यक्षबाट सबै सदस्यमा प्रष्ट गर्ने,

(ख) अन्तर्वार्ता दिने व्यक्तिको उपयुक्तता वा अनुपयुक्ततावारे अन्तर्वार्ता पूर्व, अन्तर्वार्ताक्रम वा अन्तर्वार्ता पश्चात् एक आपसमा चर्चा नगर्ने,

(ग) उम्मेदवार अन्तर्वार्ता कक्षमा प्रवेश गरेपछि निजको भय, तनाव आदिलाई सामान्य स्थितिमा ल्याउन अन्तर्वार्ता समितिका अध्यक्षबाट चिनजानका साथसाथै सहज वातावरणका विषयमा प्रश्नहरू केन्द्रित गर्ने,

(घ) अन्तर्वार्ता समितिका अध्यक्षले उम्मेदवारलाई प्रारम्भमा प्रवेशात्मक प्रश्न सोध्ने र त्यसपछि पालैपालो अन्य सदस्यहरूले विषय प्रवेश गर्ने,

(ङ) अन्तर्वार्ता लिइने पदको सबै उम्मेदवारहरूलाई सोधिने प्रश्नको स्तर समान गर्ने,

(च) अन्तर्वार्ता समितिका कुनै एक सदस्यले प्रश्न सोध्दा त्यसको जवाफबारे अन्य सदस्यले समेत ध्यान दिएर सुन्ने,

[22] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(छ) अन्तर्वार्ता समितिका अध्यक्षले अन्तर्वार्ता कार्यक्रमको समग्र मूल्याङ्कन गरी आवश्यक भएमा प्रक्रिया सम्बन्धमा सुझाव गर्ने,

(ज) अन्तर्वार्तामा पूर्णतः मौलिक, वस्तुगत प्रश्न गरी पूर्वाग्रहरहित तवरले मूल्यांकन गर्ने,

(झ) अन्तर्वार्ता अवधिभर सबै संलग्न सदस्यहरूको ध्यान अन्तर्वार्तामै केन्द्रित गर्ने, अन्तर्वार्ता अवधिभर अन्तर्वार्ताकर्ताले पत्रिका वा पुस्तक पढ्ने जस्ता कुनै असान्दर्भिक कार्य नगर्ने,

(ञ) अन्तर्वार्तामा भए गरेका पक्षहरूबारे अन्तर्वार्ता पश्चात् पनि चर्चा, परिचर्चा नगर्ने, र

(ट) अन्तर्वार्ता समितिका अध्यक्षले अन्तर्वार्ता समितिका अन्य सदस्यहरूको सहमतिमा उम्मेदवारलाई धन्यवाद दिई अन्तर्वार्ता सकिएको संकेत गर्ने।

[23]६छ. <u>अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने :</u>(१) लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिई दिन सोको कारण उल्लेख गरी बैङ्कमा निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा पदपूर्ति समितिले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी अन्तर्वार्ताको लागि बैंङ्कबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र बैङ्कमा निवेदन दिएमा पदपूर्ति समितिले निवेदनको व्यहोरा मनासिव देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ :-

(क) काबु बाहिरको परिस्थिति परेमा,

(ख) बैङ्कको वा सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) किरिया बस्नु परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

(३) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ता पूर्वका अन्य परीक्षामा अनुपस्थित रहेको उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन

[23] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(४) अग्रिम तथा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले बैङ्कले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(५) अन्तर्वार्ता हुने दिन बैङ्कले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कल प्रतिसँग भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर समेत गराउनु पर्नेछ ।

(६) बैङ्कको सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको पाइएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको दरखास्त रद्द गरिनेछ ।

[24]६ज. **योग्यताक्रम तथा सिफारिश :**(१) परीक्षाको सम्पूर्ण प्रक्रिया समाप्त भएको सात दिनभित्र र कुनै उम्मेदवार अन्तर्वार्तामा अनुपस्थित भएमा परीक्षाको सम्पूर्ण प्रक्रिया समाप्त भएको पन्ध्र दिन पछि सात दिनभित्र देहायमा उल्लिखित अङ्क जोडी पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशनका लागि योग्यताक्रम सूची तयार गर्नु पर्नेछ :-

(क) लिखित परीक्षाको कूल प्राप्ताङ्क,

(ख) प्रयोगात्मक तथा सो बाहेक अन्य परीक्षा हुनेमा त्यस्ता परीक्षामा प्राप्त गरेको अङ्क, र

(ग) अन्तर्वार्ताको औषत अङ्क ।

(२) योग्यताक्रम सूची तयार गर्नको लागि उम्मेदवारले प्राप्त गरेको अङ्क तालिकाको सिलबन्दी खाम खोल्दा सोको मुचुल्का गरी मिति र समय समेत उल्लेख गरी पदपूर्ति समितिका सदस्यहरुको रोहवरमा मात्र खोल्नु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गर्नु पर्नेछ :-

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,

(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्वन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्कको प्रतिशतको आधारमा,

---

[24] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पदभन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फारममा उल्लेख गरेको भए त्यस्तो पदको जेष्ठताका आधारमा,

(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रमनछुट्टिएमा उमेरको ज्येष्ठताका आधारमा ।

(४) योग्यताक्रमको सूची प्रकाशन गर्दा पहिलो विज्ञापन र विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसार योग्यताक्रमसूची पहिले प्रकाशन गर्नु पर्नेछ ।

तर, पहिले प्रकाशित विज्ञापन वा विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसारको अङ्क पूरा भइसकेको रहेनछ भने क्रमशः सो क्रम पछिको अङ्क पुगेका विज्ञापनहरू वा विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसारको योग्यताक्रमसूची प्रकाशन गर्न बाधा पर्नेछैन ।

(५) उपविनियम (४) को प्रतिवन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उम्मेदवार समान तहका एक भन्दा बढी विज्ञापनमा लिखित परीक्षाबाट उत्तीर्ण भएकोमा पछिल्लो क्रममा रहेको विज्ञापनको अङ्क पूरा भएतापनि पहिले अन्तर्वार्ता सम्पन्न भएको विज्ञापनको योग्यताक्रम प्रकाशित नभएसम्म त्यस्तो विज्ञापनको योग्यताक्रम प्रकाशन गरिने छैन ।

(६) उपविनियम (४) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा एकमुष्ट योग्यताक्रमसूची समेत तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(७) अन्तिम नतिजा प्रकाशन गर्दा समानस्तरको एकभन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र समावेश गरिनेछ।

६झ. **प्रतीक्षा सूची :** नियुक्तिका लागि योग्यताक्रम प्रकाशन गर्दा रिक्तपदको अनुपातमा यथासंभव पच्चीस प्रतिशत वा कम्तीमा दुई जनासम्म उम्मेदवारको नाम योग्यताक्रमानुसार बैकल्पिक उम्मेदवारको रुपमा प्रतीक्षा सूचीमा समावेश गरी प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचिको म्याद सूचना प्रकाशित भएको मितिले एक बर्षसम्म मात्र रहनेछ ।

तर, पदपूर्ति समितिले आवश्यक ठानेमा अन्तर्वार्तामा सम्मिलित भएका थप केहि वा सबै उम्मेदवारलाई प्रतीक्षा सूचीमा राख्न सक्नेछ ।

६ञ. **गोप्य रहने:** बैङ्कको पदपूर्तिका लागि लिईएको परीक्षासँग सम्वन्धित सबै अभिलेख गोप्य रहनेछ ।

७. **नियुक्ति:**(१) बैङ्कको सेवाको रिक्तपदमा खुला वा आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सिफारिस भएको व्यक्तिलाई सिफारिस भएको मितिले पन्ध्र दिन भित्र नियुक्ति दिने अधिकारीले नियुक्ति पत्र दिई सक्नु पर्नेछ ।

---

[25] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

[26] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(२) नियुक्तिका लागि सिफारिसको सूचना प्रकाशित भएको मितिले एक्काईस दिनसम्म पनि उम्मेदवारले नियुक्तिपत्र लिन नआएमा वा नियुक्तिपत्र लिई पन्ध्र दिन भित्र कार्यालयमा कुनै सम्पर्क नराखी वा सम्पर्क राखी हाजिर नभएमा नियुक्तिपत्र लिन आउनु वा हाजिर हुन जानु भनी पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको पत्रिकामा र बैङ्कको वेभ साईट र सूचनापाटीमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम जारी भएको सूचनाको म्याद भित्र नियुक्ति लिन नआएमा वा हाजिर हुन नगएमा त्यस्ता उम्मेदवारको नाम योग्यताक्रम सूचीबाट हटाई निजको सट्टा विनियम ६भ्र बमोजिमको प्रतिक्षासूचीमा रहेका वैकल्पिक उम्मेवारलाई योग्यताक्रमको प्राथमिकताको आधारमा नियुक्ति दिनु पर्नेछ ।

(४) नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारले नियुक्ति नलिएको वा नियुक्ति लिई राजिनामा दिएको वा अन्य कुनै कारणले एक बर्ष भित्र त्यस्तो पद रिक्तहुन आएमा त्यसरी रिक्त भएको पदमा बैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारबाट योग्यताक्रमको प्राथमिकताका आधारमा नियुक्ति दिनु पर्नेछ ।

(५) बैङ्कको सेवाको रिक्त पदमा पदपूर्ति समितिको सिफारिसमा देहायका पदाधिकारीले नियुक्ति दिनु पर्नेछ :-

(क) अधिकृतस्तर तह-१० र तह-११ का पदमा प्रमुख कार्यकारी अधिकृतले।

(ख) सहायक स्तर र अधिकृतस्तर तह-६ देखि तह-९ सम्मका पदमा उपमहाप्रबन्धकले ।

(ग) खण्ड (क) र (ख) बाहेकका पदमा जनशक्ति ब्यवस्थापन विभागका विभागीय प्रमुखले ।

८. <u>करारमा नियुक्ति :</u>(१) प्रमुख कार्यकारी अधिकृत वा निजले अख्तियार दिएको अधिकारीले देहायका पदमा मात्र बढिमा एक बर्षका लागि करार सेवामा नियुक्त गर्न सक्नेछ :-

(क) कुनै बिशेष सेवा वा कामका लागि समितिले करार सेवामा नियुक्ति दिई कामकाज गराउने भनी तोकी सिर्जना गरेको विशेष पदमा ।

(ख) समितिबाट स्वीकृत दरबन्दीका रिक्त पदहरुमध्ये सवारी चालक, माली, सहयोगी कर्मचारी, चौकिदार, प्रेसम्यान, टेलिफोन मर्मत सम्भारकर्ता, ईलेक्ट्रिसियन, प्लम्वर, हेल्पर (सवारी सहायक) जस्ता सहयोगी पदहरुमा ।

(ग) बैंकको स्रोत बाहेक अन्य स्रोतबाट खर्च व्यहोरिने गरी नियुक्ति हुने सेवामा

---

[27] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[28] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(घ) खण्ड (क),(ख) र (ग) बाहेकका बैङ्कका अन्य स्थायी पदहरुमा पदपूर्तिका लागि माग भई सकेको तर पदपूर्ति हुन समय लाग्ने भएमा बैङ्कको आवश्यकता अनुसार स्थायी पदपूर्ति भई आएमा स्वतः करार भङ्ग हुने गरी त्यस्ता पदमा ।

(२) करार सेवामा नियुक्ति गर्दा प्रतिस्पर्धा गराई छनोट भएका सम्वन्धित व्यक्ति, समूह, संस्था वा अधिकृत प्रतिनिधिसँग शर्तहरु तोकि सम्झौता गर्नुपर्ने छ ।

(३) करार सेवामा नियुक्ति हुने कर्मचारीको पारिश्रमिक र सुविधा प्रचलित कानूनको अधीनमा रही करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) बिदेशी नागरिकलाई करार सेवामा नियुक्ति दिई कामकाज गराउनु परेमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(५) सहायक स्तर तह ४ का लेखपाल वा सो सरह पदमा तत्काल करारमा लिनु पर्ने भएमा सो रिक्त पदहरु एकीन गरी पदपूर्ति समितिले स्थायी पदपूर्तिका लागि प्रतिशत निर्धारण गरी सहमतिका लागि आयोगमा पठाई सकेको अवस्थामा स्थायी पदपूर्ति नहुञ्जेलका लागि जुन जिल्लाको कार्यालयहरुमा दरवन्दी खाली छ सोही जिल्ला स्तरीय कार्यालयवाट सूचना प्रकाशित गरी तोकिएको प्रतिस्पर्धाका आधारमा छनोट गरी करार सेवामा नियुक्ति गरिने छ ।

(६) उपविनियम (५) बमोजिम करार सेवामा लिने प्रयोजनको लागि प्रकृया तोकी प्रमुख कार्यकारी अधिकृतले जिल्ला स्तरीय पदपूर्ती उपसमिति वनाउन सक्ने छ ।

(७) उपविनियम (५) र (६) बमोजिम करार सेवामा नियुक्ति गर्दा कम्प्युटर सम्बन्धी ज्ञान भएको स्थानीय व्यक्तिलाई प्राथमिकता दिने गरी प्रतिस्पर्धाको विधि निर्धारण गर्न सकिने छ । तर, बैंकलाई आवश्यक पर्ने योग्यता भएका व्यक्ति सो जिल्लामा उपलब्ध हुन नसक्ने अवस्था भएमा छिमेकी जिल्ला वा सो क्षेत्र भित्रका जिल्लाहरुका व्यक्तिलाई प्राथमिकता दिने गरी करार सेवामा लिने विधि निर्धारण गर्न सकिने छ ।

(८) उपविनियम (५), (६) र (७) बमोजिम करार सेवामा लिएको पदको कर्मचारीको सरुवा हुन सक्ने छैन ।

[29] ९. <u>परीक्षणकाल :</u>(१) बैङ्कको सेवाको पदमा नयाँ स्थायी नियुक्ति गर्दा सवै तहमा पुरुष कर्मचारीको लागि एक वर्ष र महिला कर्मचारीको लागि छ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति गर्नु पर्छ । परीक्षणकालमा निजको कार्य सम्पादन सन्तोषजनक नभएमा अख्तियारवालाले निजको नियुक्ति वदर गर्न सक्नेछ । यसरी नियुक्ति वदर गर्दा आवश्यक छानविन गरी स्पष्ट रुपमा आधार कारण खुलाई सफाईको मौका दिई पर्चा खडा गरी गर्नु पर्नेछ ।

---

[29] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(२) उपविनियम (१) बमोजिम परिक्षणकालमा रहेका कर्मचारीको कार्य सम्पादन सम्बन्धी विवरण अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपविनियम (१) बमोजिम नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परिक्षणकाल समाप्त भएपछि स्वत: सदर भएको मानिने छ । एकपटक बैङ्कको सेवामा परीक्षण काल भुक्तान गरी सकेका कर्मचारीलाई खुला प्रतियोगिताबाट माथिल्लो तहमा नियुक्ति भएको अवस्थामा पुन: परीक्षणकालमा राखिने छैन ।

[30]१०. ...

११. कर्मचारीको काम सम्बन्धी रेकर्ड राखिने: बैंकको कर्मचारीको काम सम्बन्धी रेकर्ड अनुसूची- ३ बमोजिम राखिनेछ ।

[31]१२. पदस्थापन : (१) शुरु नियुक्तिगर्दा र बढुवा भई पदस्थापना गर्दा  रिक्तदरवन्दीमा मात्र गरिनेछ ।

(२) खुल्ला प्रतियोगिता तथा आन्तरिक प्रतियोगिताबाट बढुवा भएका उम्मेदवारलाई सिफारिसको योग्यताक्रम र निजले रोजेको प्राथमिकता क्रमको आधारमा पदस्थापना गरिनेछ । कार्यक्षमताको मूल्याङ्कनबाट बढुवा भएका उम्मेदवारलाई योग्यताक्रम र देहायका बिषय समेतलाई दृष्टिगत गरी पदस्थापन गरिनेछ :-

(क) शैक्षिक योग्यता एवं तालीम,

(ख) पूर्व अनुभव,

(ग) बिशेषज्ञता ।

१३. स्थायी नियुक्ति गरिदां निरोगिताको प्रमाण पत्र पेश गर्नुपर्ने : स्थायी नियुक्तिको लागि परीक्षणकालमा नियुक्ति पाउने कर्मचारीले अनुसूची- ४ मा लेखिए बमोजिम बैंकले तोकेको

चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पेश गर्नु पर्नेछ । तर बिनियम ९ को उप-विनियम (४) बमोजिम स्थायी नियुक्ति भएका कर्मचारीलाई पुन: आवश्यक पर्ने छैन ।

[32]१४. बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि र योग्यता : (१) कार्यक्षमता मूल्याङ्कन र आन्तरिक प्रतियोगितावाट हुने बढुवाको लागि उम्मेदवार हुन विज्ञापन प्रकाशन भएको अघिल्लो आर्थिक बर्षको आषाढ मसान्त सम्ममा बढुवा हुने पद भन्दा एकतह मुनिको पदमा देहाय वमोजिमको सेवा अवधि पुगेको हुनुपर्नेछ :-

(क) अधिकृतस्तर तह १० र ११ को पदमा बढुवा हुन बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा कम्तीमा चार बर्ष स्थायी सेवा अवधि पुरा गरेको ।

---

[30] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट खारेज ।

[31] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[32] कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट संशोधन । नेपाल राष्ट्र बैकको मिति २०७९/०९/२१ को पत्रानुसार

(ख) सहायक स्तरदेखि अधिकृतस्तर नवौं तहसम्मको पदमा बढुवा हुन बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा कम्तीमा तीन बर्ष सेवा अवधि पुरा गरेको ।

तर विनियम(१४) को उपविनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला,आदिवासी/जनजाति,मधेसी,दलित,अपाङ्ग र पिछडिएका क्षेत्रमा स्थायी बसोवास भएको बैंकका कर्मचारीहरु उल्लिखित सेवा अवधिमा एक बर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि संम्भाव्य उम्मेदवार हुन सक्नेछन ।

[३२.१](२) बढुवा हुने पदभन्दा एकतह मुनिको पदको लागि खुला प्रतियोगिताको लागि तोकिएको आबश्यक न्यूनतम शैक्षिक योग्यता र उपविनियम (१) वमोजिमको सेवा अवधि पुग्ने कर्मचारी सम्वन्धित सेवाको एक तह माथिको पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा र आन्तरिक प्रतियोगितामा सम्भाव्य उम्मेदवार हुन पाउनेछ । आन्तरिक प्रतियोगितामा भाग लिँदा सम्बन्धित सेवा भित्रका एक तहमुनिका तोकिएको योग्यता भएका सवै कर्मचारी उम्मेदवार हुन सक्नेछन् । कम्तीमा सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरहको योग्यता नभई कुनै पनि कर्मचारी बैङ्कको सेवाको सातौ तहमा बढुवा हुन सक्ने छैन ।

[33]१४क. <u>बढुवाको लागि उम्मेदवार हुन नसक्ने</u> :देहायको अवस्थामा कर्मचारी बढुवाको लागि उम्मेदवार हुन पाउने छैन :-

(क) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि (ग्रेड) रोक्का भएकोमा सो अवधिभर

(ङ) फौजदारी अभियोगमा पूर्पक्षका लागि थुनामा रहेको भएमा सो अवधिभर,

(च) तोकिएको अवधिभित्र बढुवाको लागि आवेदन फाराम नभरेमा ।

[34]१४ख. <u>बढुवाको सूचना र दरखास्त</u> :(१) बैङ्कको रिक्तपदमा बढुवा गर्दा पदपूर्ति समितिले प्रतिशत निर्धारण गरी छुट्याएको पदमा कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा गर्न कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बैङ्कको वेभ साईट र बैङ्कको कार्यालयको सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र सम्बन्धित उम्मेदवारले पदपूर्ति समितिले बढुवाको सूचनामा उल्लेख गरेको बैङ्कको कार्यालयमा बढुवाका लागि अनुसूची-

---

32.1 कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट संशोधन । नेपाल राष्ट्र बैकको मिति २०७९/०९/२१ को पत्रानुसार

33 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

34 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

५क बमोजिमको दरखास्त फारम भरी बढुवाका लागि आवश्यक आधार पूरा गरेका प्रमाणपत्र एवं शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि साथ राखी दरखास्त पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम फारम नभरेको कर्मचारीलाई बढुवा प्रक्रियामा सामेल गराइने छैन र निजले बढुवाको निर्णय विरुद्ध उजूर गर्न पाउने छैन ।

[35]**१४ग.** <u>बढुवाको प्रकृया नरोकिने :</u>(१) कुनै पनि कर्मचारीलाई विभागीय कारबाहीका लागि प्रकृया शुरु भएको कारणले मात्र बढुवाको कारबाहीमा संलग्न हुनबाट रोकिने छैन ।

(२) बढुवाको सिफारिसमा परेका कर्मचारीहरुको सिफारिस पछि विभागीय कारबाहीका लागि प्रकृया शुरु भएको रहेछ भने विभागीय कारबाहीको अन्तिम टुङ्गो लागेपछि विभागीय कारवाहीमा तलव वृद्धि (ग्रेड) रोक्काको सजाय पाएको वा बढुवा रोक्काको सजाय पाएकोमा सो सजाय भुक्तान भएपछि र नसिहत पाएको अवस्थामा नसिहत पाएको मितिले एक बर्ष पछि लागू हुने गरी बढुवा भएको पदमा नियुक्तिदिईनेछ । सचेत गराइएको अवस्थामा बढुवा नियुक्ति रोकिने छैन ।

[36]**१५.** <u>**अधिकृत तह ११ को पदमा बढुवा :**</u>(१) अधिकृत तह ११ को पदमा बढुवा गर्नका लागि देहायको तीन सदस्यीय बढुवा सिफारिस समिति रहनेछ :-

(क) सञ्चालक समितिले तोकेका समितिका एक जना सदस्य :संयोजक

(ख) सञ्चालक समितिले तोकेका समितिका एक जना सदस्य :सदस्य

(ग) प्रमुख कार्यकारी अधिकृत :सदस्य

(२) उपविनियम (१) बमोजिमको समितिले अधिकृत दशौं तहको पदमा चार बर्ष सेवा अवधि पूरा गरेका विनियम १६ बमोजिमका सवै आधारहरुमा सवै भन्दा बढि अङ्क प्राप्त गर्ने उम्मेदवारलाई अधिकृत एघारौं तहको पदमा बढुवाका लागि सिफारिस गर्नेछ ।

(३) समितिको स्वीकृति लिई उपविनियम (२) बमोजिम बढुवाका लागि सिफारिस गरिएका उम्मेदवारलाई प्रमुख कार्यकारी अधिकृतले नियुक्ति दिनेछ ।

[37]**१५क.** ...

[38]**१६.** <u>कार्य क्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवा :</u>(१) कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा गर्दा देहायका आधारहरुमा पाएको अंकको कूल योगको आधारमा सवै भन्दा बढी अङ्क प्राप्त गरेको आधारमा बढुवा योग्यताक्रम कायम गरी बढुवा सिफारिस गर्नु पर्नेछ :-

(क) कार्य सम्पादन मूल्याङ्कन वापत -चालीस अङ्क

---

[35] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।
[36] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।
[37] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट खारेज ।
[38] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(ख) जेष्ठता वापत -तीस अङ्क

(ग) शैक्षिक योग्यता वापत -बाह्र अङ्क

(घ) भौगोलिक आधारमा बर्गीकृत क्षेत्रमा काम गरे वापत-सोह्र अङ्क

(ङ) तालीम वापत -दुई अङ्क

(२) उप-विनियम (१) मा उल्लिखित आधारहरु मध्ये कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा आषाढ मसान्तको हिसावले (एक आर्थिक बर्ष पूरा भएको कार्य सम्पादन मूल्याङ्कन) को अङ्क गणना गरिनेछ । आर्थिक बर्ष पूरा नभएका कार्य सम्पादन मूल्याङ्कन वापत कुनै अङ्क प्रदान गरिने छैन । सो बाहेक अन्य आधारहरुको अङ्क गणना गर्दा बढुवाको दरखास्त फारम भर्ने अन्तिम मितिसम्मको अङ्क गणना गरिनेछ ।

(३) उपनियम (१) बमोजिमका बढुवाका आधारहरु, सो सम्बन्धि यस विनियमावलीमा भएको व्यवस्था र बढुवा हुन आवश्यक पर्ने सेवा अवधि सम्बन्धी संशोधित व्यवस्था यो विनियमावली लागू भएको एक बर्ष पछि मात्र लागू हुनेछन् ।

[39]१७. <u>कार्य सम्पादन मूल्याङ्कन :</u>(१) बैङ्कका कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन फारमको ढाँचा, अनुसूची-५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्य सम्पादन मूल्याङ्कन प्रयोजनको लागि अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन अङ्कको औषतबाट हिसाव गरिनेछ । एक आर्थिक बर्ष पूरा भएको कार्यसम्पादन मूल्याङ्कनलाई मात्र एक बर्षको कार्यसम्पादन मूल्याङ्कन मानिनेछ ।

(३) कार्यसम्पादनको मूल्याङ्कन गर्दा सुपरिवेक्षकले कार्य तथा गुणहरुको आधारमा कार्यप्रगतिको मूल्याङ्कन गरी बढिमा पच्चीस अङ्क, पुनरावलोकनकर्ताले विनियम १६क. को अधीनमा रही बढिमा दश अङ्क र पुनरावलोकन समितिले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कनको पृष्ठपोषण, आधार र पुष्ट्याँई समेतका आधारमा बढिमा पाँच अङ्क दिन सक्नेछ ।

(४) कार्यसम्पादन मूल्याङ्कन गर्दा एक तह माथिको सम्बन्धित निकटतम अधिकृत कर्मचारीले सुपरिवेक्षक र सुपरिवेक्षक भन्दा एक तह माथिको सम्बन्धित निकटतम अधिकृत कर्मचारीले पुनरावलोकनकर्ता भई कार्यसम्पादनको मूल्याङ्कन कार्य गर्नेछ । सहायकस्तरको कर्मचारीको हकमा सम्बन्धित निकटतम अधिकृतले सुपरिवेक्षक भई कार्य गर्नेछ ।

तर, प्रमुख कार्यकारी अधिकृत सुपरिवेक्षक भएको अवस्थामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता दुवैको हैसियतले मूल्याङ्कन गर्नेछ ।

(५) प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएपछि श्रावण मसान्त भित्र आफूले गत वर्ष भरिमा सम्पादन गरेको मुख्य मुख्य कामको विवरणहरु भरी दुई प्रति कार्य सम्पादन मूल्याङ्कन

[39] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

फाराम भरी बैंङ्क वा बैंङ्कको सम्बन्धित कार्यालयमा दर्ता गराई आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपविनियम (५) बमोजिम दर्ता भै आफू समक्ष प्राप्त भएको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरीवेक्षकले भाद्र पन्ध्र गते भित्र मूल्याङ्कन गरी पुनरावलोकनकर्ता समक्ष पेश गरी सक्नु पर्नेछ ।

(७) पुनरावलोकनकर्ताले आफू समक्ष प्राप्त भएको कार्यसम्पादन मूल्याङ्कन फाराम पन्ध्र दिन भित्र मूल्याङ्कन गरी पुनरावलोकन समिति समक्ष पेश गर्नुपर्नेछ । पुनरावलोकन समितिले आफू समक्ष प्राप्त हुनआएका कार्य सम्पादन मूल्याङ्कन फारममा कार्तिक मसान्तभित्र मूल्याङ्कन गरी सक्नुपर्नेछ ।

(८) उपविनियम (७) बमोजिम कार्य सम्पादन मूल्याङ्कन फारमको मूल्याङ्कन सम्पन्न भईसकेपछि पुनरावलोकन समितिका सदस्यहरूले सिलवन्दी खामको वन्द वन्दमा दस्तखत गरी प्रमाणित गरी एक प्रति जनशक्ति व्यवस्थापन विभाग र एक प्रति पदपूर्ति समितिमा कार्तिक मसान्त भित्र आई पुग्ने गरी पठाउनु पर्नेछ ।

(९) उपविनियम (८) बमोजिम पदपूर्ति समितिमा प्राप्त भएको पन्ध्र दिन भित्र प्राप्त सिलवन्दी खामहरुलाई एकमुष्ट खामबन्दी गरी पदपूर्ति समितिका सदस्यहरूको समेत वन्द वन्दमा दस्तखत गरी गराई सुरक्षित साथ गोप्य राख्नु पर्नेछ ।

(१०) समय भित्र कुनै कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश हुन वा दाखिल हुन नआएको कारणले पदपूर्ति समितिले आफ्नो काम कारवाही रोक्न वाध्य हुने छैन ।

(११) कुनै कर्मचारीले कुनै वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम नभरेमा त्यस आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन वापत निजलाई सो आर्थिक वर्षको लागि कूल पूर्णाङ्कको पचास प्रतिशत अङ्क दिईनेछ ।

(१२) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारीले समयावधि भित्र आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गरी सुपरीवेक्षक समक्ष पेश गरेको तर सम्बन्धित मूल्याङ्कनकर्ताबाट समयावधि भित्र मूल्याङ्कन भएको रहेनछ भने प्रमुख कार्यकारी अधिकृतले उचित र मनासिव कारण खुलाई बहालवाला मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउन सक्नेछ ।

(१३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको बैठक राख्ने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृत र कर्मचारी प्रशासन हेर्ने प्रमुखको हुनेछ ।

(१४) तह ११ उपमहाप्रबन्धक पदको कार्यसम्पादन मूल्याङ्कनका लागि प्रमुख कार्यकारी अधिकृतले सुपरिवेक्षक र पुनरावलोकनकर्ता दुवैको हैसियतमा मूल्याङ्कन गर्नेछ । संचालक समितिको

गैह्र कार्यकारी संचालक[40] पुनरावलोकन समितिको अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत सदस्य रहनेछ ।

(१५) बैङ्कका कार्य सम्पादन मूल्याङ्कन गर्ने प्रयोजनको लागि पुनरावलोकन समितिमा रहने पदाधिकारीहरु देहाय बमोजिम हुनेछन् :-

(क) अधिकृतस्तर तह ७, तह ८, तह ९ र तह १० को कर्मचारीको हकमा

(अ) प्रमुख कार्यकारी अधिकृत -अध्यक्ष

[41](आ) उपमहाप्रबन्धक (जनशक्ति व्यवस्थापन) -सदस्य

(इ) विभागीय प्रमुख, जनशक्ति ब्यवस्थापन विभाग -सदस्य

(ख) सहायकस्तर र अधिकृतस्तर तह ६ का कर्मचारीको लागि

[42](अ) उपमहाप्रबन्धक (जनशक्ति व्यवस्थापन) -अध्यक्ष

(आ) सम्बन्धित विभागीय प्रमुख -सदस्य

(ई) पदपूर्ति हेर्ने शाखाको शाखा प्रमुख -सदस्य

(१६) समान तहको कर्मचारी सुपरीवेक्षक, पुनरावलोकनकर्ता एवं पुनरावलोकन समितिको अध्यक्ष वा सदस्य हुने छैन । माथिल्लो पदमा कायम मुकायम मुकरर गरिएको कर्मचारीलाई समेत यस उपविनियमको प्रयोजनको लागि समान तहको कर्मचारी मानिनेछ ।

(१७) कार्य सम्पादन मूल्याङ्कन फारमको अङ्क गोप्य हुनेछ ।

(१८) पुनरावलोकनकर्ता नै सुपरिवेक्षक भएको अवस्थामा पुनरावलोकन समितिमा दुई जना सदस्य मात्र रहनेछ ।

(१९) कार्य सम्पादन मूल्याङ्कन फाराम भर्दा पूर्ण विवरण नभर्ने, अङ्क र अक्षरमा कूल प्राप्ताङ्क उल्लेख नगर्ने, तोकिएको ठाउँमा मूल्याङ्कन अङ्क उल्लेख नगर्ने, हस्ताक्षर नगर्ने, टिपेक्स प्रयोग गर्ने एवं अनावश्यक केरमेट गरी अविश्वसनीय एवं लापरवाही पूर्ण ढंगबाट कार्य सम्पादन मूल्याङ्कन फारम भर्ने वा मूल्याङ्कन गर्ने सम्बन्धित कर्मचारी, सुपरिवेक्षक, पुनरावलोकनकर्तालाई पुनरावलोकन समितिले त्यस्तो सम्बन्धित कर्मचारीलाई विभागीय कारवाही गरी निजले पाएको कूल अङ्कमा एक अङ्क कट्टा गर्नेछ । पुनरावलोकन समितिका पदाधिकारीले गरेको भए निजहरुलाई प्रमुख कार्यकारी अधिकृतले एक अङ्क कट्टा गर्ने र विभागीय कारवाही गरिनेछ । प्रमुख कार्यकारी अधिकृतबाट नै त्यस्तो कार्य भएको भए समितिले निजलाई आवश्यक कारवाही गर्नेछ ।

---

[40] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[41] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[42] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

(२०) प्रशासन हेर्ने विभागीय प्रमुखले कार्य सम्पादन मूल्याङ्कन समाप्त भएको मितिले पन्ध्र दिनभित्र बैङ्कमा प्राप्त हुन आएका र प्राप्त हुन नआएका कार्य सम्पादन फारमहरु एकीन गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२१) बैङ्कले अध्ययन वा तालीममा पठाएको अवधिको वा निलम्वन भएको अवधिको कार्य सम्पादन मूल्याङ्कन वापत त्यस्तो अध्ययन वा तालीममा जानुभन्दा वा निलम्वनमा पर्नु भन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ । अध्ययन वा तालीममा गएको वा निलम्वनमा रहेको अवधिको कार्य सम्पादन मूल्याङ्कन फाराम भर्नुपर्ने छैन ।

(२२) असाधारण बिदा बसेको अवधि सम्भाव्य उम्मेदवारीको लागि गणना गरिने छैन र त्यस्तो बिदाको अवधिको कार्य सम्पादन मूल्यांकन वापत कुनै अंक दिइने छैन । एक आर्थिक बर्षमा छ महिना भन्दा बढि असाधारण वा वेतलवी विदामा बसेको कर्मचारीको निजको सो आर्थिक बर्षको कार्यसम्पादन मूल्याङ्कन भर्न पाईने छैन । छ महिना वा सो भन्दा कम अवधि असाधारण विदा वा वेतलवी विदामा बसेको भए सो अवधिको दामासाहीले अङ्क गणना गरिनेछ ।

(२३) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्यांकन बापत पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अंक प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनुपर्छ । यसरी कारण नखुलाई सो अंक प्रदान गर्ने कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वापत पाएको एक अङ्क घटाईनेछ ।

(२४) कर्मचारीले समयावधि भित्र आफ्नो कार्य सम्पादन मूल्याङ्कन दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गरेको तर सम्बन्धित मूल्याङ्कनकर्ताहरुबाट समयावधि भित्र मुल्याङ्कन भएको रहनेछ भने प्रमुख कार्यकारी अधिकृतले समितिको स्वीकृति लिई वहालवाला मूल्याङ्कनकर्ताबाट मुल्याङ्कन गराउन सक्नेछ ।

(२५) कार्यसम्पादन मूल्याङ्कन वापत अङ्क गणना गर्दा बढुवा हुन जति बर्षको कार्य सम्पादन मूल्याङ्कन आवश्यक पर्नेहो पछिल्लो त्यति बर्षको कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त गरेको अंकको औषत अङ्क निकाली गणना गरिनेछ ।

(२६) बढुवाको प्रयोजनका लागि जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम आवश्यक हुनेछ । आन्तरिक प्रतियोगिताबाट हुने वढुवा बाहेक तोकिएको अवधिको कार्य सम्पादन मूल्याङ्कन नभई कुनै पनि कर्मचारीको बढुवा हुनेछैन ।

(२७) कार्यसम्पादन मूल्याङ्कन फारमको अंक गणना गर्दा आषाढ मसान्तको हिसावले गणना गर्नु पर्नेछ । एकआर्थिक बर्ष नपुगेका कार्य सम्पादन मूल्याङ्कनको अंक गणना गरिने छैन । तर फरकफरक कार्यालयमा भए पनि एक आर्थिक बर्ष पुरा भएका कार्य सम्पादन मूल्यांकन वापत अंक गणना गरिनेछ ।

(२८) अदालतको निर्णयबाट पुनर्वहाली हुने कर्मचारीलाई अवकाश अवधिको र अध्ययन वा तालीममा गएका कर्मचारीको अध्ययन वा तालीममा गएको अवधिको कार्य सम्पादन मूल्याङ्कन

वापत क्रमश: अवकाश हुनु अघि र अध्ययन वा तालीममा जानु भन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ त्यति नै अङ्क दिइनेछ ।

(२९) कुनै सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले नियमित किसिमबाट मूल्याङ्कन फाराम भरी पठाए नपठाएको यकिन गर्नुका साथै कार्यालय प्रगति तथा अन्य कार्य विवरण ठीक छ वा छैन र सोही अनुरुप नै अङ्क दिएको छ वा छैन सो को छानबिन गरी पुनरावलोकन समितिले अङ्क प्रदान गर्नेछ ।

(३०) उपविनियम २९ बमोजिम छानविन गर्दा कुनै कार्यालयको नियन्त्रण वा कावु भन्दा बाहिरको कारणबाट कार्यालयको प्रगति सन्तोषजनक नभएको भए सो सम्बन्धमा उक्त कार्यालयलाई नियन्त्रण गर्ने कार्यालय वा क्षेत्रीय कार्यालयको राय समेत लिई सो को यकीन गरी कार्य प्रगति मूल्याङ्कन (वस्तुगत मूल्याङ्कन ) माथि पुनरबिचार गरी पुनरावलोकन समितिले आफूले दिने अङ्क प्रदान गर्न सक्नेछ ।

[43]**१७क.** <u>**कार्य सम्पादन मूल्याङ्कन गर्ने आधारहरू :**</u>(१) बैङ्कका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने क्रममा सुपरीवेक्षकले देहायको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) विदा स्वीकृत नगराई वा विदाको आवेदन नदिई लगातार तीस दिन भन्दा बढी अनुपस्थित भएको कर्मचारीलाई अति उत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(ख) नसिहत पाएको वा ग्रेड रोक्का वा बढुवा रोक्काको सजाय पाएको कर्मचारीलाई सो सजाय पाएको वर्षमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अति उत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(ग) कुनै कर्मचारीले आफूले लिएको पेश्की रकम काबु वाहिरको परिस्थिति परेको भनी बैङ्कबाट प्रमाणित गराएको अवस्थामा बाहेक अरु अवस्थामा म्याद भित्र फछ्र्यौट नगराएको भएमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अति उत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(घ) मुख्य प्रशासकीय अधिकृत बाहेकका पदमा कार्यरत कर्मचारीले गर्नु पर्ने कामको लक्ष्यको पचास प्रतिशत पूरा गर्न नसक्ने त्यस्तो कर्मचारीको मूल्याङ्कनमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अति उत्तम स्तरको अङ्क नदिई बढिमा उत्तम स्तरको अङ्क दिने,

तर, त्यसरी तोकेको लक्ष्य सम्वन्धित कर्मचारीको कारणले नभई अन्य कारणले पूरा हुन नसकेमा अङ्क घटाईने छैन ।

---

[43] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(ङ) कुनै कर्मचारीले अनुशासनहीन काम गरेको प्रमाणित भएमा कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अति उत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने,

(च) म्याद भित्र कार्य सम्पादन मूल्याङ्कन फाराम नभर्ने र म्याद भित्र कार्य सम्पादन मूल्याङ्कन नगर्ने कर्मचारीलाई कामको समग्र गुणस्तर सम्बन्धी आधारमा अति उत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिने।

(२) उपविनियम (१) बमोजिमका कारण विद्यमान हुँदाहुँदै सो बमोजिमको अङ्क नघटाएको देखिएमा त्यस्ता मूल्याङ्कनकर्ताको कार्य सम्पादन मूल्याङ्कनमा पाएको कूल अङ्कमा एक अङ्क घटाईनेछ ।

(३) उपविनियम (१) बमोजिम अङ्क घटाउनुपर्ने भएमा सोको स्पष्ट कारण उल्लेख गर्नु पर्नेछ ।

[44]१८. **जेष्ठताको मूल्याङ्कन** :(१) कर्मचारीलाई हाल बहाल रहेको तहमा काम गरेको प्रत्येक वर्षको निमित्त तीन अङ्कका दरले बढीमा तीस अङ्क दिइनेछ ।

(२) जेष्ठता बापत अङ्क गणना गर्दा एकवर्ष भन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ । गयल भएको वा असाधारण विदामा बसेको अवधिको अङ्क दिइने छैन ।

[45]१९. **शैक्षिक योग्यता र तालीमको मूल्याङ्कन** :(१) कार्य क्षमता मूल्याङ्कन बढुवाको लागि शैक्षिक योग्यता वापत दिईने अङ्क देहाय बमोजिम हुनेछ :-

| शैक्षिक योग्यता (उपाधि) | पाउने अङ्क |
|---|---|
| (क) बढुवाको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत | नौ |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सम्वन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक योग्यता वापत | तीन |

तर,

(क) प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण भन्दा मुनिको शैक्षिक योग्यताको हकमा शैक्षिक योग्यता बापतको अङ्क प्रदान गरिने छैन ।

(ख) शैक्षिक योग्यताको प्रतिलिपी पेश नगर्ने कर्मचारीलाई शैक्षिक योग्यता वापत कुनै अङ्क प्रदान गरिने छैन ।

(ग) सम्वन्धित विषयमा न्यूनतम योग्यता नभई माथिल्लो योग्यता सम्वन्धित विषयमा भएमा त्यसलाई न्यूनतम योग्यता पुगेको मानिनेछ । त्यस्तो

---

[44] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[45] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

योग्यता वापत न्यूनतम र माथिल्लो शैक्षिक योग्यता वापत दुवै अङ्क प्रदान गरिनेछ ।

तर, यो विनियमावली प्रारम्भ हुँदाका बखत सेवा प्रवेश गरी सकेका कर्मचारीहरुको हकमा न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको अङ्क प्रदान गर्दा साविक विनियमावलीकै व्यवस्था बमोजिम गरिनेछ ।

(२) तालीम वापत अङ्क प्रदान गर्दा सेवासँग सम्बन्धित विषयको कम्तीमा तीस कार्य दिन वा सो भन्दा बढि अवधिको बैंङ्कबाट मनोनयन भई लिएको सेवाकालीन तालीम वापत प्रथम श्रेणीका निमित्त दुई अङ्क, द्वितीय श्रेणीका निमित्त एक दशमलव पाँच अङ्क र तृतीय श्रेणीका निमित्त एक अङ्क प्रदान गरिने छ ।

(३) तालीमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालीम लिएको हो सो अङ्क सोही तहका लागि मात्र मान्य हुनेछ ।

२०. <u>भौगोलिक क्षेत्रमा काम गरेको अंक:</u> [46](१) भौगोलिक क्षेत्रमा काम गरे वापत अधिकतम् अंक १६ ( सोह्र) हुनेछ ।

[47](२) यस विनियमावलीको प्रयोजनको लागि नेपाल राज्यलाई अनुसूची–६ अनुसार ५ भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । सो भौगोलिक क्षेत्रमा गई काम गरे वापत अनुभवको अंक देहाय बमोजिम गणना गरिने छ :

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि –३.५

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि –३.०

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि –२.५

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि –१.५

(ङ) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि –१.०

(३) एक वर्ष वा सो भन्दा बढी कुनै कर्मचारीलाई बैंकले कुनै संघ संस्थामा काजमा पठाएको भए सो काज अवधिमा निजले काजमा काम गरेको कार्यालय रहेको भौगोलिक क्षेत्रको र अध्ययन विदामा वा वैदेशिक तालीममा काजमा जाने कर्मचारीलाई प्रत्येक वर्षको "ङ" वर्ग सरहको अंक र आफ्नो घर भएको जिल्ला (क) र (ख) वर्गको भए (घ) सरहको अंक र अन्यको हकमा जुनसुकै वर्गको भौगोलिक क्षेत्र भएपनि[48] "ङ" वर्ग सरहको अंक दिइने छ ।

[46] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट संशोधन ।

[47] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट संशोधन ।

[48] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

(४) कुनै पनि भौगोलिक क्षेत्रमा १ (एक) वर्ष भन्दा कम अवधिको लागि हाजिर भएकोमा निज सरुवा भएर गएको वर्ग साविकको कार्यालयको वर्गमध्ये जुन घटी हुन्छ सोही वर्गको दामासाहीले अंक पाउनेछ र १ (एक) वर्ष भन्दा बढी चानचुन महिना वा दिन हाजिर भए त्यस्तो अवधिको लागि पनि दामासाहीले अंक दिइनेछ ।

(५) असाधारण वा बेतलवी बिदामा बसेको अवधिलाई काम गरेको अवधि मानिने छैन र सो अवधिको कुनै अंक दिइने छैन ।

२१. <u>बढुवाको सीमा</u>ः यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियमावली लागु हुनुभन्दा अघि नियुक्त भई देहाय बमोजिमको शैक्षिक योग्यता भएका कर्मचारीहरु मूल्यांकन वा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट देहाय बमोजिमको पदसम्म मात्र बढुवा हुन सक्नेछन् :-

[४९.१](क) प्रविणता प्रमाणपत्र (इण्टरमिडियट) वा सो सरहको योग्यता मात्र भएको कर्मचारी अधिकृतस्तर तह ७ को पदसम्म मात्र बढुवा हुन सक्नेछन् ।

(ख) सहायक स्तर तह ५ को प्राविधिक पदमा नियुक्ति भएको कर्मचारीको सेवा प्रवेश गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता बाहेक माथिल्लो कुनै शैक्षिक योग्यता हासिल नभएको अवस्थामा अधिकृतस्तर तह ६ को पदसम्म मात्र बढुवा हुन सक्नेछन् ।

(ग) सहायक स्तर तह ४ को जे.टी.ए., सब–ओभरसियर, टाइपिष्ट वा सो सरह पदका कर्मचारीहरुको सेवा प्रवेश गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता बाहेक माथिल्लो कुनै शैक्षिक योग्यता हासिल नभएको अवस्थामा सहायक स्तर तह ५ को पदसम्म मात्र बढुवा हुन सक्नेछन् ।

[५०](घ) यो विनियम प्रारम्भ हुँदाका वखतमा सेवा प्रवेश गरी सकेका कर्मचारीको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै एक तह माथि बढुवाका लागि न्यूनतम् शैक्षिक योग्यता मानिने छ । तर मिति २०७६ असार मसान्तसम्म बढुवाको सम्भाव्य उम्मेदवार भई सकेका उम्मेदवारको हकमा यो संशोधन पछि हुने एक पटकको विज्ञापनमा यो सिमा लागु हुने छैन ।

२१क. <u>तहगत प्रणाली कायम हुने</u>ः (१) यो विनियमावली प्रारम्भ हुदाँका बखत बैङ्कको सेवाका कायम रहेको श्रेणीगत र तहगत प्रणाली यो विनियमावली प्रारम्भ भएपछि तहगत प्रणालीमा कायम हुनेछ । जस अनुसार बैङ्कको सेवामा तहविहिन, तह ४, तह ५, तह ६, तह ७, तह ८, तह ९, तह १० र तह ११ कायम हुनेछ ।

---

49 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

49.1 कृषि विकास बैंक लि. कर्मचारी सेवा -विसौ संशोधन)विनियमावली, २०७८ बाट संशोधन । नेपाल राष्ट्र बैकको मिति २०७९/०९/२१ को पत्रानुसार

50 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

51 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(२) उपविनियम (१) बमोजिम तहगत प्रणाली कायम हुँदा यस परिच्छेदको विनियम ३ को उपविनियम (१८) बमोजिका कर्मचारी तहविहिन कर्मचारी मानिने छन् । त्यस्ता कर्मचारीहरुको यस विनियमावलीमा तोकिए बमोजिम स्तरबृद्धि हुनेछ ।

[५२](३) यो विनियमावली प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित विनियम बमोजिम मिति २०७६ असार मसान्त सम्म तह-५ बाट तह-७ र तह-७ बाट तह-९ मा साविकको व्यवस्था बमोजिम पदोन्नति (बढुवा) हुनका लागि र आन्तरिक प्रतियोगिताद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार भई सकेका उम्मेदवारहरुको हकमा यो विनियमावली संशोधन भएपछि तह ६ र तह ८ को पदपूर्ति नहुदैको पहिलो पटकको कार्यक्षमताद्वारा हुने बढुवा र आन्तरिक प्रतियोगिताद्वारा हुने बढुवामा त्यस्ता तह-५ मा कार्यरत कर्मचारी तह-७ को बढुवामा र ७ मा कार्यरत कर्मचारी तह-९ को बढुवामा विनियम २१ बमोजिम उम्मेदवार हुन सक्नेछन् ।

[५३](४) आर्थिक बर्ष २०७७।७८ सम्म व्यवस्थापन सर्भेक्षण गरी तह ६ र तह ८ मा रहने पदहरुको कार्य विवरण, पदनाम र पदसंख्या कायम गरिनेछ । सो आर्थिक बर्षपछि हुने पदपूर्तिको विज्ञापनमा तह ६ र तह ८ मा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा लागि छुट्याईएका पदहरुमा क्रमशः तह ५ र तह ७ मा कार्यरत सो बढुवाका लागि तोकिएको योग्यता र सेवा अवधि पूरा गरेका सम्बन्धित सेवा समूहका कर्मचारीहरु विनियम २१ बमोजिम संभाब्य उम्मेदवार हुन सक्नेछन्।

[५३.१](५) यसै परिच्छेदको विनियम १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि बैकको कर्मचारी सेवा(अठारौ संशोधन) विनियमावली,२०७७ लागू हुनुभन्दा अघि कार्यरत कर्मचारीहरुको हकमा यो उपविनियम प्रारम्भ हुँदाका बखत तह ६ र ८ मा कार्यरत कर्मचारीहरु तहगत व्यवस्था बमोजिम क्रमश तह ७ र तह ९ मा बढुवा हुनका लागि तह ५ र ६ को पदमा तथा तह ७ र ८ को पदमा गरेको सेवा अवधि गणना गरिनेछ ।

२२. <u>सजाय पाएमा अंक कट्टा हुने</u>: विभागीय कारवाही भै देहाय बमोजिमको सजाय पाएका कर्मचारीको निजले सजाय पाएको पदबाट माथिल्लो पदमा पदोन्नतिको निमित्त आन्तरिक मूल्यांकन हुंदा देहाय बमोजिमको अंक कट्टा हुनेछ :–

(क) नसिहत पाएकोमा – २ (दुई) अंक

(ख) पदोन्नति वा तलव बृद्धि रोक्का भएकोमा – ३ (तीन) अंक

[५४]२३. <u>आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको उम्मेदवारी सम्बन्धी व्यवस्था</u> : (१) आयोगबाट सञ्चालन हुने आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा यस विनियमावली बमोजिम कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाका निमित्त आवश्यक पर्ने सेवा अवधि र बढुवा हुने

---

[52] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[53] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[53.1] कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट थप ।नेपाल राष्ट्र बैकको मिति २०७९/०९/२१ को पत्रानुसार

[54] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

पद भन्दा एक तहमुनिको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पूरा गरेका सम्बन्धित सेवा समूह भित्रका एकतह मुनिको पदमा कार्यरत सबै कर्मचारी संभाव्य उम्मेदवार हुन सक्नेछन् ।

[५४.१] तर, तह ७ भन्दा माथिको पदमा उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(२) आन्तरिक प्रतियोगितात्मक परीक्षाको अन्तर्वार्ताको अङ्कभार, अन्तर्वार्ता विधि, अन्तिम नतिजा प्रकाशन र प्रतिक्षा सूची सम्बन्धि व्यवस्था खुला प्रतियोगिताको लागि तोकिए बमोजिम हुनेछ ।

[५५]२४. **बढुवाको योग्यताक्रम नामावली प्रकाशन** : (१) बढुवाको लागि सम्भाव्य उमेदवारको कार्यक्षमताका सबै आधारको मूल्याङ्कन भएपछि बढुवा हुने उम्मेदवारको योग्यताक्रम सूची सम्वन्धित सबैको जानकारीको लागि प्राप्ताङ्क सहितको नामावली राष्ट्रियस्तरको दैनिक पत्रिका र बैङ्कको सूचनापाटि एवं वेभसाईटमा प्रकाशन गरिनेछ ।

(२) उपविनियम (१) वमोजिम बढुवा नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारले आफूले पाएको अङ्क हेर्न चाहेमा निजको कार्य सम्पादन मूल्याङ्कन बापतको अङ्क बाहेक अन्य आधारहरु वापतको अङ्क हेर्न दिनुपर्नेछ ।

[५६]२५. **बढुवा सिफारिस उपरको उजूरी** : (१) विनियम २४ को उप-विनियम (१) बमोजिम पदपूर्ति समितिले प्रकाशन गरेको नामावलीमा स्थान नपाई चित्त नबुझ्ने उम्मेदवारले त्यस्तो सूची प्रकाशित भएको मितिले एक्काईस दिन भित्र आफ्नो आधार प्रमाण खुलाई समिति समक्ष उजूरी दिन सक्नेछ ।

(२) उपविनियम (१) वमोजिम कुनै उजूरी परेमा समितिले सो सम्वन्धमा जाँचबुझ गरी उजूरी दिने म्याद सकिएको मितिले सामान्यतः तीस दिनभित्र पहिले प्रकाशित नामावली कायम राख्ने वा त्यस्तो नामावलीमा संशोधन गर्नुपर्ने भए आधार र कारण खोली संशोधित नामावली प्रकाशन गर्ने निर्णय गरी सो को सूचना तुरुन्त पदपूर्ति समितिलाई दिनु पर्नेछ । उजूरी आधारहीन ठहर भएमा सो को आधार कारण सहित उजूरकर्तालाई जानकारी दिनु पर्नेछ ।

(३) उपविनियम (२) वमोजिम जाँचबुझ गर्दा जानी-जानी त्रुटीपूर्ण कार्य गर्ने गराउने कर्मचारीलाई समितिले चेतावनी दिन सक्नेछ ।

२६. **पदोन्नतिको मिति र नियुक्ति** : (१) विनियम २४ को उप-विनियम (१) बमोजिम पदोन्नति (बढुवा) को नामावली प्रकाशित भएपछि पदोन्नति सम्बन्धी उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट २१ दिनसम्म पदोन्नतिको सिफारिश भएका उम्मेदवारलाई नियुक्ति दिइने छैन । पदोन्नतिको सिफारिश उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले २२ औं दिन पछि नामावली प्रकाशन भएको मितिदेखि लागु हुने गरी पदोन्नतिको नियुक्ति दिइनेछ ।

---

[54.1] कृषि विकास बैंक लि. कर्मचारी सेवा (विसौ संशोधन)विनियमावली, २०७८ बाट संशोधन । ने.रा.बैकको मिति २०७९/०९/२१ को पत्रानुसार

[55] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[56] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(२) पदोन्नति (बढुवा) को लागि भएको सिफारिश उपर विनियम २५ बमोजिम उजुरी परेमा देहाय बमोजिम ज्येष्ठता मिति कायम गरी नियुक्ति दिइनेछ :-

(क) विनियम २५ को उप-विनियम (२) बमोजिम पदोन्नतिको लागि भएको सिफारिश संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशित भएको मितिदेखि, र

(ख) उजुरी खारेज भएमा वा पहिलेको पदोन्नतिको लागि सिफारिश नै कायम भएमा पहिलो पटक पदोन्नतिको सिफारिश प्रकाशित भएको मितिदेखि ।

[57]२७. सरुवाः (१) बैंकको कुनै कर्मचारीलाई कार्यकारी प्रमुखले सरुवा नीति तथा कार्यविधि वमोजिम बैंकको कुनै पनि कार्यालयमा सरुवा गर्न सक्नेछ । त्यसरी सरुवा भएको कार्यालयमा तोकिएको समयमा जानु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(२) कार्यालय प्रमुख वा अधिकृत पदमा सरुवा भई गएको कर्मचारी हाजिर भएपछि साविकवालाले कुनैपनि निर्णय वा स्वीकृति गर्ने कार्यमा संलग्न हुन पाउने छैन र सरुवा भई गएको कर्मचारीवाट नै निर्णय लगायतका कार्य गर्नु गराउनु पर्नेछ ।

(३) उप-विनियम (१) र (२) विपरीत कार्य गरेको पाईएमा तोकिएका अधिकारीले परिच्छेद ७ बमोजिम बिभागीय कारवाही गर्न सक्नेछ ।

[58]२८. नोकरी अवधि जोड्नेः (१) यो विनियम लागु हुनु भन्दा पहिले अस्थायी, करार वा मासिक पारिश्रमिकमा नियुक्ति पाई वैङ्कमा कार्यरत रहेको कर्मचारी अस्थायी, करार वा मासिक पारिश्रमिक अवधि समाप्त नहुदै स्थायी नियुक्ति पाएमा अवकास तथा उपदान प्रयोजनको लागि निजको सो अवधिको ६६ प्रतिशत सेवा अवधि गणना गरिने छ । तर यो विनियमावली लागु भए पश्चात करार वा मासिक पारिश्रमिकमा नियुक्ति पाई पछि स्थायी नियुक्ति हुनेहरुको हकमा यो सेवा अवधि गणना गरिने छैन ।

(२) बैङ्कका कुनै स्थायी कर्मचारी खुल्ला प्रतियोगिताबाट आफू रहेको पदभन्दा माथिको पदमा छनोट भई नियुक्ति भएमा त्यस्ता कर्मचारीको सेवा अवधि शुरुदेखि नै गणना गरिने छ । तर तल्लो पदमा अवकाश लिई उपदान आदि सुविधाहरु लिएको अवस्थामा त्यस्ता कर्मचारीको सेवा अवधि भने जोडिने छैन ।

[59]२९. काजमा पठाउने व्यवस्थाः (१) नेपाल सरकारको निर्णय बाहेक बैंकबाट तलब भत्ता तथा अन्य सुविधा व्यहोरिने गरी बैंकको कुनै पनि कर्मचारीहरुलाई अन्य संस्थाको कामकाज गर्ने गरी काजमा पठाइने छैन । तर बैंकसंग कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संगठनले द्विपक्षीय वा बहुपक्षीय सम्झौता गरेको वा संयुक्त कार्यक्रम संचालन गरेको अवस्थामा ती संघ संगठनमा कार्यक्रम संचालनको निमित्त बैंकमा कार्यरत कुनै कर्मचारीलाई काजमा पठाउनु पर्ने आवश्यकता परेमा सोही कार्यक्रम वा संस्थाबाट तलव, भत्ता तथा अन्य सुविधा पाउने गरी काजमा पठाउन यस विनियमले बाधा पुग्ने छैन । -

[57] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[58] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[59] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

(२) उप-विनियम (१) बमोजिम काजमा पठाउँदा बैंकका कर्मचारीले बैंकबाट पाउने तलव भत्ता वा अन्य सुविधा भन्दा कम हुने गरी उपलव्ध गराइने छैन ।

(३) उप-विनियम (१) बमोजिम काजमा जाने कर्मचारीले बैंकमा रहँदा कुनै सापटी पेश्की लिएको रहेछ भने त्यस्तो सापटी पेश्कीको मासिक किस्ता रकम सम्वन्धित कार्यालय/संस्था मार्फत बैंकमा दाखिला गराउनु पर्नेछ ।

३०. **श्रेणी वा तहमा थपघट गर्न सक्ने** : समितिले आवश्यक ठानेमा हाल विद्यमान रहेका तहमा [60]आयोगको सहमति लिई थपघट गर्न सक्नेछ ।

## परिच्छेद –३

## तलब भत्ता र अन्य सुविधा[61]

१. **तलब भत्ता पाउने**: (१) बैंकका कर्मचारीले काम गरेको मितिदेखि समितिले समय समयमा निर्धारण गरे अनुसारको तलब भत्ता र अन्य सुविधा[62] पाउने छन् ।

(२) कुनै कर्मचारीले काम गरेको अवधिको तलब भत्ता निज जुनसुकै व्यहोराबाट बैंकको नोकरीमा नरहेमा पनि पाउने छ । तर बैंकको कुनै रकम निजबाट असूल उपर गरी लिनु पर्ने छ भने सो रकम कटाई बांकी तलब भत्ता र अन्य सुविधा[63] मात्र दिइनेछ ।

(३) काम गरी पकाएको प्रत्येक महिनाको तलब भत्ता साधारणतया सोही महिनाको आखिरी दिनमा उपलव्ध गराईने [64] छ ।

२. **टाइम स्केल**: (१) टाइम स्केल अनुसार तलब पाउने पदमा नव नियुक्ति हुने कर्मचारीले टाइम स्केलको न्यूनतम तलब पाउने छ ।

[65](२) माथिल्लो श्रेणी वा तहको तलब स्केलको कुनै पदमा बढुवा पाउने कर्मचारीले उक्त माथिल्लो तलब स्केलमा लेखिएको शुरु तलब पाउने छ । तर निजले बढुवा हुनु भन्दा अघिको पदमा खाईपाई आएको तलब वढुवा भएको पदको स्केलको शुरु तलबसंग बराबर वा सो भन्दा बढी भएमा खाईपाई आएको तलवलाई माथिल्लो स्केलमा मिलान गरी सोमा[66] एक ग्रेड थप गरी पाउनेछ । तर बढुवा हुनु अघिको पदमा ग्रेड बृद्धि पाएका एकवर्ष पुरा नभएको हकमा एक ग्रेड थप उपलव्ध गराईने छैन ।

---

60 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

61 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

62 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

63 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

64 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

65 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

66 कृषि विकास बैंक लि. कर्मचारी सेवा (दशौ संशोधन)विनियमावली, २०६८ (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि बैंक/००२/०६८-६९ मिति २०६८।०६।२३ को पत्र) बाट संशोधित ।

(३) स्थायी नियुक्ति भएका कर्मचारीको हकमा बैंकमा बहाल गरेको मितिले १ वर्ष पूरा भएपछि र बढुवा हुनेको हकमा बढुवा गर्ने निर्णय भएको मितिले १ वर्ष पूरा भएपछि वार्षिक ग्रेड पाउने छ ।

[६७](४) कर्मचारीलाई उपविनियम (३) वमोजिम ग्रेड दिंदा समितिले तोके बमोजिम दिईनेछ।

३. <u>दैनिक भ्रमण भत्ता:</u> [६८](१) बैंकका कर्मचारीहरुले कामको सिलसिलामा भ्रमण गर्दा अनुसूची-६क बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने छन् ।

(२) स्वदेशमा भ्रमण गर्न पठाउँदा भ्रमण आदेश स्वीकृति दिने अधिकारी देहाय बमोजिम हुनेछन् :

(क) ..[६९]

(ख) ...[७०]

(ग) मुख्य कार्यालयका कर्मचारीको हकमा कार्यकारी प्रमुख[७१]ले ।

(घ) क्षेत्रीय कार्यालयका कर्मचारीको हकमा क्षेत्रीय कार्यालयका कार्यालयप्रमुख[७२]ले।

(ङ) कार्यालय प्रमुख वाहेक तल्लो तहका कर्मचारीको हकमा सो कार्यालयका[७३] कार्यालय प्रमुखले ।

(च) कार्यालय प्रमुखको हकमा नियन्त्रण गर्ने कार्यालयका[७४] कार्यालय प्रमुखले । तर ...[७५] कार्यालय प्रमुखको हकमा निजले आफ्नो कार्यक्षेत्र भित्र एक पटकमा सात दिनसम्मको भ्रमण गर्दा आफै भ्रमण आदेश स्वीकृत गर्न सक्नेछन् । ...[७६]

(३) विदेशमा भ्रमण गर्न पठाउँदा...[७७] कार्यकारी प्रमुख[७८]ले भ्रमण आदेश दिन सक्नेछन् ।

४. <u>कायम मुकायम भई काम गरेमा पाउने तलब:</u> कुनै कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेको अवधिको माथिल्लो पदमा कर्मचारीले पाउने शुरु स्केल बमोजमको तलब भत्ता पाउनेछ । [७९]तर कायम मुकायम मुकर्रर हुने कर्मचारीले खाईपाई आएको तलव कायम मुकायम हुने पदको शुरु तलव भन्दा वढी भएमा आफुले खाईपाई आएको तलव नै खान पाउनेछ ।

---

[67] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[68] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[69] छैठौं संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

[70] छैठौं संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

[71] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[72] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[73] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[74] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[75] छैठौं संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

[76] छैठौं संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

[77] छैठौं संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

[78] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[79] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

स्पष्टिकरणः खाईपाई आएको तलव भन्नाले माथिल्लो पदमा कायम मुकाय पाएपछि पनि आफ्नो पदाधिकार रहेको पदमा वढ्दै जाने वार्षिक ग्रेडलाई समेत जनाउनेछ ।

५. <u>दशैं खर्च पाउने</u>: (१) बैंकका कर्मचारीहरुले खाईपाई आएको एक महिनाको तलब र समितिले तोकेको भत्ता[८०] बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको १५ दिन अगाडि दशैं खर्चको रुपमा पाउने छन् । दशै खर्च दिंदा बडा दशैं भन्दा अघिल्लो महिना भुक्तान भैनसकेतापनि अघिल्लो महिनाको तलब समेत खर्च लेखिने छ[८१]।

(२) अस्थायी कर्मचारीहरुको हकमा घटस्थानाको १५ दिन अगाडि ६ महिना सेवा अवधि पुगेको भए मात्र उप- विनियम (१) बमोजिमको दशैं खर्च दिइनेछ ।

तर,

(क) त्यस्तो कर्मचारीको सेवा अवधि ६ महिना नपुगेको रहेछ भने निजलाई उप-विनियम (१) बमोजिमको दशैं खर्च पेश्कीको रुपमा दिइनेछ र निजको सेवा अवधि ६ महिना पुगेपछि मिन्हा गरी पेश्कीको फछ्र्यौट गरिनेछ ।

(ख) त्यस्ता कर्मचारीको सेवा अवधि ६ महिना नपुग्दै समाप्त भएमा ६ महिनाको दामासाहीले हुने रकम मिन्हा गरी बांकी रकम असूल उपर गरिनेछ ।

[८२]६. <u>सजायको आदेश रद्द भएमा पाउने तलब</u> : (१) बैंकका कर्मचारीलाई नोकरीबाट हटाउने वा बर्खास्त गर्ने आदेश रद्द भई निज नोकरीमा पुनः कायम भएमा नोकरीबाट हटाइएको अथवा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब र ग्रेड बृद्धि पाउने भए बृद्धि समेत निजलाई दिईनेछ ।

(२) उप-विनियम(१) वमोजिम नोकरीमा पुन कायम गर्दा रद्द गर्ने निर्णय वा आदेश भएको मितिले ३ महिना भित्र सम्वन्धित व्यक्ति निर्णय वा आदेशको प्रमाणित प्रतिलिपी सहित हाजीर हुन आउनुपर्ने छ ।

(३) उप-विनियम(२) वमोजिमको म्याद भित्र हाजिर हुन नआउने व्यक्तिलाई सेवामा पुनः कायम गरिने छैन ।

[८३]७. <u>अरु कारणबाट नोकरी निलम्बन भएमा तलब भत्ता नपाउने</u> : (१) कुनै कर्मचारी अरु नै कारणबाट फौजदारी अभियोगमा थुनामा रहेमा थुनामा रहेको अवधिसम्म निजको नोकरी स्वतः निलम्बित हुनेछ । नैतिक पतन देखिने फौजदारी अभियोग लागेको रहेछ भने र सो अभियोग अदालतबाट प्रमाणित भएमा निज नोकरीबाट बर्खास्त हुनेछ र त्यसरी बर्खास्त भएमा निलम्बन रहेको समयमा तलब भत्ता पाउने छैन । त्यस्तो अभियोगबाट सफाई पाएमा निज साविकको पदमा पुनः स्थापित हुनेछ ।

---

[80] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[81] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[82] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[83] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

(२)   उप-विनियम(१) वमोजिम नोकरीमा पुन कायम गर्दा रद्द गर्ने निर्णय वा आदेश भएको मितिले ३ महिना भित्र सम्वन्धित व्यक्ति निर्णय वा आदेशको प्रमाणित प्रतिलिपी सहित हाजीर हुन आउनुपर्ने छ ।

(३)   उप-विनियम(२) वमोजिमको म्याद भित्र हाजिर हुन नआउने व्यक्तिलाई सेवामा पुनः कायम गरिने छैन ।

[84]८. **निलम्वन हुंदा पाउने तलवः** (१) यस विनियमावलीको परिच्छेद ७ को विनियम ८ को उप-विनियम (१) र (५) वमोजिम निलम्बनमा रहेका कर्मचारीले निलम्बन अवधिभर (विभागीय कारवाही चलिरहेको अवस्थामा निलम्बन फुकुवा भएतापनि कारवाहीको अन्तिम किनारा नलागेसम्म) खाईपाई आएको मासिक तलबको १/२ (आधा) मात्र पाउने छ । तर निज उपर लागेको अभियोग प्रमाणित नभई निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा १/२ (आधा) तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलब (तलब बृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बांकी तलब पाउने छैन ।

(२)   बैंक वा सरकारी कामको सिलशिलामा बाहेक अन्य कुनै कारणबाट निलम्वन रहन गएको रहेछ भने निजले त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता लगायतका कुनै सुविधा पाउने छैन ।

[85]९. **वोनस सम्बन्धी व्यवस्था** (१) बोनस ऐन र वोनस नियमावलीको अधिनमा रही ऐन बमोजिम तोकिएको कार्यावधि पुरा गरेका कर्मचारीलाई बैंकले आफ्नो मुनाफाबाट कर्मचारीलाई छुट्याएको बोनस रकम उपललब्ध गराउने छ । तर बोनस ऐन र बोनस नियमावलीले गरेको व्यवस्थाका साथै देहायको अवस्थाका कर्मचारीहरुलाई बोनस उपलब्ध गराईने छैनः

(क) विभागीय कारवाही चलिरहेको अवधि,

(ख) निलम्बनमा रहेको अवधि,

(ग) विदा अस्वीकृत भएको अवधि,

(घ) बैंकबाट अन्य संघ संस्थामा सोही कार्यालयवाट तलवभत्ता खानेगरी काजमा गएको अवधि, र

(ङ) नोकरीवाट हटाएका वा बर्खास्त भएका कर्मचारी नोकरीमा पुनःस्थापन भएको अवस्थामा नोकरीवाट हटाएका मिति देखि पुनस्थापना भएको मिति भन्दा अघिको अवधि ।

---

[84] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट बाट थप ।

[85] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट बाट थप ।

[८६] **विमा सम्वन्धि व्यवस्था**: (१) बैंकका कर्मचारीको बीमा वापत बैंकले एउटा सावधिक जीवन बिमा कोष स्थापना गर्नेछ ।

(२) बैंकका कर्मचारीको रु २ लाखको सावधिक जीवन बीमा गरिने छ । बीमा प्रिमियमको ५० प्रतिशत वैंकबाट र ५० प्रतिशत सम्वन्धित कर्मचारीले व्यहोर्नु पर्ने छ ।

(३) सावधिक जीवन बीमा कोष सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

(४) बैंकबाट सेवा निवृत्त कर्मचारीहरुलाई सामुहिक स्वस्थ्य उपचार बीमा योजना बनाई लागु गर्न सकिने छ ।

(५) उप-विनियम (३) बमोजिमको सेवा उपलव्ध गराउने प्रयोजनका लागि बैंक र कर्मचारी कल्याण कोषको योगदान रहने गरी पूर्व कर्मचारी सामुहिक स्वस्थ्य बीमा कोष खडा गरिने छ । सो कोषको संचालन गर्न गराउन व्यवस्थापनले निर्देशिका बनाई लागू गर्ने छ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भए तापनि बैंकबाट सेवा निवृत्त कर्मचारीहरुलाई समावेश गरिने बीमा योजनामा बैंकको आर्थिक दायित्व पर्ने छैन ।

## परिच्छेद - ४
## अवकाश, उपदान, उत्प्रेरक, पारितोषिक र पुरस्कार

१. [८७]...**अवकाश**: (१) कर्मचारीले निजको उमेर ५८ वर्ष पूरा भएमा [८८]वा ३० वर्ष सेवा अवधि पुरा भएमा वा उप-विनियम (५) को पदावधि पूरा भएमा बैंकको सेवाबाट अनिवार्य अवकाश पाउनेछ । [८९]तर ३० बर्ष सेवा अवधि पूरा हुने कर्मचारीको सेवा बैंकको हितको लागि आवश्यक संझेमा कार्यकारी प्रमुख[९०]ले बढीमा२ बर्षसम्मको म्याद थप गर्न बाधा पर्ने छैन । सेवा अवधि थप गर्ने आधारहरु देहाय वमोजिम हुनेछन् :

(क) अवकाश हुने कर्मचारीको सेवा वैंकको कामकाज चलाउन अत्यावश्यक देखिएमा,

(ख) अवकाश हुने कर्मचारी आफ्नो काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्नमा वढी लगनशील र दक्ष देखिएमा,

(ग) अवकाश हुने कर्मचारीको पछिल्लो २ वर्षको कार्य सम्पादन मूल्यांकन कम्तीमा उत्तम रहेमा ।

---

[86] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[87] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[88] कृषि विकास बैंक लि. कर्मचारी सेवा (दोश्रो संशोधन)विनियमावली, २०६३ बाट (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. २/कृषि विकास बैंक/८/०६३/६४ को मिति २०६३/९/११ को पत्रानुसार लागु हुने मिति २०६३/१०/१०) संशोधन

[89] कृषि विकास बैंक लि. कर्मचारी सेवा (तेश्रो संशोधन)विनियमावली, २०६३ बाट (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. २/कृषि विकास बैंक/१०/०६३/६४ को मिति २०६३/१०/७ को पत्रानुसार) संशोधन ।

[90] छैठौ संशोधन (ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.३/कृषि विकास/४/०६४-६५ मिति २०६५।०१।२६ को पत्र) बाट झिकिएको ।

(२) ......[91] कर्मचारीले बैंकको सेवाबाट अवकाश लिने इच्छा गरेमा नियुक्ति गर्ने अधिकारीले सेवाबाट अवकाश लिन अनुमति दिन सक्नेछ ।

[92](२क) बैंकले आवश्यकता अनुसार .....[93]अतिरिक्त सुविधा दिने गरी स्वेच्छिक अवकाश योजना लागूगर्न सक्नेछ ।

[94](३) कर्मचारीले बैंकको सेवाबाट राजिनामा गर्नुपरेमा एक महिनापूर्व लिखित सूचना दिनु पर्नेछ । पूर्व सूचना नदिएमा एक महीनाको तलव भत्ता बैंकलाई बुझाउनु पर्नेछ ।

(४) उप-विनियम (३) बमोजिम बैंकको सेवाबाट राजिनामा दिने कर्मचारीले आफूले संचित गर्न सकिने विदा संचित गरी राखेको भएमा त्यस्तो संचित विदाबाट यस प्रकार दिनुपर्ने पूर्व सूचना अवधिमा मिलाउन पाउने छैन ।

[95](५) देहायका पदका कर्मचारीहरुले देहायको पदावधि पूरा गरेपछि निजहरुलाई अनिवार्य अवकाश दिईनेछ । तर उक्त पदावधि पुग्ने अगावै निजको माथिल्लो पदमा पदोन्नति भएमा सो पदोन्नति भएको पदको पदावधिसम्म सेवा कायम हुनेछ ।

(क) अधिकृत विशिष्ठ श्रेणी पदमा ५ (पांच) वर्ष स्थायी सेवा अवधी पुरा गरेका ।

(ख)अधिकृत प्रथम श्रेणी पदमा ७ (सात) वर्ष स्थायी सेवा अवधी पुरा गरेका ।

(ग) खारेज........................... ।

(घ) खारेज........................... ।

[96](६) यस विनियमावलीमा जुनसुकै लेखिएको भएतापनि कुनै कर्मचारी आफै लामो समयदेखि कडा र दीर्घ रोगबाट पीडित भै बैंकबाट पाउने औषधोपचार सुविधा प्राप्त गरी औषधोपचार रकमको सीमासम्म उपभोग गरिसकेका र बैंकको कामकाज गर्न असमर्थ भएको भनी समितिले ठहऱ्याएका कर्मचारीलाई निजले उपभोग गरिसकेको औषधोपचार खर्च मिन्हा गरि सेवाबाट अवकाश दिन सकिनेछ ।

(७) कर्मचारीलाई उपदान दिने वा निवृत्तभिरणको[97] सट्टा दिइने रकमको प्रयोजनको लागि उमेरको हद ५८ वर्ष भन्दा बढी नहुने गरी निजले सेवा गरेको अवधिमा ५ (पांच) वर्षको सेवा अवधि जोडी कार्यकारी प्रमुखले [98] अवकाश दिन सक्नेछ । तर परिच्छेद ७ वमोजिम[99]

---

91 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

92 प्रथम संशोधनबाट संशोधन(ने.रा.बैंकको प.सं. बै.वि.नि.वि./ वि.आर.२/कृषि बैंक/७/०६२-६३ मिति २०६३।०८।२९ को पत्र)

93 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

94 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

95 नवौ र दशौं संशोधनबाट (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि /६/०६७/६८ को मिति २०६७/८/१९ को पत्रानुसार र नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. २/कृषि बैंक /००२/०६८/६९ को मिति २०६८/६/२३ को पत्रानुसार) शंसोधित ।

96 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

97 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

98 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

99 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

विभागीय कारवाहीमा परी अवकाश पाउने अवस्थाका कर्मचारीलाई भने ५ वर्षको सेवा अवधि थप गरिने छैन ।

[१००](८) बैंकका कुनै कर्मचारी वैंकको कार्यकारी प्रमुख नियुक्त भएमा त्यस्ता कर्मचारीलाई समितिले साविकको पदवाट अवकास दिने छ ।

[१०१]२. <u>उपदान</u>: (१) ५ वर्षभन्दा बढी बैंकको सेवा गरेका तर पेन्सन नपाउँदै अवकाश भएका वा राजिनामा स्वीकृत भई छोडी गएका वा भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य नठहरिने गरी हटाइएका कर्मचारीले देहायका दरले उपदान पाउने छन्:

(क) ५ वर्षदेखि १० वर्षसम्म नोकरी गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी ०.७५ (सून्य दशमलव सात पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(ख) १० वर्ष देखि १५ वर्षसम्म नोकरी गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १.२५ (एक दशमलव दुई पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(ग) १५ वर्ष भन्दा बढी तर २० वर्ष भन्दा कम नोकरी गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १.७५ (एक दशमलव सात पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(घ) २० वर्ष वा सो भन्दा बढी र २५ वर्ष भन्दा कम नोकरी गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त २.५ (दुई दशमलव पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(ङ) २५ वर्ष वा सो भन्दा बढी र ३० वर्ष भन्दा कम नोकरी गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त २.७५ (दुई दशमलव सात पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(च) ३० वर्ष वा सो भन्दा बढी नोकरी गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त ३.२५ (तिन दशमलव दुई पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

३. <u>निवृत्तिभरण:</u> [१०२] (१) २० वर्ष वा सो भन्दा बढी अवधिसम्म बैंकको सेवा अटुट रहेपछि अवकाश लिने कर्मचारीलाई देहायको हिसावले आजीवन मासिक निवृत्तिभरण[१०३] दिईनेछ :-

(क) २० वर्ष वा सो भन्दा बढी नोकरी गरेका अधिकृत स्तरका सवै कर्मचारीहरुले
<u>जम्मा नोकरी वर्ष × अवकाश हुँदाको मासिक तलव</u>

---

[100] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[101] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[102] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[103] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

६०

को हिसावले पाउनेछन् ।

(ख) २० वर्ष वा सो भन्दा बढी नोकरी गरेका सहायक स्तर प्रथम र द्वितिय श्रेणीका सवै कर्मचारीहरुले

जम्मा नोकरी वर्ष × अवकाश हुँदाको मासिक तलव

५५

को हिसावले निवृत्तिभरण[१०४] पाउनेछन् ।

(ग) २० वर्ष वा सो भन्दा बढी नोकरी गरेका सहायक स्तर द्वितिय श्रेणीभन्दा मुनिका सवै कर्मचारीहरुले

जम्मा नोकरी वर्ष × अवकाश हुँदाको मासिक तलव

५०

को हिसावले निवृत्तिभरण[१०५] पाउनेछन् ।

(घ) खण्ड (क), (ख) र (ग) अनुसार निवृत्तिभरण[१०६] पाउने कुनै कर्मचारीले मासिक निवृत्तिभरण[१०७] नलिई निवृत्तिभरण[१०८] को सट्टा एकमुष्ट उपदान रकम लिन चाहेमा त्यस्तो कर्मचारीले देहायको दरले एकमुष्ट रकम पाउने छ :–

[१०९](१) २० वर्ष वा सो भन्दा बढी र २५ वर्ष भन्दा कम नोकरी गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त २.५ (दुई दशमलव पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

[११०](२) २५ वर्ष वा सो भन्दा बढी र ३० वर्ष भन्दा कम नोकरी गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी २.७५ (दुई दशमलव सात पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

---

104 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

105 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

106 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

107 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

108 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

109 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि. /वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

110 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि. /वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[111](३) ३० वर्ष वा सो भन्दा बढी नोकरी गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त ३.२५ (तिन दशमलव दुई पाँच) महिनाको खाईपाई आएको तलव बरावरको रकम ।

(ङ) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मिति २०५०।१।१७ भन्दा अघि नियुक्ति भई बैंकको सेवामा बाहाल रहेको कर्मचारीले परिच्छेद ४ को विनियम १ को उप- विनियम (१) बमोजिम सेवाबाट अवकाश प्रप्त गर्दा ५८ बर्ष उमेर पुगेको तर ६० बर्ष उमेर पुरा हुन जति अवधि बांकी छ, सो अवधि समेत निजले गरेको जम्मा सेवा अवधिमा थपी निजले निवृत्तिभरण[112] वापत पाउने एकमुष्ट रकमका लागि हिसाव गरिनेछ । यस्तो अवधिमा वार्षिक टाईम स्केलको बृद्धी पाउने भए सो समेत थपी हिसाव गरिने छ ।

[113](च) १५ वर्ष वा सो भन्दा बढी बैंकमा स्थायी सेवारत कुनै कर्मचारीको मृत्यु भएमा कार्यकारी प्रमुख बाट त्यस्ता कर्मचारीको ५ वर्ष सेवा अवधि थप गरी निजले इच्छाएको व्यक्तिलाई वा मृत कर्मचारीको प्रचलित कानून बमोजिम नजिकको हकवालालाई यस विनियमावली बमोजिम निवृत्तिभरण वा उपदान तथा अन्य सुविधाहरु उपलब्ध गराइने छ ।

[114](छ) निवृत्तिभरण भुक्तानी कार्यलाई छुट्टै कार्यविधि वनाई व्यवस्थित गरिने छ ।

(२) मिति २०५०।१।१७ भन्दा पछि नियुक्ति हुने [115]कर्मचारीले विनियम २२ ३मा तोकिएकोसेवाअवधिअनुसार तोकिएको दरमा उपदान पाउनेछ तर निवृत्तिभरण दिइने छैन ।

[116](३) उप-विनियम (१) बमोजिम निवृतीभरण लिने गरी अवकाश पाएको कर्मचारीहरुलाई प्रत्येक बर्ष दशौको घटस्थापनाको १५ दिन अगावै निजले खाईपाई आएको मासिक निवृतिभरणको आधा रकम दशै खर्च वापत उपलब्ध गराईने छ ।

४. <u>**विशेष निवृत्तिभरण[117] पारिवारिक निवृत्तिभरण[118] इत्यादि**</u> : (१) यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि[119] आफ्नो ओहदाको कर्तव्य पालन गर्ने सिलसिलामा लागेको कुनै चोटपटकको कारणले कुनै कर्मचारीको मृत्यु भएमा बैंकको नियमानुसार निजको पाउने उपदान बाहेक निजले इच्छाएको व्यक्ति वा निजको एकाघरको परिवारलाई निजको सेवा अवधि जति वर्ष बाँकी छ त्यति

---

111 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

112 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

113 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

114 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

115 दशौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. २/कृषि बैंक/००२/०६८/६९ को मिति २०६८/६/२३ को पत्रबाट स्विकृत)बाट ।

116 आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट ।

117 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

118 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

119 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

वर्ष वा दश वर्ष मध्ये जुन कम हुन्छ त्यति वर्ष निजले खाईपाई आएको तलबको ५० प्रतिशत रकम विशेष निवृत्तिभरण[१२०] को रुपमा दिइनेछ ।

स्पष्टीकरणः यस उप-विनियमको प्रयोजनको निमित्त आफ्नो ओहदाको कर्तव्य पालन गर्ने सिलसिलालाई देहाय बमोजिम परिभाषित गरिएको छ :–

(क) कार्यालयमा घटेको कुनै आकस्मिक घटना (लुटपिट आदि) वा दैवी प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी) बाट बैंकको सम्पत्तिको सुरक्षा गर्दा,

(ख) कार्यालयमा रहेको नगद रकम अन्य बैंकमा जम्मा गर्न जांदा वा फिल्डमा ऋण असुली कार्यक्रममा गएको अवस्थामा असुली रकम लिई कार्यालय तर्फ फर्कदा वा सो कार्यक्रममा असुली रकम लिई हिंडदा रहजनी भै सो रकमको सुरक्षा गर्दा,

(ग) समितिले समय समयमा आफ्नो ओहदाको कर्तव्यपालन भनी माथि उल्लेखित परिभाषा बाहेक थप परिभाषा गरेमा सो अवस्थामा समेत कार्य गर्दा ।

(२) उप-विनियम (१) बमोजिम आफ्नो ओहदाको कर्तव्य पालन गर्ने सिलसिलामा लागेको कुनै चोट पटकको फलस्वरुप बैंकको कुनै कर्मचारी नोकरीको निमित्त काम गर्न नसक्ने गरी असक्त भएको चिकित्सकको प्यानल वोर्डबाट[१२१] प्रमाणित भएमा निजलाई उपदान सहित सेवाबाट अवकाश दिई निजले खाईपाई आएको तलबको ५० प्रतिशत बरावरको रकम ५८ वर्ष उमेर नपुग्दा सम्म विशेष निवृत्तिभरण[१२२] को रुपमा दिइने छ । तर निज कर्मचारीले बैंक बाहेक कहि कतै तलव भत्ता खाने गरि[१२३] काम गरेको जानकारी भएमा निजले खाईपाई आएको बिशेष निवृत्तिभरण[१२४] दिइने छैन ।

स्पष्टीकरणः– उप-विनियम (१) र (२) मा खाईपाई आएको तलब भन्नाले उक्त विशेष निवृत्तिभरण[१२५]अवधिमा बैंकले पटक पटक बृद्धि गरेको तलबलाई समेत जनाउने छ ।

[१२६](२क) उप-विनियम(१) वमोजिम ओहदाको कर्तव्य पालना गरेको कुरा प्रमाणित गर्ने अधिकारीले झुट्ठा व्यहोरा प्रमाणित गरेको पाईएमा वैंकलाई हानी नोक्सानी भएको रकम सम्वन्धित कर्मचारी उपर विभागीय कारवाही गरी असूल उपर गरिनेछ ।

(३) कुनै कर्मचारीको नोकरी छंदै अथवा निवृत्तिभरण [१२७]पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा निजले इच्छाएको व्यक्तिलाई वा मृतक कर्मचारीको नजीकको हकदारलाई ऐनले तोकेको क्रमानुसार यसै परिच्छेदको विनियम २ वा विनियम ३ अनुसार उक्त कर्मचारीले पाउने उपदान अथवा निवृत्तिभरण[१२८] दिईने छ । तर (क) निवृत्तिभरण[१२९] पाउने अवधि पूरा भएको तर

---

[120] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[121] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[122] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[123] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[124] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[125] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[126] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[127] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[128] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

निवृत्तिभरण[130] पाउनु अगावै मृत्यु भएका कर्मचारीको परिवारलाई प्रचलित कानूनले तोकेको क्रमानुसार यसै परिच्छेदको विनियम २ वा विनियम ३ अनुसार उक्त कर्मचारीले पाउने उपदान अथवा निवृत्तिभरण[131] दिइनेछ । र (ख) कुनै कर्मचारीको निवृत्तिभरण[132] पाउन थालेको ७ वर्ष नपुग्दैमा मृत्यु भएमा निजले इच्छाएको व्यक्ति वा निजको नजीकको हकदारले ७ वर्ष पुग्न बाँकी अवधिसम्म मात्र निवृत्तिभरण[133] पाउनेछ ।

[134]४क. <u>वेपत्ता भएका कर्मचारीको सुविधा रकम भुक्तानी सम्वन्धी व्यवस्था</u> : कुनै वहालवाला कर्मचारी हराई वेपत्ता भएमा कम्तीमा ५ वर्षसम्म निज जिवित रहेको वा नरहेको भन्ने कुरा पत्ता नलागेमा सो व्यहोराको ३५ दिने सार्वजनिक सूचना कुनै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी सो अवधिमा वेपत्ता भएको कर्मचारी वैंकमा उपस्थित नभएमा यस विनियमावली वमोजिम कर्मचारीले पाउने उपदान, निवृत्तिभरण र अन्य सुविधा निजद्वारा कर्मचारी व्यक्तिगत विवरण फाराममा ईच्छाईएका व्यक्तिलाई भुक्तानी दिईनेछ । कसैलाई ईच्छाईएको नभएमा निजको नजिकको हकवालालाई भुक्तानी दिईनेछ ।

[135]४ख.<u>कर्मचारी सुरक्षण कोष सम्बन्धी व्यवस्थाः</u> (१) २० वर्ष सेवा अवधि पुरा गरी नोकरीबाट अवकाश लिएका वा सेवा अवधि थप गरी २० वर्ष सेवा अवधि पुगेका वा २० वर्ष नपुग्दै मृत्यु भएका स्थायी कर्मचारीलाई अनुसूची- ६ख बमोजिम एकमुष्ट रकम सुरक्षण कोषबाट प्रदान गरिनेछ ।

(२) उपविनियम (१) को प्रयोजनको निमित्त आवश्यक पर्ने रकम प्रत्येक आर्थिक वर्षमा कर्मचारी सुरक्षण कोषमा जम्मा गरिनेछ ।

(३) सुरक्षण कोष संचालन सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

५. <u>दीर्घ सेवा कदर पुरस्कारः</u> बैंकमा अविच्छिन्न रुपले देहाय बमोजिमको सेवा अवधि पुगेका .....[136] कर्मचारीहरुलाई समितिबाट बैंक दिवस (माघ ७ गते) का दिन देहाय बमोजिमले पुरस्कृत गर्न सकिने छ :

[137](क) २० बर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई कदरपत्र, तक्मा र रु.७,५०० (सात हजार पाँच सय) नगद पुरस्कार ।

[138](ख) २५ बर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई कदरपत्र र रु.१५,००० (पन्ध्र हजार) नगद पुरस्कार ।

---

[129] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[130] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[131] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[132] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[133] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन

[134] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[135] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[136] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट झिकिएको ।

[137] कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

[139](ग) खण्ड (क) र (ख) बमोजिमका मापदण्ड नाघेका तर कुनै पनि पुरस्कार नपाएका कर्मचारीलाई कदर पत्र, तक्मा र रु १५,०००।-(पन्ध्र हजार) नगद पुरस्कार ।

[140]**स्पष्टिकरण**:

यस विनियमको प्रयोजनको लागि असाधारण वा वेतलवी विदाको अवधि, विदा अस्वीकृत भएको अवधि र बैंकवाट हटाएको वा वर्खास्त भई नोकरीमा पुनःकायम वा पुनःस्थापित भएको अवस्थामा नोकरीवाट हटाएका मितिदेखि नोकरीमा पुनःकायम वा पुनःस्थापित भएको अघिल्लो दिनसम्मको अवधिलाई अविच्छिन्न रुपले सेवा गरेको अवधि मानिने छैन ।

६. **उपदान र निवृत्तिभरण[141]को लागि निवेदन दिनुपर्ने**: कर्मचारीले अवकाश ग्रहण गर्दा अवकाश पाउने एक महिना अगाडि अनुसूची- ७ बमोजिमको फाराम कर्मचारी प्रशासन शाखाले भराई कार्यकारी प्रमुख[142]को स्वीकृति गराई राख्नु पर्नेछ । मृत कर्मचारीको हकमा हकवालाले पाउने उपदान र निवृत्तिभरण[143] को निमित्त सम्बन्धित कर्मचारीको मृत्यु भएपछि यथाशक्य छिटो सम्बन्धित हकवालालाई उपलव्ध गराउने व्यवस्था कर्मचारी प्रशासन शाखाले गर्नु पर्नेछ ।

७. **पांच वर्ष सेवा अवधि थप गरिने** : बैंकमा १५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुगेका कर्मचारीले निवृत्तिभरण[144] को सट्टा विनियम ३ बमोजिम पाउने उपदान रकम लिने गरी बैंकको सेवाबाट अलग हुन चाहेमा अवकाश हुने उमेरको हद ५८ वर्ष भन्दा बढी नहुने गरी निजले सेवा गरेको अवधिमा ५(पांच) वर्षसम्मको सेवा अवधि थप गरी कार्यकारी प्रमुख[145] ले अवकाश दिन सक्नेछ । तर तल्लो पदमा ५ वर्ष सेवा अवधि थप गरी स्वेच्छिक अवकाश लिई माथिल्लो पदमा नयाँ नियुक्ति लिनेलाई भने ५ वर्षको सेवा अवधि थप गरिने छैन ।

## परिच्छेद – ५

## कर्मचारीको उमेरको हिसाब र नोकरी अवधिको गणना

१. **नोकरी अवधिको गणना**: निवृत्तिभरण वा[146] उपदानको निमित्त नोकरी अवधिको गणना गर्दा असाधारण बिदा कटाई गणना गरिने छ ।

२. कर्मचारीको उमेरको हिसाबः कर्मचारीको उमेर हिसाव गर्दा देहायमा उल्लेख गरेको विवरणमा जुन पहिलो हुन्छ सोही उमेरलाई कायम गरी हिसाव गरिनेछ :

---

138 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

139 कृषि विकास बैंक लि. कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७७ (नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर.-२/कृषि/०७६/७७ को मिति २०७७/०४/१२को पत्रानुसार)बाट संशोधन ।

140 आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट ।

141 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

142 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

143 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

144 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

145 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

146 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

(क) नोकरीमा प्रवेश गरेको अवस्थामा कर्मचारीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्ममिति वा उमेरबाट हुन आउने उमेर ।

(ख) खण्ड (क)[१४७] मा उल्लेख गरे बमोजिमको अभिलेख नभएमा निजले नोकरीको निमित्त दरखास्त दिंदा उल्लेख गरेको जन्म मितिबाट हुन आउने उमेर ।

[१४८]३. ....

## परिच्छेद - ६
## बिदा र सूचना तामेली

१. बिदा नलिई काममा अनुपस्थित हुन नपाईनेः (१) विदा अधिकारको कुरा होइन सहुलियत मात्र हो ।

(२) बिरामी विदा र भैपरी आउने विदा वाहेक अन्य विदा स्वीकृत नगराई विदा बस्न पाइने छैन ।

(३) उप-विनियम (२) मा जुनसुकै[१४९] लेखिएको भएतापनि शारीरिक अशक्तता अथवा कुनै विशेष परिस्थितिले गर्दा कार्यालयमा आउन नसक्ने भएमा बिदाको निकासाको लागि त्यस्तो कर्मचारीले बिरामी बिदा बसेको ७ दिनभित्र विदाको निवेदन पठाईसक्नु पर्नेछ ।

[१५०]( ४) कार्यालयबाट विदा लिई बसेका कर्मचारीले विदा सिद्धिएपछि विशेष कारणवश कार्यालयमा हाजिर हुन नसकेमा त्यस्तो विदा सिद्धिएको २४ घण्टाभित्र चाहिएको थप विदाको लागि छिटो साधनद्वारा निवेदन पठाउनु पर्नेछ । त्यसरी माग भएको थप विदा अस्वीकृत भएमा कार्यालयमा अनुपस्थित रहेको अवधिलाई गयल भएको मानिनेछ । विदा अस्वीकृत भएको जानकारी सम्वन्धित कर्मचारीलाई तुरुन्त दिनु पर्नेछ ।

(५) ...[१५१]

(६) उप-विनियम (२) र (४) उल्लंघन गरी पटक पटक गयल हुने कर्मचारीलाई तलवभत्ता कट्टा गरी परिच्छेद ७ बमोजिम विभागीय सजांय समेत गर्न सकिने छ ।

[१५२]२. विदा भित्र ओहोदाको काम सम्हाल्न सूचना दिनुपर्नेः विदा बसेका कर्मचारीले विदा बाँकी छँदै हाजिर भई आफ्नो ओहदाको कामकाज गर्न पाउने छ । तर यसको सूचना विदा स्वीकृत गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

---

147 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।
148 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट खारेज ।
149 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।
150 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
151 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट खारेज ।
152 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[153]३. **विदा वस्दाका बखत इलाका छाड्न स्वीकृति लिनुपर्ने**: कार्यालयको कामको सिलसिलामा काज खटिएकोमा वा बिदामा वस्दा विदा दिने अधिकार प्राप्त अधिकारीको इजाजत वेगर आफ्नो कार्यालय रहेको कार्यक्षेत्र छोडी अन्यत्र जान मिल्ने छैन । त्यसरी जानुपर्ने भएमा कार्यालयको काममा वाधा नपर्ने र बैंकको सम्पत्ति हिनामिना नहुने प्रवन्ध मिलाई मात्र जानु पर्नेछ । इजाजत लिन नभ्याएमा कारण खोली निवेदन पेश गरी जानु पर्नेछ ।

[154]३क **छड्के जांच**: वैंकले समय समयमा हाजिर तथा पदीय जिम्मेवारी अनुसार कार्य गरे नगरेको सम्वन्धमा छड्के जांच गर्न सक्ने छ । त्यसरी छड्के जांच गर्दा कुनै कर्मचारी ढिला गरी कार्यालय आएको वा कार्यालयको कामको सिलसिलामा वाहेक कार्यालय प्रमुखको स्वीकृति वेगर कार्यालय छोडी वाहिर गएको फेला परेमा निजलाई गयल गर्न सकिने छ ।

४. **विदाको किसिम**: (१) कर्मचारीले पाउन सक्ने विदाको किसिम देहाय बमोजिम हुनेछ :

(क) भैपरी आउने बिदा

(ख) सट्टा विदा

(ग) प्रसुती/प्रसुती स्याहार विदा

(घ) किरिया बिदा

(ङ) घर बिदा

(च) बिरामी बिदा

(छ) अध्ययन बिदा

(ज) असाधारण बिदा

(२) कर्मचारीहरुको बिदा सम्वन्धी रेकर्ड अनुसूची- ८ बमोजिम राखिनेछ ।

५ **भैपरी आउने बिदा** : कर्मचारीले देहाय बमोजिम भैपरी आउने बिदा पाउने छन् :-

(क) कर्मचारीले प्रत्येक वर्ष १२ दिनमा नबढाई भैपरी आउने बिदा पाउन सक्नेछन् । यस्तो बिदा १२ (आधा) दिन पनि लिन पाउने छन् ।

(ख) भैपरी आउने बिदा चैत्र महिनामा एकपटकमा २ दिन मात्र र अन्य महिनाहरुमा साधारणतया एक पटकमा ५ दिनसम्मको दिन सकिनेछ ।

(ग) भैपरी आउने बिदा कुनै पनि बिदा संग मिलाई लिन पाउनेछ ।

(घ) भैपरी आउने बिदा सोही वर्ष उपभोग गर्नु पर्नेछ र संचित गरी अर्को सालमा लिन पाइने छैन ।

---

153 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

154 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[155]५क. **सट्टा बिदा** : कर्मचारीले देहाय बमोजिम सट्टा बिदा पाउने छन् :-

(क) बिदाको दिनमा कार्यालय प्रमुखले मनासिब कारण सहित कुनै कर्मचारीलाई थप कार्य (खाताबन्दीको कार्य बाहेक) का लागि ६ घण्टा भन्दा बढी समयसम्म काम गर्न लगाएमा त्यसरी काम गरेको दिन सट्टा बिदा पाउन सक्नेछन् । त्यस्तो सट्टा बिदा एक वर्षमा १० (दश) दिन भन्दा बढी दिइने छैन । तर कार्यालय प्रमुखले बिदाको दिनमा बैंकको कुनै पनि कार्य गरे वापत सट्टा बिदा पाउने छैन ।

(ख) सट्टा बिदा १२ (आधा) दिन पनि लिन पाउने छन् ।

(ग) सट्टा बिदा साधारणतया एक पटकमा २ दिनसम्मको दिन सकिनेछ ।

(घ) सट्टा बिदा कुनै पनि बिदा संग मिलाई लिन पाउनेछ ।

(ङ) सट्टा बिदा सोही वर्ष उपभोग गर्नु पर्नेछ र संचित गरी अर्को सालमा लिन पाइने छैन ।

[156]५ख. प्रसुती बिदा र प्रसुती स्याहार बिदा : (१) कुनै महिला कर्मचारी गर्भवती भएमा सुत्केरी हुनु अगाडि र पछाडि गरी अन्ठानब्बे दिनसम्म प्रसूति विदा पाउनेछ ।

(२) उपविनियम (१) वमोजिम प्रसूति विदा लिएका महिला कर्मचारीले चाहेमा कुनै पनि विदावाट कट्टा नहुने गरी थप छ महिनासम्म वेतलवी प्रसूति विदा लिन सक्नेछन् । तर यस्तो वेतलवी विदा प्रसूति विदासँग लगातार रुपमा लिनुपर्नेछ ।

(३) उपविनियम (२) वमोजिम बेतलवी प्रसूति विदामा वसेको अवधिमा घर बिदा, बिरामी बिदा, तलव,भत्ता र अन्य सुविधा दिइने छैन । तर सो अबधि नोकरीमा गणना गरिनेछ ।

(४) उपविनियम (१) वमोजिमको विदा बस्ने कर्मचारीले पूरा तलव भत्ता पाउनेछ ।

(५) कुनै पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन पाउनेछ ।

(६) प्रसूति स्याहार विदा वस्ने कर्मचारीले पूरा तलव पाउनेछ ।

(७) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(८) प्रसूति स्याहार विदा लिएको कर्मचारीले विदा लिएको मितिले तीन महिना भित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र कार्यरत कार्यालयमा पेश गर्नुपर्नेछ ।

---

[155] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।
[156] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(९) उपविनियम (८) वमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने कर्मचारीको त्यस्तो विदाको अवधि निजले पाउने अन्य विदाबाट कट्टा गरिनेछ । अन्य विदा सञ्चित नभएमा गयल कट्टी गरिनेछ ।

(१०) प्रसूति विदा तथा प्रसूति स्याहार विदा पाएका कर्मचारीलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई वटा वच्चाको लागि जनही एकमुष्ट पाँचहजार रुपैयाँ शिशु स्याहार भत्ता दिइनेछ । तर पति र पत्नी दुवै बैङ्कको सेवामा कार्यरत रहेको भए एक जना कर्मचारीले मात्र शिशु स्याहार भत्ता पाउनेछ ।

(११) प्रसूति विदा तथा प्रसूति स्याहार विदा लिएको अभिलेख सम्वन्धित कार्यालयले अद्यावधिक बनाई प्रत्येक पटक सरुवा भई रमाना लिई जाँदा रमाना पत्रमा र कर्मचारी अभिलेख फाइलमा समेत राख्नुपर्नेछ ।

(१२) प्रसूति विदा माग गर्ने कर्मचारीले प्रसूति सम्वन्धमा जाँच गराएको अस्पतालको र सुत्केरी भएको सम्वन्धित अस्पताल वा नर्सिङ्गहोमको डिस्चार्ज समरी वा बर्थ सर्टिफिकेट वा जन्म दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ । जन्म दर्ता पेश नगरेमा अन्य विदाबाट कट्टा गर्न सकिनेछ ।

[१५७]**५ग.** **किरिया बिदा** : कर्मचारीले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा १५ (पन्ध्र) दिन किरिया बिदा पाउने छ । महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यति नै दिन किरिया बिदा दिइने छ ।

[१५८]६. **घर बिदा** : (१) कर्मचारीले काम गरेको अवधिको प्रत्येक ६ दिनको १/२ दिनका दरले घर बिदा पाउनेछन् ।

स्पष्टीकरण : यस उप-विनियमको प्रयोजनको निमित्त “काम गरेको अवधि” भन्नाले

(क) कार्यालयमा हाजिर भएका दिनका अतिरिक्त कर्मचारीले लिएको भैपरी आउने विदा, सट्टा विदा, विरामी विदा, प्रसुती विदा/प्रसुती स्याहार विदा, किरिया विदा र सार्वजनिक विदा समेतलाई सम्झनु पर्छ ।

(ख) कर्मचारीले ५ दिन वा सो भन्दा कम अवधिको घर विदा वसेको दिन ।

(२) यस्तो बिदा बढीमा १५० दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) कर्मचारीले देहाय वमोजिमको संचित घर विदाको सट्टा रकम लिन सक्नेछन् :

(क) ६० दिनभन्दा बढी घर बिदा संचित गरेका कर्मचारीले ६० दिनभन्दा बढी संचित रहेको घर बिदाको सट्टा खाईपाई आएको तलव र समितिले तोके बमोजिमको भत्ताको हिसावबाट रकम माँग गरेमा एक क्यालेण्डर वर्षमा बढीमा ३० दिनसम्मको घर बिदाको सट्टा रकम नै दिइनेछ । तर १५ दिनभन्दा घटीको रकम दिइने छैन ।

---

[157] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[158] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(ख) कुनै कर्मचारीले कुनै कारणबाट अवकाश पाएमा वा लिएमा संचित बाँकी घर बिदा दिनको निजले त्यस बखत खाईपाई आएको तलवको दरले हुने रकम एकमुष्ट दिइनेछ ।

(४) कर्मचारीले वर्षको एक पटक कम्तीमा ७ (सात) दिन घर बिदा लिई घर जांदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउंदा मोटर, रेल हवाई जहाजको बाटोलाई जति दिन लाग्ने हो त्यसको आधारमा बढीमा ६ (छ) दिनसम्म बाटोको म्याद दिन सकिनेछ र बाटोको म्याद संचित हुने छैन ।

(५) उप-विनियम (४) बमोजिम कर्मचारी घर विदामा जांदा निजको घर रहेको जिल्लास्तरीय बैंक कार्यालय वा घर नजिकको बैंकको कुनै कार्यालयबाट घर गएको प्रमाण लिएर आउनु पर्नेछ ।

(६) अध्ययन बिदा वा असाधारण बिदामा बसेका कर्मचारीले सो अवधिभरको घर बिदा पाउने छैन ।

(७) सुविधा सहितको अनिवार्य घर विदामा वस्नुपर्ने व्यवस्था समितिले तोके वमोजिम हुने छ ।

[१५९]७. <u>बिरामी बिदा</u> : (१) कर्मचारीले एक वर्षमा पन्ध्र दिन विरामी विदा पाउन सक्नेछ र यस्तो विरामी विदा वर्ष भुक्तानी नहुदै पेश्की समेत दिन सकिनेछ । तर अध्ययन र असाधारण विदा वस्दाको अवधिभर विरामी विदा पाउने छैन ।

(२) विरामी विदामा वसेको कर्मचारीले पूरा तलव भत्ता पाउनेछ ।

(३) कर्मचारीले पाउने विरामी विदा सेवा अवधिभर सञ्चित हुदै जानेछ ।

(४) कर्मचारी सेवावाट अलग भएमा निजको सञ्चित विरामी विदा वापत निजले खाईपाई आएको तलव वरावरको रकम दिईनेछ ।

(५) उप-विनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ठुलो वा कडा रोग लागि उपचार्थ विदा वस्दा विरामी विदा तथा घर विदा समेतवाट नपुगेमा त्यस्तो कर्मचारीलाई एक वर्षमा तलव मात्र पाउने गरी पैतालिस दिनसम्म थप विरामी विदा दिन सकिनेछ ।

(६) कुनै ठूलो वा कडा रोग लागि बिरामी भएका स्थायी कर्मचारीले बिरामी बिदा तथा घर बिदा समेतबाट बिदा नपुग भएमा नोकरीको तमाम अवधिभर १ वर्षमा नबढाई खाईपाई आएको तलव मात्र पाउने गरी विशेष बिरामी बिदा पाउन सक्नेछ । स्पष्टिकरण : ठूलो वा कडा रोग लागेको भन्ने कुरा नेपाल सरकारवाट मान्यता प्राप्त अस्पताल वा नर्सिङ्गहोममा गठित मेडिकल वोर्डवाट सिफारिस भएको हुनुपर्ने छ ।

---

[159] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[160]८. **अध्ययन बिदा** : (१) कर्मचारीले देहायको अवस्थामा सेवा अवधि भरमा एकै पटक वा पटक पटक गरी ३ वर्षसम्मका लागि तोकिएको अध्ययन क्षेत्रमा स्वदेश वा विदेशमा अध्ययन गर्न अध्ययन विदा पाउने छ ।

(क) बैंकलाई प्राप्त छात्रवृत्तिमा वैकवाट परिच्छेद-९ को विनियम १ वमोजिम मनोनयन भई अध्ययन गर्न ।

(ख) बैंकलाई कुनै स्वदेशी वा विदेशी दातृ संस्थावाट प्राप्त सिटमा वा कर्मचारीले आफ्नो निजी प्रयासवाट तोकिएको अध्ययन क्षेत्र भित्र वैंकको लागि उपयोगी हुने विषयमा विदेशी शिक्षण संस्था वा तालिम प्रतिष्ठानमा डिप्लोमा, पोष्ट ग्राजुएट डिप्लोमा गर्न वा छोटो अवधिको तालिम लिन ।

(ग) कर्मचारीले आफ्नो निजी प्रयासवाट कर्मचारी आफैले खर्च व्यहोर्ने गरी वा कुनै छात्रवृत्ति पाएमा ।

(२) बैंकमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका र अध्ययन पूरा गरी फर्किदा कम्तीमा ८ वर्ष सेवा अवधि वांकी रहन सक्ने अधिकृत प्रथम श्रेणीसम्मका कर्मचारीले मात्र अध्ययन विदा माग गर्न सक्नेछन् ।

(३) अध्ययन विदा स्वीकृतिको लागि कर्मचारीले देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

(क) सम्वन्धित विश्वविद्यालय वा शिक्षण संस्थावाट अध्ययनको लागि भर्ना गर्न स्वीकृति दिएको प्रमाण ।

(ख) सम्वन्धित विश्वविद्यालय वा शिक्षण संस्थामा भर्ना भएको प्रमाण ।

(ग) वैदेशिक अध्ययन संस्थामा अध्ययनको लागि सम्वन्धित राष्ट्रको प्रवेश आज्ञाको प्रमाण ।

(४) उप विनियम (१) को खण्ड (क) र (ग) वमोजिम अध्ययन विदा दिंदा स्नातकोत्तर तहको अध्ययनको लागि कम्तीमा द्धितीय श्रेणी र विद्यावारिधिको लागि स्नातकोत्तर तह वा सो सरहमा कम्तीमा प्रथम श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ।

(५) अध्ययन विदा स्वीकृत भैसकेपछि कर्मचारीले अनुसूची १० वमोजिम कवुलियत गर्नुपर्ने छ ।

(६) अध्ययन बिदामा रहने कर्मचारीलाई निजले खाईपाई आएको तलव र दशै खर्च मात्र दिईने छ ।

(७) उप-विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जुन विषयको लागि अध्ययन विदा स्वीकृत गरिएको हो त्यस्तो अध्ययनको लागि समय नपुग भएको पर्याप्त आधार र कारण छ भन्ने समितिलाई लागेमा १ वर्ष थप अध्ययन विदा स्वीकृत गर्न सक्नेछ । तर थप विषयमा अध्ययन वा उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थप गरिने छैन ।

---

[160] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(८) अध्ययन बिदामा बस्ने कर्मचारीले सो अवधिभर औषधोपचार सापटी बाहेक अन्य कुनै पनि सापटी पाउने छैन र विनियम ४मा उल्लेखित अध्ययन विदा वाहेक कुनै पनि बिदा पाउनेछैन ।

९. <u>असाधारण बिदाः</u> (१) कर्मचारीले सेवा अवधि भरमा २ (दुई) वर्षमा नबढाई असाधारण बिदा पाउन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम असाधारण विदा बस्ने कर्मचारीले असाधारण बिदा लिनु पर्ने कारण सहित कार्यकारी प्रमुख[१६१] समक्ष निवेदन दिनु पर्नेछ र कारण मनासिब देखिएमा कार्यकारी प्रमुख[१६२] ले उप-विनियम (४) र (५) को अवस्थामा बाहेक अन्य अवस्थामा एक पटकमा १ (एक) वर्षसम्म असाधारण बिदा स्वीकृत गर्न सक्नेछ ।

(३) असाधारण बिदामा बस्ने कर्मचारीले सो अवधिभर तलब भत्ता र सो अवधिमा बृद्धि हुने ग्रेड समेत पाउने छैन ।

(४) ५ (पांच) वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि कर्मचारीले असाधारण बिदा पाउने छैन ।

(५) बैंकसंग सम्बन्ध रहेको वा बैंक सदस्य भएको अन्तरराष्ट्रिय संघ, संगठनमा नेपालराज्य[१६३] बाहिर गई सेवा गर्ने अवस्थामा बढीमा २ वर्षसम्म मात्र असाधारण बिदा दिन सकिने छ ।

[१६४]१०. **<u>सार्वजनिक बिदा</u>** : (१) सार्वजनिक विदा समितिले निर्धारण गरे वमोजिम हुने छ ।

(२) बैंकको कुनै सेवारत कर्मचारीको निधन भएमा शोक मनाउनका लागि निज काम गरिरहेको कार्यालय एक दिन बन्द रहने छ ।

११. <u>बिदा स्वीकृत गर्ने अधिकारीः</u> यो विनियमावली बमोजिम कार्यकारी प्रमुख[१६५]को बिदा अध्यक्षबाट स्वीकृति हुनेछ । अन्य सबै कर्मचारीहरुको बिदा स्वीकृत गर्ने अधिकार कार्यकारी प्रमुख[१६६]लाई हुनेछ । कार्यकारी प्रमुख[१६७]ले आफूमा निहित बिदा स्वीकृत गर्ने अधिकार आफ्नो मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

[१६८]१२. **<u>बैंकको कोष जिम्मा लिनेले बिदा बस्नु पर्दा गर्नु पर्नेः</u>** सार्वजनिक विदाको दिन बाहेक अरु दिनमा बैंकको कोष जिम्मा लिने कर्मचारीले बिदा बस्दा आफु जिम्मा रहेको नगद तथा जिन्सी जिम्मा लगाएर मात्र विदा वस्नुपर्ने छ ।

---

[161] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[162] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[163] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[164] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[165] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[166] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[167] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[168] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

१३. **<u>निवेदनको मितिभन्दा अघिको बिदा स्वीकृत हुन सक्ने</u>** : देहायमा लेखिए बमोजिमको कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निवेदनको मितिभन्दा अगाडिदेखि बिदा बस्न पाउने गरी निवेदकलाई बिदा दिन सक्नेछ :

(क) बिदा दिने अधिकारीको पूर्वस्वीकृति लिईरहनु सम्भव थिएन भने वा

(ख) पूर्वस्वीकृति प्राप्तिका लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

१४. **<u>विदा नलिई गयल हुन नपाईने</u>** : (१) यस विनियमावली बमोजिम बिदा नलिई कुनै कर्मचारी पनि आफ्नो कार्यालयबाट गयल हुन पाउने छैनन् ।

(२) उप-विनियम (१) उल्लंघन गरी गयल हुने कर्मचारीलाई तलव कट्टा गर्ने वा बिभागीय कारवाही गर्न सकिनेछ ।

[१६९]१५. **<u>सूचना दिएको मानिने</u>**ः यस विनियमावली बमोजिम सम्वन्धित कर्मचारीलाई कुनै कुराको सूचना दिनुपर्ने भई सूचना दिएकोमा त्यस्ता कर्मचारीले सो सूचना नबुझेमा वा त्यस्ता कर्मचारी फेला नपरेमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा एक पटक सूचना प्रकाशित गर्न सकिने छ । यसरी सूचना प्रकाशित भएको मितिलाई नै सूचना तामेली भएको मानिने छ ।

१६. **<u>बिदा जोडी लिन पाउने तर परिणत नहुने</u>**ः (१) बिदामा बस्दा कर्मचारीले देहाय बमोजिम बिदा जोडी लिन पाउने छ :–

(क) विनियम ४ मा उल्लेखित जुनसुकै किसिमको बिदाको अगाडि वा पछाडि भैपरी आउने बिदा मिलाई लिन पाउने छ ।

(ख) घर बिदा स्वीकृत गरी घर गएको कर्मचारी बिरामी भएमा घर बिदापछि बिरामी बिदा लिन पाउने छ ।

(ग) बिरामी बिदा पछि सो बिदा संचित नरहेको अवस्थामा बाहेक घर बिदा लिन पाउने छैन ।

(घ) यस उप-विनियमको खण्ड (क), (ख), (ग) र विनियम ५ को खण्ड (ख) र विनियम ५क को खण्ड (ग)[१७०] मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कर्मचारीको संचित एक वा दुई किसिमको बिदाले निजले माँग गरेको बिदा अवधिलाई नपुग्ने अवस्था भएमा जुनसुकै किसिमको बिदा पनि जोडेर लिन पाउने छ ।

[१७१](२) कर्मचारीले जुन बिदा स्वीकृत गराई बिदामा बसेको छ सो बिदा भुक्तान नहुंदासम्म अन्य विदामा परिणत हुने छैन । स्वीकृत बिदा भुक्तान नहुँदै किरिया बिदा वा प्रसुती बिदा लिनुपर्ने अवस्था भएमा यस्तो विदा परिणत गर्न यस विनियमले वाधा पुऱ्याउने छैन ।

---

[169] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[170] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[171] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

१७. **सार्वजनिक बिदा गाभिने**: सार्वजनिक बिदाको अगाडि र पछाडि भैपरी आउने बिदा, सट्टा बिदा र बिरामी बिदा लिएको अवस्थामा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको कर्मचारीले सो बिदा भुक्तान हुंदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि पनि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बांकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ ।

१८. **आधा दिन बिदा लिने समय** : आधा दिनको भैपरी आउने विदा लिंदा पहिलो आधा दिनको भैपरी आउने बिदा बिहान १० बजे देखि दिउँसो १:३० बजे सम्म र दोश्रो आधा दिनको भैपरी आउने बिदा दिउँसो १:३० बजे देखि कार्यालय बन्द हुने समयसम्म हुनेछ ।

## परिच्छेद – ७
## विभागीय कारवाही र सजाय

[172]१. **सजाय**: कुनै कर्मचारीलाई निजको खराव आचरण र कसूरको गम्भीरता समेतलाई ध्यानमा राखी उचीत र पर्याप्त आधार र कारण देखिएमा सजाय दिने अधिकारीले देहायको सजायको आदेश दिन सक्नेछ :-

(क) **सामान्य सजाय**:

(१) नसिहत दिने ।

(२) वढीमा दुई तलव वृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म वढुवा रोक्का गर्ने ।

(३) दुई देखि पाँच तलव वृद्धि रोक्का गर्ने वा दुई देखि पाँच बर्षसम्म वढुवा रोक्कागर्ने ।

(ख) **विशेष सजाय**:

(१) भविष्यमा बैङ्कको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा बैङ्कको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

[173]२. **नसिहत दिने**: देहायको अवस्थामा बैङ्कको कुनै कर्मचारीलाई नसिहत दिन सकिनेछ :-

(क) आफूले गर्नुपर्ने काम प्रति हेलचेक्र्याई गरेमा ।

(ख) काम सन्तोषजनक नगरेमा ।

---

[172] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

[173] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(ग) सरुवा वा बढुवा भएको कर्मचारीलाई एक्काईस दिनभित्र रमाना नदिएमा वा त्यस्तो कर्मचारीले रमाना नलिएमा ।

(घ) समयमा बरबुझारथ नगरे नगराएमा ।

(ङ) सुपरीवेक्षक वा मूल्याङ्कनकर्ताले तोकिएको अवधिभित्र आफू मातहतको कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन नगरेमा ।

(च) आफूभन्दा माथिल्लो पदाधिकारीले दिएको लिखित आदेश वा निर्देशन उल्लंघन गरेमा ।

(छ) पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा ।

(ज) एक वर्षमा एक पटक सचेत गराइएकोमा पुनः सचेत गराउन सकिने कार्य गरेमा ।

(झ) सेवाग्राहीको पीरमर्का वा उजूरीको बेवास्ता गरेमा ।

[१७४]३. <u>दुई तलव वृद्धिसम्म रोक्का गर्ने वा दुई वर्षसम्म वढुवा रोक्का गर्नेः</u> देहायका अवस्थामा बैङ्कका कर्मचारीलाई निजको वढीमा दुई तलव वृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म वढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन कार्य गरेमा ।

(ख) एउटै तहमा रहँदा नसिहत पाएकोमा पुनः नसिहत पाउने कार्य गरेमा ।

(ग) असूल गर्नुपर्ने ठहरिएको बेरुजु रकम म्यादभित्र फर्स्यौट नगरेमा ।

(घ) सरुवा वा बढुवा भएको कर्मचारी रमाना लिएको मितिले पैंतीस दिनभित्र सरुवा वा बढुवा भएको कार्यालयमा हाजिर नभएमा ।

(ङ) कार्यालयले जारी गरेका कागजातहरु सम्वन्धित कर्मचारीले नबुझे वा बुझ्न नमानेमा ।

(च) कार्यालयबाट हुने खर्चमा लापरवाही गरेमा ।

(छ) ऋण प्रवाह गर्दा वैङ्कको ऋण लगानी कार्यविधि विपरित कार्य गरेमा ।

[१७५]४. <u>दुई देखि पाँच तलव वृद्धि रोक्का गर्ने वा दुई देखि पाँच वर्षसम्म वढुवा रोक्का गर्नेः</u> देहायका अवस्थामा बैंङ्कका कर्मचारीलाई निजको दुई देखि पाँच तलव वृद्धि रोक्का गर्ने वा दुई देखि पाँच वर्षसम्म वढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) कार्यालयमा मादक पदार्थ सेवन गरेमा वा सेवन गरी असामान्य अवस्थामा कार्यालय आएमा ।

---

[174] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

[175] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(ख) बैङ्कको सङ्कलन भएको रकम नियमानुसार बैंक दाखिला नगरेमा ।

(ग) प्रत्यायोजित अधिकार अनुरुपको काम नगरेमा वा प्रत्यायोजित अधिकार दुरुपयोग गरेमा ।

(घ) आचरण सम्बन्धी विनियम वा आचारसंहिता विपरीत पटक पटक कार्य गरेमा ।

(ङ) विभागीय सजायको आदेश दिने अधिकारीहरुबाट विभागीय कारवाहीको सिलसिलामा अनियमितता गरेको पाइएमा ।

(च) पूर्व स्वीकृति नलिई बारम्बार कार्यालयमा अनुपस्थित रहेमा ।

(छ) कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा ।

(ज) बैङ्कको नीति नियम विपरीत रकम भुक्तानी लिने दिने गरेमा वा गलत विवरण पेश गरी भ्रमण खर्च/औषधी खर्च वा अन्य भुक्तानी लिएमा ।

(झ) परिच्छेद-४को विनियम ४ को उपविनियम (२क)वमोजिमको कार्य गरेको पाईएमा ।

(ञ) बैङ्कको प्रतिष्ठामा आंच आउने किसिमको आचरण गरेमा ।

(ट) कार्यालयमा रहेको नगद, जिन्सी सामान हिनामिना गरेमा ।

(ठ) पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा ।

(ड) बैङ्कको नीति नियम वा प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेमा ।

(ढ) बैङ्कको हित विपरीत कार्य गरेमा ।

[१७६]५. **सेवाबाट हटाउने**: देहायको अवस्थामा बैङ्कका कर्मचारीलाई भविष्यमा बैङ्कको सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न सकिनेछ :-

(क) जानाजानी वा लापरवाही गरी बैङ्कलाई हानी नोक्सानी पुऱ्याएमा ।

(ख) अयोग्यताको कारणले आफ्नो पदको काम र जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ग) बैङ्कको सङ्कलन भएको रकम हिनामिना गरेको प्रमाणित भएमा ।

(घ) आफ्नो जिम्मामा रहेको वा बैङ्कको अन्य कुनै सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

(ङ) राजनीतिमा भाग लिएमा,

(च) बैङ्कलाई जानाजानी झूठा विवरण पेश गरेका कारण हानी नोक्सानी हुन गएमा,

---

[176] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(छ) बैङ्कको कार्यालय समयमा अन्यत्र काम गरेमा वा बैङ्कको काममा प्रतिकूल असर पर्ने गरी अन्यत्र काम गरेमा,

(ज) मनासिव कारण भई विदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएको बैङ्कको कर्मचारी त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(झ) एक बर्षमा विदा स्वीकृत नगराई लगातार साठी दिन सम्म वा पटक पटक गरी नब्बे दिनसम्म अनुपस्थित रहेमा ।

[१७७]६. **सेवाबाट बर्खास्त गर्नेः** देहायको अवस्थामा बैङ्कका कर्मचारीलाई भविष्यमा बैङ्कको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गर्न सकिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेमा,

(ग) बैङ्कको सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा,

(घ) स्थायी आवासीय अनुमती लिएमा वा सोको लागि आवेदन दिएमा ।

तर,

यस खण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियमावली लागू हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको कुनै कर्मचारीले सो कुरा स्वीकार गरी यो विनियमावली प्रारम्भ भएको मितिले साठी दिन भित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि दिएको आवेदन रद्द गर्नको लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो कर्मचारीलाई यस विनियमावली बमोजिम सजाय हुनेछैन।

[१७८]७. **सजाय दिने अधिकारीः** (१) क्षेत्रीय कार्यालयका कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतका कार्यालयका सहायक स्तरका कर्मचारीहरुलाई विभागीय कारवाही गरी विनियम १ को खण्ड (क) मा उल्लिखित सामान्य सजाय गर्न सक्नेछ । खण्ड (ख) मा उल्लिखित विशेष सजाय गर्नु परेमा प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई क्षेत्रीय कार्यालयका कार्यालय प्रमुखले गर्न सक्नेछ ।

(२) उपविनियम (१) मा उल्लेखित कार्यालय देखि बाहेकका कार्यालयका सहायक स्तरका कर्मचारीहरुलाई बिभागीय कारवाही गरी विनियम १ को खण्ड (क) मा उल्लिखित सजाय गर्ने अधिकार बिभागीय प्रमुखलाई हुनेछ । खण्ड (ख) मा उल्लिखित विशेष सजाय गर्नु परेमा कार्यकारी प्रमुखको स्वीकृति लिई बिभागीय प्रमुखले गर्न सक्नेछ ।

[177] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।
[178] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

(३) अधिकृतस्तर तह-७ सम्मका कर्मचारीहरुलाई बिभागीय कारवाही गरी विनियम १ को खण्ड (क) मा उल्लिखित सामान्य सजाय गर्ने अधिकार उपमहाप्रबन्धकलाई हुनेछ । खण्ड (ख) बमोजिमको विशेष सजाय गर्नु परेमा प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई उपमहाप्रवन्धकले गर्न सक्नेछ ।

(४) अधिकृतस्तर तह ८ वा सो भन्दा माथिका कर्मचारीलाई विभागीय कारवाही गर्ने अधिकार कार्यकारी प्रमुखलाई हुनेछ । तर अधिकृतस्तर तह ११ को हकमा समितिको स्वीकृति लिनु पर्नेछ ।

(५) यस विनियमावलीमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी प्रमुखलाई उपयुक्त लागेमा उपविनियम (१), (२) र (३) मा उल्लेखित कर्मचारीहरुलाई पनि विनियम १ को खण्ड (ख) बमोजिमको सजाय गर्ने अधिकार कार्यकारी प्रमुखलाई हुनेछ ।

(६) एउटै विषयमा संलग्न कर्मचारीहरुलाई दुई वा सो भन्दा बढी अधिकारीहरुबाट विभागीय कारवाही र सजाय गर्नुपर्ने अवस्था आई परेमा त्यस्ता एउटै विषयमा संलग्न कर्मचारीहरुलाई बिभागीय कारवाही गरी विनियम १ बमोजिमको सजाय गर्ने अधिकार कार्यकारी प्रमुखलाई हुनेछ ।

(७) कुनै कर्मचारीलाई विभागीय कारवाही शुरु भई टुंगो नलागेको अवस्थामा निज कर्मचारी अर्को क्षेत्र अन्तर्गतको कार्यालयमा सरुवा भई गए तापनि विभागीय कारवाही शुरु गर्ने अधिकारीबाटै सो कारवाहीको किनारा लगाउनु पर्नेछ ।

(८) प्रचलित नेपाल कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट बैंकका कुनै कर्मचारी उपर कारवाही गर्न लेखि आएकोमा बिभागीय सजांय गर्न पाउने अधिकारीले विनियम ८ र ९ वमोजिमको कार्यविधि पूरा गरी बिभागीय कारवाही गर्न सक्नेछ ।

[१७९]८. **निलम्बन गर्ने** : (१) कुनै कर्मचारीले गम्भिर प्रकृतिको अनियमितता गरेको पाईएमा जांचवुझ वा विभागीय कारवाही[१८०] गर्नु परेमा जांचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई यस परिच्छेद वमोजिम[१८१] सजाय गर्न पाउने अधिकारीले देहायको अवस्थामा निलम्बनमा राखी कारवाही गर्न सक्नेछ :-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुठ्ठा सबूद प्रमाण संकलन गर्न सक्ने वा आफ्नो बिरुद्धको सबूद प्रमाण गायब वा नष्ट गर्न सक्ने संभावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा बैंकको हानीनोक्सानी हुने सम्भावना देखिएमा ।

---

[179] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधित ।

[180] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[181] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[182](ग) आफ्नो हित रक्षाको लागि मातहतका कर्मचारीलाई अनुचित प्रभावमा पार्न सक्ने संभावना भएमा ।

[183]( २) ...

(३) बैंकका कुनै कर्मचारीलाई उप-विनियम (१) बमोजिम निलम्बन गर्दा साधारणतया ६ (छ) महिना भन्दा बढी निलम्बनमा राखिने छैन, सो अवधि भित्र कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्दछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा कार्यकारी प्रमुख[184]ले अरु ६ ( छ) महिनासम्म निलम्बनको अवधि बढाउन सक्नेछ ।

(४) नैतिक पतन देखिने फौज्दारी अभियोगमा गिरफ्तार भै थुनिएको कर्मचारी त्यसरी थुनामा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिने छ ।

(५) प्रचलित नेपाल कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट अदालतमा मुद्दा दायर भएपछि स्वतः निलम्वन भएको मानिने भनि प्रचलित नेपाल कानूनमा व्यवस्था भएकोमा समेत स्वतः निलम्वन भएको मानिने छ ।

(६) निलम्बनमा रहेको बैंकको कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा निजको निलम्बन स्वतः समाप्त भएको मानिने छ ।

९. <u>विभागीय कारवाहीको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधिः</u> (१) सजाय दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनु भन्दा अघि कारवाही गर्न लागेको कारणको उल्लेख गरी सो कर्मचारीलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्छ । यस्तो सूचना दिंदा निजमाथि लगाइएको आरोप प्रष्ट रुपले किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्दछ ।

(२) सजाय दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य अधिकृतद्वारा जांचबुझ गराउन सक्नेछ । जांचबुझ गर्ने अधिकृतले आफ्नो प्रतिवेदनमा कारण सहिको आफ्नो ठहर तथा जो भएको सबूद प्रमाण समेत दाखिल गर्नु पर्दछ ।

(३) जाँचबुझको काम समाप्त भएपछि सजायको आदेश दिनु भन्दा पहिले सजाय दिने अधिकारीले कर्मचारीलाई जाँचबुझको नतिजा तथा निजलाई प्रस्ताव गरिएको सजायको सूचना दिइनेछ र उक्त प्रस्तावित सजाय निजलाई किन नदिनु भनि उचित म्याद दिई निजबाट स्पष्टिकरण मागिनेछ ।

तर निम्न लिखित अवस्थामा कर्मचारीलाई नोकरीबाट हटाउनु वा बर्खास्त गर्नु परेमा उप-विनियम (१), (२) र (३) को कार्यविधि अपनाउनु पर्ने छैन :–

[182] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

[183] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट खारेज ।

[184] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(क) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएका कर्मचारीको सम्बन्धमा ।

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको अवस्थामा कुनै कर्मचारीलाई बर्खास्त गर्नु पर्ने भएमा ।

(ग) अस्थायी, करार, मासिक पारिश्रमिक, ज्यालादारी वा परीक्षणकालमा रहेको कर्मचारीलाई सेवाबाट हटाउनु परेमा ।

(घ) ...[१८५]

(४) उप-विनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्ष भित्रमा पटक पटक वा लगातार ९० (नब्बे) दिनसम्म बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित रहने कर्मचारीको हकमा विनियम १ को खण्ड ( ङ) बमोजिम भविष्यमा बैंकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट किन नहटाउने ? भन्ने सजाय समेत प्रस्ताव गरी १५ दिनको म्याद दिई स्पष्टीकरण पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ र सो सूचनाको म्याद भित्र स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्ता कर्मचारीलाई विनियम १ को खण्ड (ङ) बमोजिम बैंकको नोकरीबाट हटाइनेछ ।

[१८६] (५) प्रचलित नेपाल कानून वमोजिम तोकिएको निकायवाट अनुसन्धान भै रहेको वा कानून वमोजिम अड्डा अदालतमा मुद्दा चलिरहेको अवस्थामा वाहेक सामान्यतया बिभागीय कारवाही शुरु भएको १ वर्षको अवधिमा कारवाही किनारा लगाईने छ ।

[१८७]९क. <u>विभागीय कारवाही गर्दा अपनाउनुपर्ने नियम</u>: विभागीय कारवाही गर्ने अधिकारीले विनियम ९ मा उल्लिखित कार्यविधिका अतिरिक्त बैंक सेवाका पदमा कार्यरत कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्दा देहायको सिद्धान्त समेतको पालना गर्नुपर्नेछ :-

(क) अधिकार क्षेत्र नभएको विषयमा कुनै कारबाही र निर्णय नगर्ने,

(ख) तत्काल प्रचलित कानूनले सजाय नहुने काम गरे वापत कसैलाई विभागीय कारबाही नगरिने,

(ग) सफाइ सन्तोषजनक नभएको भन्ने लागेमा सोको कारण खुलाउनु पर्ने,

(घ) विभागीय सजाय गर्दा कसुरको मात्रा र उल्लघंन गरेको आचरण र अनुशासनका नियमको गम्भीरताको आधारमा गरिने,

(ङ) पटक पटक कसुर गर्ने वा आचरण वा अनुशासन उल्लंघन गर्नेलाई पटके कायम गरी थप वा ठूलो सजाय गर्ने,

---

185 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट खारेज ।

186 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

187 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

(च) कारबाही र सजायबाट बच्न वा कारबाही प्रक्रिया उल्लंघन गर्न प्रयास गरेमा वा आफै वा संगठित तरिकाबाट अनुचित दबाब दिएमा वा दिन लगाएमा आधार र कारण खोली थप सजाय गर्न सक्ने,

(छ) कसुर गर्न वा आचरण वा अनुशासनका नियम उल्लंघन गर्न अरुलाई पनि उक्साउने वा भड्काउने कार्य गरेको आधार प्रमाण भएमा कारण खोली थप सजाय गर्न सक्ने,

(ज) नाताभित्रको कर्मचारीको र आफ्नो हित स्वार्थ भएकोमा निर्णय नगर्ने,

(झ) प्रचलित नेपाल कानून बमोजिम कुनै कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी पठाएकोमा तोकिएको अधिकारीले आवश्यक प्रक्रिया पूरा गरी विभागीय सजाय गर्नुपर्ने,

(ञ) निमित्त भई काम गरिरहेको अवस्थामा सो अधिकारीले न्यायिक प्रकृतिको निर्णय नगर्ने,

(ट) प्राकृतिक न्यायका आधारभूत सिद्धान्त विपरीत नहुने गरी निर्णय गर्नुपर्ने ।

१०. <u>पुनरावेदनः</u> (१) कुनै कर्मचारीलाई यस परिच्छेद बमोजिम आफूलाई दिएको सजाय उपर चित्त नबुझी पुनरावेदन दिनु परेमा सजाय पाएको पत्र बुझेको वा राष्ट्रिय दैनिक पत्रिकामा सो बारेको सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र पुनरावेदन दिनु पर्नेछ ।

[१८८](२) यस परिच्छेद-बमोजिम भएको विभागीय कारवाही उपर समिति समक्ष पुनरावेदन दिन सकिनेछ ।

(३) पुनरावेदन दिंदा पुनरावेदन दिने कर्मचारी जुन कार्यालयको हो सोही कार्यालय मार्फत वा सिधै न्यायिक पुनरावेदन उप-समिति[१८९]मा पेश गर्नु पर्नेछ ।

[१९०]११. .......

१२. [१९१]<u>समितिले अपनाउनु पर्ने कार्यविधिः</u> (१)[१९२]समितिले देहायका कुराहरु उपर अध्ययन गर्नुपर्नेछ :–

(क) सजायको आदेशमा आधारित कुराहरु यथार्थमा प्रमाणित भैसकेका छन्,छैनन् ।

(ख) प्रमाणित भैसकेका कुराहरु कारवाही गर्नको निमित्त पर्याप्त छन्, छैनन् र

(ग) सजाय ठीक, पर्याप्त, अपर्याप्त वा बढी के छ ?

---

188 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

189 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

190 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट खारेज ।

191 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

192 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

(२) उप-विनियम (१) बमोजिम अध्ययन गरिसकेपछि [193]समितिले पुनरावेदनलाई स्वीकार गर्ने, अस्वीकार गर्ने वा सजायको आदेशमा थपघट गर्ने अन्तिम आदेश दिनु पर्नेछ । तर शुरु सजाय गर्ने अधिकारीबाट भएको सजाय पर्याप्त छैन भन्ने [194]समितिलाई लागेमा पुनरावेदन गर्ने कर्मचारीलाई बढी सजाय किन नदिनु भनी त्यस बारेमा निजको स्पष्टिकरण लिई सो उपर अध्ययन गरी [195]समितिले आफूलाई उचित लागेको सजाय गर्न सक्नेछ ।

१३. विभागीय कारवाही भएमा सापटी नपाउनेः कुनै कर्मचारीलाई विभागीय कारवाही भएमा त्यस्ता कर्मचारीलाई कारवाही शुरु भएपछि र सजाय भएको मितिले ६ महिनासम्म बैंकबाट पाउने सापटी उपलब्ध गराइने छैन ।

[196]१४. विभागीय सजाय नमानिनेः कुनै कर्मचारीले तोकिएको समय भित्र विना कारण काम फछ्र्यौट नगरेमा वा प्रकृयागत त्रुटि गरेमा वा लापरवाहिपूर्ण तरिकाले कार्य गरेको पाईएमा त्यस्ता कर्मचारीहरुलाई ध्यानाकर्षण, सचेत वा चेतावनी दिन र गैर हाजिर भएमा सो दिनको गयल गरी तलव कट्टा गर्न सकिने छ । तर त्यसरी भएको कारवाहीलाई विभागीय सजाय भएको मानिने छैन ।

१५. असल नियतले काम गरेकोमा कारवाही नहुनेः कर्मचारीले इमान्दारी र राम्रो नियतले आफ्नो जिम्मेवारी पुरा गर्दा गर्दै निजबाट कुनै त्रुटि हुन गएमा त्यस्तो त्रुटि उपर विभागीय कारवाही हुने छैन ।

## परिच्छेद-८
## आचरण

१. दान–उपहारः बैंकको काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले नियुक्ति दिने अधिकारीको पूर्व स्वीकृति बेगर कसैबाट कुनै प्रकारको दान दातब्य, कोसेली, उपहार स्वीकार गर्न हुंदैन र आफ्नो परिवारको कुनै सदस्यलाई पनि स्वीकार गर्न दिनु हुंदैन ।

२. चन्दाः बैंकको कुनै पनि कर्मचारीले चन्दा माग्न वा कुनै किसिमको आर्थिक सहायता लिनहुंदैन ।

[197]३. व्यापार व्यवसाय इत्यादिः (१) कर्मचारीले देहायका कार्यहरु गर्न हुदैन :

(क) बैंकको वित्तीय स्वार्थ रहेको ग्राहकसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कारोवार गर्न ।

(ख) बैंक वाहेक अन्यत्र पूर्णकालीन नोकरी गर्न ।

(ग) बैंकका ग्राहकको जग्गा वा जाय जेथा सम्वन्धी कारोवारको प्रशासक वा संरक्षकको हैसियतले कार्य गर्न ।

(२) बैंक सेवामा रहेका कुनै पनि कर्मचारीले :

(क) बैंकको स्वीकृति बेगर ब्यापार व्यवसाय र सरकारी, गैर सरकारी संगठनमा काम गर्न वा फर्मको हिस्सेदार हुनु हुंदैन ।

---

193 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।
194 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।
195 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।
196 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
197 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(ख) बैंकको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न हुंदैन ।

(३) यो विनियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि वैंकको हित प्रतिकुल नहुने गरी देहाय बमोजिमको कार्य गर्नमा कुनै बाधा पुग्ने छैनः

(क) साहित्यिक, बौद्धिक, ऐतिहासिक, बैज्ञानिक तथा कलात्मक ढंगका कार्यहरु,

(ख) कार्यालय समयको अघिपछि अध्यापन गर्ने, कानूनी तथा अन्य परामर्श सेवा दिने र लेखा परीक्षण गर्ने ।

[१९८]४. **सम्पत्ति विवरण पेश गर्नु पर्ने**: (१) प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० (साठी) दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण अनुसूची-९ वा तोकिएको ढाँचामा आफू कार्यरत कार्यालय मार्फत जनशक्ति व्यवस्थापन विभाग वा तोकिएको निकायमा पेश गर्नु पर्दछ । तर नयां नियुक्ति हुने कर्मचारीले आफू नियुक्ति भएको मितिले साठी दिन भित्र सम्पत्ति विवरण अनुसूची-९ अनुसार भरी आफू कार्यरत कार्यालय मार्फत जनशक्ति व्यवस्थापन विभाग वा तोकिएको निकायमा पेश गर्नुपर्नेछ ।

(२) बैङ्कले समय समयमा कर्मचारीको सम्पत्ति माग गर्न सक्ने छ । त्यस्तो विवरण पेश गर्नु सम्वन्धित कर्मचारीको कर्तव्य हुने छ ।

५. ......[१९९]

६. **बुझबुझारथ** : (१) सरुवा वा बढुवा वा कुनै किसिमबाट बैंकको नोकरी छुटेको कर्मचारी वा व्यक्तिले बुझबुझारथ गरी रवाना वा फारक लिनु पर्नेछ । बुझबुझारथ हालवाला तथा साविकवाला दुवैको उपस्थितिमा बुझी लिनेदिने गर्नु पर्दछ र बुझाएको र बुझिलिएको निस्सा कार्यालयमा पनि राख्नु पर्दछ । तर कुनै कर्मचारीले वा व्यक्तिले आफूले बुझाउनु पर्ने चार्ज बुझाउंदा कार्यकारी प्रमुख[२००]ले स्वीकृति दिएमा आफ्नो पत्यारको मानिस खडा गरी सो बुझाउने बन्दोबस्त गर्न सक्नेछ । त्यसरी चार्ज बुझाउंदा देखिने कैफियतको सम्पूर्ण जवाफदेही चार्ज बुझाउने कर्मचारीको नै हुनेछ । बुझबुझारथ गर्न नचाहने नियत भएका कर्मचारीलाई विभागीय कारवाही गर्न सकिनेछ र व्यक्तिलाई कानून बमोजिम कारवाही गरिनेछ ।

(२) कुनै कर्मचारी वा व्यक्तिले बुझबुझारथ गर्दा आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात बुझाएको रहेनछ भने त्यस्तो कर्मचारी वा व्यक्तिले बुझाउनु पर्ने बांकी नबुझाई फुर्सद पाउने छैन र नबुझाएमा बदनियत ठहरी बहालवाला कर्मचारी भए परिच्छेद-७ को विनियम (१) बमोजिम सजायको भागी हुनेछ र ब्यक्ति भए कानून बमोजिम हुने छ।

(३) बुझी लिनेले पनि सबै नगद, जिन्सी वा कागजपत्र नबुझी आलटाल गरेको ठहरिएमा[२०१] परिच्छेद ७ को विनियम (१) बमोजिम सजायको भागी हुनेछ ।

---

[198] कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

[199] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट खारेज ।

[200] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

[201] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(४) कुनै कर्मचारी सरुवा वा बिदा बस्दा वा काज जानु पर्दा निजको ठाउंमा काम गर्ने हालवाला कर्मचारी नपुग्दै निज सरुवा भएको ठाउंमा जानुपरेमा वा बिदा बस्नु परेमा वा काज जानु परेमा कार्यालय प्रबन्धक भए सो कार्यालयमा भए रहेको कर्मचारी मध्ये सबैभन्दा वरिष्ठ कर्मचारीलाई र कार्यालय प्रमुखदेखि तलका कर्मचारी भएमा कार्यालय प्रमुखले तोकिदिएको कर्मचारीलाई बुझाउनु पर्नेछ ।

७. **बैंकको कामकाज अथवा समाचार प्रकाश गर्नमा प्रतिबन्धः** (१) बैंकको सेवा रहेका कुनै पनि कर्मचारीले बैंकको प्रमुखको अख्तियार नपाई वा प्रचलित नेपाल कानूनले बाध्य गरेको अवस्थामा बाहेक आफ्नो ओहदाको कर्तव्यपालन गर्दा ज्ञात हुन आएको कुरा प्रचार प्रसार गर्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट संकेत वा प्रकट गर्न हुंदैन[२०२] ।

(२) उप-विनियम (१) को कुरा कर्मचारीले जुनसुकै कारणबाट बैंकको सेवा छोडेपछि पनि ओहदाको कर्तव्य पालन गर्दा ज्ञान हुन आएको कुरा प्रचार प्रसार गर्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संकेत वा प्रकट गर्न हुदैन ।

८. **रेडियो वा प्रेससंग सम्बन्धः** (१) कुनै पनि कर्मचारीले कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नाममा बैंकलाई आक्षेप आउने गरी वा बैंकले अपनाएको नीतिको बिरुद्ध लेख्न, प्रचार गर्न वा रेडियोद्वारा प्रसारण गर्नु गराउनु हुंदैन ।

(२) कुनै कर्मचारीले कार्यकारी प्रमुख[२०३]को स्वीकृति बिना कर्मचारी उपर आफ्नो ओहदाको कामको सिलसिलामा कुनै व्यक्तिद्वारा लगाइएको झुट्टा आरोपको सफाईको निमित्त प्रेस वा अदालतको सहारा लिनु हुंदैन । कार्यकारी प्रमुख[२०४]ले यस्तो स्वीकृति दिएमा अदालतमा जांदा आउंदा लागेको खर्च बैंकले व्यहोर्नेछ । तर यस विनियमले कर्मचारीको आफ्नो व्यक्तिगत काम अथवा चरित्रको सम्बन्धमा सफाई दिन पाउने अधिकारमा कुनै बाधा पर्ने छैन ।

९. **समय पालन र नियमितताः** बैंकको सेवामा बहाल रहेका कर्मचारीले बैंकबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्दछ र सकेसम्म पहिले बिदाको निकासा नलिई कार्यालयमा अनुपस्थित हुनु हुंदैन ।

१०. **राजनीति तथा चुनावमा भाग लिन प्रतिवन्ध** : [२०५](१) कर्मचारीले सक्रिय राजनिति गर्न पाउनेछैन।

[२०६](२) उप-विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न वाधा पर्ने छैन ।

११. **बाहिरी प्रभाव पार्न नहुने** : कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफू भन्दा माथिका अधिकृतलाई कुनै राजनैतिक अथवा अरु अवाञ्छनीय प्रभाव पार्नु अथवा पार्ने प्रयत्न गर्नु हुंदैन ।

---

[202] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[203] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[204] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[205] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।
[206] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

१२. **बहुविवाह, बालबिबाह र अनमेल बिबाहमा प्रतिबन्धः** प्रचलित नेपाल कानुनको[207]विपरित हुने गरी कर्मचारीले बहुविवाह, बालबिबाह, अनमेल बिबाह गर्न गराउनु हुंदैन ।

१३. **कम्पनीको स्थापना र सञ्चालनः** बैंकको सेवामा कार्यरत कर्मचारीले बैंकको स्वीकृति नलिई कुनै बैंक, कम्पनीको स्थापना, रजिष्ट्रेशन अथवा संचालनको काममा भाग लिन हुंदैन ।

१४. **सापटीः** कुनै पनि कर्मचारीले आफूले गर्नुपर्ने बैंकको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसंग सापटी लिन अथवा निजको आर्थिक कृतज्ञतामा पर्न हुंदैन । तर बैंकसंग लेनदेन गर्दा यो विनियम लागू हुने छैन ।

[208]१४क.**स्थायी आवासीय अनुमति लिन नहुनेः** कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुंदैन ।

[209]**१४ख.स्वयं घोषणा गरी विवरण पेश गर्नु पर्नेः** (१) यो विनियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिइएको वा त्यस्तो अनुमतिका लागि आवेदन दिइएको प्रत्येक कर्मचारीले यो विनियम प्रारम्भ भएको मितिले तीस दिन भित्र सोको स्वयं घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालय/क्षेत्रीय कार्यालय मार्फत मुख्य कार्यालयमा पेश गर्नु पर्ने छ ।

(क) आफनो नाम, थर, सेवा, समूह, उप-समूह र हालको तह र पद ।

(ख) स्थायी आवसीय अनुमति लिएको भए सो लिइएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए सो मिति ।

(ग) सम्बन्धित विदेशी मुलुकको नाम ।

(घ) आफूले लिएको स्थायी आवसीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि लिइएको आवेदन रद्ध गराउन इच्छुक भए नभएको ।

(२) कुनै कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिन भित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा उपविनियम (१) बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र क्षेत्रीय कार्यालय मार्फत जनशक्ति व्यवस्थापन विभाग मुख्य कार्यालयमा पठाउनु पर्नेछ ।

[210]**१४ग.जानकारी दिन सकिनेः** (१) विनियम १४क. को उपविनियम (१) विपरित कुनै कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित

---

207 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

208 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

209 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

210 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट संशोधन ।

कर्मचारी कार्यरत कार्यालय, क्षेत्रीय कार्यालय वा जनशक्ति व्यवस्थापन विभाग मुख्य कार्यालयमा दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको कुनै जानकारी प्राप्त हुन आएमा सम्बन्धित विभाग/कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिन भित्र जनशक्ति व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(३) उपविनियम (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा विनियम १४ख को उप-विनियम (१) बमोजिमको अवधि व्यतित भए पछि त्यस्तो कर्मचारीको सम्बन्धमा अख्तियार प्राप्त अधिकारीले उपविनियम (४) बमोजिम छानविन गराउनु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिम अख्तियार प्राप्त अधिकारीबाट आदेश प्राप्त भए पछि जनशक्ति व्यवस्थापन विभागले त्यस्तो कर्मचारीको सम्बन्धमा ३ (तीन) दिन भित्र छानबिन प्रारम्भ गरिसक्नु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिम छानबिन गर्दा बैंकले सरकारी निकाय लगायतका अन्य निकायसंग जानकारी वा सहयोग माग गर्न सक्नेछ ।

(६) यस विनियम बमोजिम छानबिन र कारवाही गर्दा कुनै कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिना भित्र परिच्छेद-७ बमोजिम विभागीय कारवाही गर्नु पर्नेछ ।

१५. <u>अनुशासन, आज्ञापालन र परिश्रम:</u> (क) कर्मचारीले आफ्नो कार्य सम्बन्धी कुरा आफूभन्दा माथिका कर्मचारीले दिएको आज्ञालाई शीघ्रता र परिश्रमका साथ पूरा गर्नु पर्छ ।

(ख) कर्मचारीले आफूभन्दा माथिका सबै प्रति उचित आदर तथा शिष्टता देखाउनु पर्छ ।

(ग) माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारीलाई स्नेह र शिष्टतापूर्ण व्यवहार गर्नु पर्छ ।

(घ) कर्मचारीले बैंकको जनसम्पर्कमा आउने व्यक्तिलाई उचित आदर तथा शिष्टतापूर्ण व्यवहार गर्नु पर्दछ ।

(ङ) कर्मचारीले नेपाल अधिराज्यभित्र बैंकले जुनसुकै स्थानमा खटाएमा वा सरुवा गरेमा तोकिएको अवधिभित्र तत्परताकासाथ जानु पर्नेछ ।

(च) बैंकको कार्य संचालनको निमित्त समय समयमा लागु गरिएका ऐन, विनियमावली, परिपत्र र व्यवस्था तथा बैंकले दिएको निर्देशन पालन गर्नुपर्नेछ ।

१६. <u>संघ वा संगठनको सदस्यता:</u> (१) कर्मचारीले प्रचलित कानून बमोजिम दर्ता नभएको र बैंकको स्वीकृति नपाएको कर्मचारीहरुको कुनै संघ वा संगठनको सदस्य बन्न पाउने छैन ।

(२) अधिकृत तृतीय श्रेणी वा सो भन्दा तल्लो श्रेणीका कर्मचारी संघ वा संगठनको सदस्य हुन सक्नेछ । तर, कार्यालय प्रमुख रहेको कर्मचारी त्यस्तो कर्मचारी संघ वा संगठनको पदाधिकारी हुन सक्ने छैन ।

(३) उप-विनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका कर्मचारीले मेडिकल एशोसियशन, इन्जीनियर एशोसियशन, वार एशोसियशन, बैंकर्स एशोसियशन, चार्टड एकाउण्टेन्टस एशोसियशन जस्ता अन्य पेशागत संगठन र सामाजिक र धार्मिक संघ संस्थाको सदस्य बन्न पाउने छ ।

[२११]१६क. <u>कर्मचारी संघ वा संगठनको संचालन</u> : प्रचलित कानून वमोजिम दर्ता भएका कर्मचारीहरुको संघ वा संगठन संचालनका लागि छुट्टै आचार संहिता वनाई लागू गरिने छ ।

१७. <u>प्रतिनिधित्व गर्नमा प्रतिवन्ध</u> : कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारिसद्वारा सम्वन्धित निकायमा वा अधिकारी समक्ष निवेदन दिन वाहेक अरु कर्मचारी वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न पाउने छैन । तर प्रचलित कानुन वमोजिम दर्ता भएका[२१२] कर्मचारीहरुको संघ संगठनको तर्फबाट प्रतिनिधित्व गर्दा यस विनियमले वाधा पुऱ्याएको मानिने छैन ।

१८. <u>प्रदर्शन र हडताल गर्नमा प्रतिवन्ध</u> : कर्मचारीले देशको सार्वभौम सत्ता, अखण्डता, शान्ति सुरक्षा, बैदेशिक सम्बन्ध, सार्वजनिक मर्यादा, अदालतको निर्णयको अपहेलना र कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्न वा सो कार्य गर्न अरुलाई उक्साउन समेत पाइने छैन ।

१९. <u>हडताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिवन्ध</u> : कर्मचारीले बैंक वा बैंकका पदाधिकारीहरुको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा विरोध हुने गरी हडताल, कलम वन्द, विरोध प्रदर्शन वा सभा थुनछेक वा घेराउ गर्न वा शारीरिक तथा मानसिक उत्पीडन वा दवाव दिन वा सो कामको लागि अरुलाई उक्साउन समेत पाउने छैन । तर बैंकबाट मान्यता प्राप्त विनियम १६ को उप-विनियम (१) बमोजिमको संघ संगठनले प्रचलित कानूनको रित पुऱ्याई गर्न पाउने कलम वन्द, विरोध प्रदर्शन वा सभा वा हडताल गरेकोमा यस विनियमले वाधा पुऱ्याएको मानिने छैन ।

२०. <u>चेतावनी दिन सक्ने</u>: कुनै कर्मचारीले समय पालन नगरेमा, बैंकको काम सम्बन्धी कुरामा आफू भन्दा माथिको कर्मचारीले दिएको आज्ञापालन नगरेमा वा कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुख वा बिभागीय प्रमुखले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राखिने छ ।

२१. <u>इमान्दारी:</u> कर्मचारीले बैंकको आफ्नो जवाफदेहीको काम सम्पादन गर्दा इमान्दारी तथा वफादारीकासाथ गर्नु पर्दछ । सदैव बैंकको भलाईको निमित्त काम गर्नु पर्नेछ । बैंकलाई अहित हुने कार्य गर्न पाउने छैन ।

---

[211] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट थप ।

[212] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधित ।

२२. **सजायको भागी हुने** : कुनै कर्मचारीले यस विनियमावलीमा लेखिएको कुनै कुरा उल्लंघन गरेमा निजलाई यस विनियमावलीको परिच्छेद - ७ बमोजिम सजाय गरिनेछ ।

## परिच्छेद - ९
## विविध

१.[२१३]**बृत्ती विकास** : (१)कर्मचारीको वृत्ति विकासको लागि वैकले कर्मचारीलाई अध्ययन, तालिम, वा अध्ययन भ्रमणका लागि मनोनयन गर्न वा स्वीकृति दिन सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिम अध्ययनमा पठाउंदा देहाय वमोजिम पठाईने छ ।

(क) वैकलाई आवश्यक विषयमा कुनै स्वदेशी वा विदेशी दातृ संस्था वा निकायवाट बैंकको लागि अध्ययनको सिट प्राप्त भएमा त्यस्तो अध्ययनगर्न ।

(ख) बैंकलाई आवश्यक विषयमा वैंकले स्वदेशको स्वीकृत प्राप्त संस्थामा वैंकको कार्यमा वाधा नपर्ने गरी अध्ययन गर्न ।

(ग) कर्मचारीले स्वीकृत प्राप्त विषयमा आफ्नो प्रयासवाट छात्रवृत्ति पाई अध्ययन गर्न चाहेमा कुनै आर्थिक भार नवेहोर्ने गरी परिच्छेद-६ को विनियम ८ वमोजिमको अध्ययन विदामा अध्ययन गर्न ।

(३) उप-विनियम (१) वमोजिम तालिममा पठाउदा देहाय वमोजिम पठाईने छ ।

(क) वैकलाई आवश्यक विषयमा कुनै स्वदेशी वा विदेशी दातृ संस्थावाट बैंकको लागि तालिमको सिट प्राप्त भएमा त्यस्तो तालिम लिन ।

(ख) वैंकलाई आवश्यक पर्ने विषयमा स्वदेशी वा विदेशी निकायवाट कर्मचारीले आफ्नै प्रयासवाट छात्रवृत्ति पाएमा ।

(ग) वैंकले नै खर्च व्यहोर्ने गरी वैंकलाई उपयोगी विषयमा वैंकले मनोनयन गरी पठाएमा ।

(४) उप-विनियम (१) वमोजिम अध्ययन भ्रमणमा पठाउदा देहाय वमोजिम पठाईने छ ।

(क) वैकलाई आवश्यक विषयमा कुनै स्वदेशी वा विदेशी दातृ संस्थावाट बैंकको लागि अध्ययन भ्रमणको सिट प्राप्त भएमा त्यस्तो अध्ययन भ्रमणमा भाग लिन ।

(ख) वैंकलाई आवश्यक पर्ने विषयमा स्वदेशी वा विदेशी निकायवाट कर्मचारीले आफ्नै प्रयासवाट अध्ययन भ्रमण गर्ने अवसर पाएमा ।

(ग) वैंकले नै खर्च व्यहोर्ने गरी वैंकलाई उपयोगी विषयमा अध्ययन भ्रमण गर्न वैंकले मनोनयन गरी पठाएमा ।

---

213 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

(५) उप-विनियम (२) को खण्ड (क) वमोजिम स्वदेशी विश्वविद्यालयमा अध्ययन गर्न कार्यालय समय भित्र वा कार्यालय समयको अघि पछि गरी कार्यालयको काममा वाधा नपर्ने गरी त्यस्तो समयलाई अध्ययन काज तोकी कार्यकारी प्रमुखले अध्ययन गर्न स्वीकृति दिन सक्ने छ ।

(६) उप विनियम (१) अन्तर्गत कुनै पनि अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले वैंकको पूर्व स्वीकृति पत्र लिनुपर्ने छ ।

(७) उप विनियम (१) बमोजिम स्वदेश वा विदेशमा अध्ययन गर्ने र विदेशमा तालिम लिने वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो अध्ययन तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि देहाय बमोजिमको अवधिसम्म लगातार बैंकमा अनिवार्य रुपले सेवा गर्नुपर्ने छ :– अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि अनिवार्य सेवा गर्नुपर्ने अवधि

(क) १ महिनादेखि ३ महिनासम्म – १ वर्ष

(ख) ३ महिनादेखि ६ महिनासम्म – २ वर्ष

(ग) ६ महिनादेखि १ वर्षसम्म – ३ वर्ष

(घ) १ वर्षदेखि २ वर्षसम्म – ४ वर्ष

(ङ) २ वर्ष भन्दा बढी – ५ वर्ष

(८) कुनै पनि कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्न नआएमा वा उप- विनियम (७) बमोजिम गर्नुपर्ने अनिवार्य सेवा अवधि पूरा नगरेमा वा सो अनिवार्य सेवा अवधिमा विभागीय कारवाही भई सेवाबाट हटाएमा वा बर्खास्त गरेमा त्यस्ता कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण अवधिमा निजले पाएको सम्पूर्ण खर्च (रकम) तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरु समेत असूल गरिनेछ ।

(९) परिच्छेद-७ को विनियम (१) को खण्ड (च) बमोजिम सजाय गरी बर्खास्त गरिएका कर्मचारीहरुलाई निजहरुको संचित संचयकोष बाहेक उपदान तथा अन्य कुनै पनि सुविधाहरु उपलब्ध गराइने छैन । (१०) कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन पूरा गरी फर्केर आई उप-विनियम (७) र (८) वमोजिमको शर्तसमेत पालना गर्न अनुसूची -१० वमोजिमको ढांचामा कवुलियत गर्नुपर्नेछ ।

(११) यस विनियममा उल्लेख भएका व्यवस्थाका अतिरिक्त अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए वमोजिम हुने छ ।

२. राजीनामा स्वीकृतिः नियुक्ति गर्ने अधिकारीले राजीनामा स्वीकृत गर्नेछ ।

[२१४]३. कायम मुकायम सम्बन्धी व्यवस्थाः (१) प्रमुख कार्यकारी अधिकृतले कायम मुकायम मुकरर गरिने पदको स्थायी पदपूर्ती नहुदासम्म समयावधि र काम गर्नु पर्ने कार्यालय तोकी तोकिएको कार्यालयमा

[214] आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट ।

रहुञ्जेलसम्मका लागि देहायका कुनै कर्मचारीलाई माथिल्लो पदमा कायम मुकाय मुकरर गर्न सक्ने छ :

(क) समितिवाट स्वीकृत भएको दरवन्दी भित्र रहने गरी जेष्ठ तथा कार्य सम्पादनस्तर राम्रो भई माथिल्लो पदको जिम्मेवारी वहन गर्ने क्षमता भएका ।

(ख) माथिल्लो पदको लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता पुगेका ।

(२) कायम मुकायम पाएको कर्मचारी ३ महिनाभन्दा बढी अवधि विदा बसेमा वा कार्यालयमा अनुपस्थित रहेमा विदा बसेको वा अनुपस्थित रहेको मिति देखी नै निजको कायम मुकायम स्वतः हटेको मानिने छ ।

(३) उप-विनियम (१) बमोजिम कायम मुकायम पाउने कर्मचारीको कार्यसम्पादनस्तर राम्रो नभएमा वा यसै विनियमावलीको परीच्छेद ७ बमोजिम विभागीय कारवाहीको अवस्थामा कायम मुकायम मुकर्रर गर्ने अधिकारीले त्यस्ता कर्मचारीको कायम मुकायम हटाई साविक पदमा फर्काउनेछ ।

(४) यो विनियम लागु हुनुभन्दा अघि कायम मुकायम पाएको पदको लागि कार्यसम्पादनस्तर राम्रो नभएका र चाहिने न्यूनतम शैक्षिक योग्यता नपुगेका कर्मचारीको कायम मुकायम पाएको पदको स्थायी पदपूर्ति हुंदा पदोन्नती हुन नसकेमा त्यस्ता कर्मचारीको कायम मुकायम हटाई साविकको पदमा फर्काउन सक्नेछ ।

४. <u>तयारी म्याद</u> : एक कार्यालयमा काम गरिराखेको कर्मचारी अर्को कार्यालयमा सरुवा हुंदा तयारीको निम्ति परिच्छेद - ६ को विनियम ६ को उप-विनियम (५) बमोजिमको बाटोको म्याद बाहेक बढीमा ४ दिनको तयारी म्याद पाउनेछ र तयारी म्यादमा निजले कार्यालयमा हाजिर हुनु पर्ने छैन । तर देहायको अवस्थामा भने तयारी म्याद पाइने छैन :–

(क) सरुवा हुंदा कार्यालय नबदलिने भएमा ।

(ख) काठमाडौं उपत्यका भित्र एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएमा ।

(ग) एउटै जिल्लामा एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुंदा १ (एक) दिनसम्म बाटोको म्याद भएमा ।

(घ) तयारी म्याद उल्लेख नगरी मिति तोकि रमाना दिएमा ।

[२१५]५. <u>शपथ ग्रहणः</u> पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अगावै कर्मचारीले अनुसूची -११ मा दिएको ढांचा बमोजिम नियुक्ति गर्ने अधिकारी समक्ष शपथ ग्रहण गर्नुपर्दछ । शपथ ग्रहण गरेको र गराउनेको निस्सा समेत गराई नोकरीको रेकर्ड साथमा शपथपत्र पनि राख्नु पर्दछ । अन्यत्र गराइएको शपथ ग्रहणपत्र सक्कलै मुख्य कार्यालयमा पठाउनु पर्दछ ।

६. <u>दरबन्दी श्रृजनाः</u> स्थायीपदको कुनै नयाँ दरबन्दीको सृजना गर्नु परेमा समितिको स्वीकृति लिनुपर्नेछ ।

---

[215] कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

७. **कर्मचारी संचयकोष तथा उपदान कोषको स्थापना र संचालनः** (१) कर्मचारीको लागि बैंकमा संचयकोष तथा उपदान कोषको स्थापना गरिनेछ । संचयकोषमा प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबको १०% रकम अनिवार्य रुपले महिना महिनामै कट्टा गरी त्यसमा बैंकको तर्फबाट पनि शत प्रतिशत अनुदान र बैंकले तोकेको अन्य रकम समेत जम्मा गरिनेछ ।

(२) उप-विनियम (१) बमोजिमका दुवै कोषको व्यवस्था र संचालनको लागि छुट्टै कार्यालय स्थापना गरी तोकिएबमोजिम संचालन गरिनेछ ।

(३) यस विनियमावली बमोजिम कर्मचारीको नाममा जम्मा रहेको संचयकोष तथा उपदान कोषको रकम र बीमाबाट प्राप्त हुने रकम कर्मचारीको नोकरी छँदै मृत्यु भएमा निज कर्मचारीले इच्छाएको व्यक्तिलाई दिइनेछ । तर कर्मचारीले इच्छाएको कुनै व्यक्ति नभएमा वा नरहेमा कर्मचारीको सबै भन्दा नजिकको हकवालालाई दिइनेछ ।

(४) कुनै कर्मचारी बहाल रहंदा वा नोकरी छोडेपछि वा मृत्युपश्चात पनि निज कर्मचारीसंग बैंकको कुनै लिनुपर्ने रकम बांकी देखिन आएमा संचयकोष बाहेकको रकमबाट कट्टा गरी बांकी रकम मात्र दिइनेछ ।

[२१६]७क. **सञ्चयकोषको रकम बाहेक अन्य कुनै सुविधा नपाउनेः** (१) यस विनियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि परिच्छेद-७ बमोजिम भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य ठहरीने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीले निजको संचयकोषको रकम बाहेक यस विनियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।

(२) कर्मचारीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा त्यस्तो कर्मचारीले संचयकोषको रकम वाहेक यस विनियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।

८. **कर्मचारी कल्याण कोषको स्थापनाः** (१) कर्मचारीहरुको विशेष भलाईको निमित्त "कर्मचारी कल्याण कोष" नामको एक कोष खडा गरिनेछ ।

[२१७](२) उप-विनियम(१) वमोजिम खडा भएको कर्मचारी कल्याण कोषको संचालन छुट्टै कार्यविधि वनाई गरिनेछ ।

[२१८](३) सामान्यतः बैंकको प्रत्येक वर्षको नाफा-नोक्सान हिसाबबाट कर्मचारी कल्याण कोषलाई छुट्याई दिएको रकम, बोनस बाँडी जगेडा रहेको रकम, कर्मचारी कल्याण कोष समितिले समय समयमा कोषको पूंजी बृद्धि गर्न गरेका बैकल्पिक उपायवाट प्राप्त रकम र कोषको पुंजीवाट आर्जित व्याज वा अन्य रकम यसको पूँजी हुनेछ ।

९. **कर्मचारीलाई सापटी दिने व्यवस्थाः** कर्मचारीलाई कार्यकारी प्रमुख[२१९]को स्वीकृतिबाट अनुसूची- १२ बमोजिमको सापटी दिन सकिनेछ । कर्मचारीलाई कुनै पनि सापटी दिंदा निजको बांकी नोकरी

---

216 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

217 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

218 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

219 कृषि विकास बैंक लि. कर्मचारी सेवा (छैठौं संशोधन)विनियमावली २०६४ बाट संशोधन ।

अवधिभरमा मासिक रुपमा कट्टा हुने जति रकम मात्र सापटी दिइनेछ । तर निजको संचयकोषले भ्याउने भएमा पूरा सापटी दिइने छ ।

१०. **सजायको कारबाही हुन सक्ने** : (१) जानी जानी गलत वा झुट्टा कारण देखाई कुनै कर्मचारीले माथिउल्लेख भएको सापटी लिएको कुरा प्रमाणित हुन आएमा त्यस्ता कर्मचारीबाट निजले झुट्टा कारण देखाई लिएको सापटीमा कार्यकारी प्रमुख[२२०]ले तोकेको व्याज लगाई रकम असूल गरिने छ ।

(२) तोकिएको समयभित्र फछ्र्यौट नगरेको भ्रमण पेश्की वा अन्य पेश्कीमा कार्यकारी प्रमुख[२२१]ले तोकेको दरमा व्याज लगाई असूल गरिनेछ ।

११. **निर्णय लागू हुने मिति:** बैंकको कुनैपनि निर्णय यो मितिदेखि लागु हुने भनी किटान भएमा सोही मितिबाट र किटान नभएमा पत्र प्राप्त भएको मितिबाट सो निर्णय लागु हुनेछ ।

१२. **कर्मचारीको स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था:** कर्मचारीको स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था अनुसूची -१३ बमोजिम हुनेछ ।

१३. **अनुसूचीमा हेरफेर तथा थपघट गर्ने र दिग्दर्शन तथा कार्यबिधि बनाउने अधिकार:**(१) समितिले यस विनियमावलीका अनुसूचीहरुमा समय-समयमा हेरफेर तथा अनुसूचीहरु थपघट गर्न सक्ने छ ।

(२) यो विनियमावली अन्तर्गत रही बैंकले दिग्दर्शन तथा कार्यविधिहरु बनाउन सक्ने छ र समितिबाट स्वीकृत भए पछि लागु हुने छ ।

१४. **नोक्सानी तथा हिनामिना रकम असुल गर्ने:** (१) कुनै कर्मचारीले जानाजानी लापरवाही गरी ऐन वा आदेशको पालना नगरी बैंकलाई हानी नोक्सानी गरे, गराएकोमा त्यस्तो हानी नोक्सानी भएको रकम त्यस्ता कर्मचारीको तलब वा बैंकमा जम्मा रहेको अरु रकमबाट कट्टा गरी असुल गरिनेछ । त्यसरी कट्टा गर्दा असुल हुन नसकेको रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ । तर त्यसरी रकम असुल उपर गर्दा संचयकोषमा जम्मा रहेको रकमबाट कट्टा गरिने छैन ।

(२) बैंकका कुनै कर्मचारीले बैंकको नगद मौज्दात तथा ऋण असुली रकम मस्यौट वा हिनामिना गरे गराएकोमा विभागीय सजायका अतिरिक्त त्यस्तो हिनामिना रकममा हिनामिना गरेको मितिदेखि असुल उपर हुँदाका मितिसम्म वार्षिक २५ प्रतिशत थप हर्जाना सहितको रकम त्यस्ता कर्मचारीले बैंकबाट पाउने संचयकोष बाहेक जुनसुकै रकमबाट पनि कट्टा गरी असुल उपर गरिने छ । त्यसरी कट्टा गर्दा असुल उपर हुन नसकेको रकम जति प्रचलित कानून बमोजिम भराई लिईनेछ ।

[२२२](३) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका कुनै कर्मचारीले आफ्नो संचयकोष रकम नै सापटी लिई वा संचित रहेको संचयकोष नै धितोस्वरुप राखि बैंकबाट कर्जा वा सापटी लिएको रहेछ भने सो अवस्थामा निजको संचित संचयकोष रकमबाट बैंकको लेना बाँकी रकम वा सापटी असूल उपर गरी लिन सकिनेछ ।

---

220 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

221 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

222 कृषि विकास बैंक लि. कर्मचारी सेवा (सत्रौ संशोधन)विनियमावली, २०७५ बाट थप ।

१५. **रकम कट्टा गरी लिन सकिने**: कुनै पनि कारणबाट यस बैंकको सेवाबाट अलग भएका कर्मचारीसंग बैंकले असूल उपर गरी लिनुपर्ने कुनै पनि रकम बैंकले उक्त कर्मचारीलाई दिनु पर्ने कुनै पनि रकमबाट कट्टा गरी लिन सक्नेछ । तर त्यसरी रकम असुल उपर गर्दा संचयकोषमा जम्मा रहेको रकमबाट कट्टा गरिने छैन ।

१६ **कर्मचारीले पेश गर्नु पर्ने विवरण:** बैंकको सेवामा नियुक्ति भएका कर्मचारीले बैंकले तोकेको व्यक्तिगत विवरण भरी सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ र सम्बन्धित कार्यालयले सो विवरण अभिलेखका लागि बैंकको जनशक्ति व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । यस्तो विवरण गोप्य राख्नु पर्नेछ ।

१७. **सेवा परिवर्तन:** [२२३](१) प्राविधिक पदबाट प्रशासनिक पदमा सेवा परिवर्तन गर्न बहाल रहेको पदमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरिसकेको र सेवा परिवर्तन हुने पदको न्यूनतम शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ ।

[२२४] (२) उप-विनियम (१) बमोजिम सेवा परिवर्तनको लागि पदपूर्ति समितिले पद संख्या किटान गरी समितिले तोकेको कार्यविधि अनुसार सेवा परिवर्तन गर्ने छ ।

१८. **कर्मचारीको सबै समय बैंकको अधिनमा हुने**: यस विनियमावलीमा अन्यथा लेखिएको बाहेक कर्मचारीको सबै समय बैंकको अधिनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई बैंकको काममा लगाउन सकिनेछ । [२२५]तर कार्यालय समयका अतिरिक्त काममा लगांउदा अतिरिक्त समयमा काम लगाए वापत समितिले तोके वमोजिम भत्ता दिईने छ ।

१९. **कार्यालय खुल्ला रहने समय**: बैंकले तोकेको सार्वजनिक विदाका दिनहरु तथा विदा दिने भनि नेपाल सरकारले निर्णय गरेकोमा सोही बमोजिम विदा हुने र सो बाहेक बैंकको कार्यालय खुल्ला रहने समय समितिले तोके बमोजिम हुनेछ ।

२०. **अंग भंग वा चोटपटक लागे वापत पाउने विशेष सुविधा:** कुनै कर्मचारी कार्यालयमा कार्यरत रहंदा वा कार्यालयको कुनै काममा खटाइएको अवस्थामा कुनै चोटपटक लागि वा भवितव्य भई सेवाबाट अवकाश लिनुपर्ने नभएतापनि सो चोटपटकको कारणबाट अंग भंग भै निजको क्षमता बृद्धिमा बाधा पर्ने कुरा बैंकले नेपाल सरकारका अस्पताल वा नेपाल सरकारवाट स्वीकृति प्राप्त नसिङ्ग होमको मेडिकल वोर्डको[२२६]सिफारिश भै आएमा त्यस्तो कर्मचारीलाई लागेको चोटपटकको अवस्था हेरी निजले खाईपाई आएको बढीमा ६ महीनाको तलब बराबरको रकम आर्थिक सहायता दिनसकिनेछ ।

२१. **दुर्गममा कार्यरत रहंदा पाउने उपचार सुविधा:** यातायातको साधनविहीन दुर्गम जिल्लामा कार्यरत कर्मचारीलाई लागेको रोग स्थानिय अस्पताल वा स्वास्थ्य केन्द्रबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा कार्यकारी प्रमुख[२२७]को स्वीकृति लिई त्यस्तो कर्मचारीको

---

223 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

224 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

225 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

226 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

227 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

उपचारका लागि त्यस ठाउंबाट सबैभन्दा नजिकको नेपालराज्य[228]भित्रको अरु कुनै सुविधायुक्त स्वास्थ्य संस्थामा छिटो साधनद्वारा लैजांदा र त्यहाँबाट फर्काउंदा लाग्ने खर्च बैंकले व्यहोर्ने छ ।

२२. कर्मचारीको सेवा शर्तको सुरक्षा : कर्मचारीले पाइरहेको तलव भत्ता लगायतका सुविधा कटौती गरिने छैन ।

[229]२२क. अतिरिक्त समूह सम्वन्धि व्यवस्था : बैंकवाट १ वर्षभन्दा वढी अवधिका लागि तालिम, अध्ययन, अध्ययन काज, काज वा विदामा जाने कर्मचारीहरुलाई बैंकको अतिरिक्त समुहमा राख्न सकिनेछ ।

२३. खारेजी र बचाउः (१) कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली, २०२४ खारेज गरिएकोछ ।

(२) उप-बिनियम (१) बमोजिम खारेज गरिएको नियमावली बमोजिम भए गरेको काम कारबाही यसै बिनियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) यो बिनियमावली लागु हुनु भन्दा अगावै प्रक्रिया शुरु भएको बढुवाको हकमा साबिक नियमावलीमा तोकिएको पदोन्नतिका लागि आन्तरिक मूल्यांकनका आधारहरु अनुसार नै बढुवा हुनेछ ।

[230](४) कृषि विकास बैंक लि. कर्मचारी सेवा (आठौ संशोधन) विनियमावली, २०६६ प्रारम्भ हुनु अघिका वर्षमा मूल्याङ्कन बढुवाका लागि परीच्छेद २ को साविक विनियम १७, १८ र २० मा भएको व्यवस्था अनुसार कुनै कर्मचारीले कार्यसम्पादन, जेष्ठता र भौगोलिक क्षेत्र वापत प्राप्त गरेको अंकलाई आठौं संशोधन अनुसार भएको संशोधित अंकसंग अनुपात मिलाइने छ । यसरी अनुपात मिलाउदा प्रत्येक वर्षको अनुपातिक अंकभारलाई मूल्याङ्कन हुने वर्षहरुको औषत हिसाब निकाली अंकभारको गणना गरिने छ ।

---

228 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

229 कृषि विकास बैंक लि. कर्मचारी सेवा (चौथो संशोधन)विनियमावली, २०६६ बाट संशोधन ।

230 आठौं संशोधन(नेपाल राष्ट्र बैंकको बै.वि.नि.वि./वि.आर. ३/कृषि/१०/०६६/६७ को मिति २०६६/११/१७ को पत्रानुसार लागु हुने मिति २०६६/११/१७ बाट स्विकृत)बाट ।